शोधनिर्देशक
उपप्रा. गोविन्दप्रसाद शर्मा

# योगेश्वर कार्कीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र

सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको

स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको

प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र

शोधार्थी

**पूर्णबहादुर सुनार**

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ

२०६५

**त्रिभुवन विश्वविद्यालय**
नेपाली केन्द्रीय विभाग
**कीर्तिपुर**

**मितिः** २०६५/०३

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र श्री पूर्णबहादुर सुनार स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **योगेश्वर कार्कीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

### शोधपत्र मूल्याङ्कन–समिति

| क्र.सं. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | **प्रा. राजेन्द्र सुवेदी** (विभागीय प्रमुख) | ............................ |
| २. | **उपप्रा. गोविन्दप्रसाद शर्मा** (शोधनिर्देशक) | ........................... |
| ३. | (बाह्य परीक्षक) | ............................ |

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी श्री पूर्णबहादुर सुनारले **योगेश्वर कार्कीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा परिश्रमपूर्वक तयार गर्नुभएको हो । म उहाँको यस शोधकार्यसँग सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०६५/ ०३/०५

...........................

**गोविन्दप्रसाद शर्मा**

**उपप्राध्यापक**

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर काठमाडौं

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले श्रद्धेय गुरु श्री गोविन्दप्रसाद शर्मा (सुकुम शर्मा) ज्यूको निर्देशनमा तयार पारेको हुँ । मान्छे आफ्नो जीवनमा जतिसुकै सफल रहे पनि मृत व्यक्तिका बारेमा शोधकार्य गरी उसको जीवनीका यथार्थ तथ्यहरू प्रकाशमा ल्याउन अत्यन्तै कठिन कार्य हो । शोधपत्र तयार पार्ने सन्दर्भमा आइपरेका विभिन्न समस्याहरूसँग जुझ्ने प्रेरणा दिँदै सही मार्गप्रदर्शनमा अघि बढ्न प्रेरित गर्दै तथा आफ्ना कतिपय व्यावहारिक कार्यहरूलाई पन्छाएर कुशल र समुचित दिग्दर्शन दिनुहुने गुरुज्यूप्रति सर्बप्रथम म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधप्रस्ताव स्वीकार गरी शोधलेखनका लागि स्वीकृति प्रदान गर्नुहुने विभागीय प्रमुख लगायत शोधपत्र लेखन क्रममा आवश्यक सल्लाह दिई यस कार्यप्रति प्रेरित गराउनु हुने स्मरणीय गुरुहरू मधुसूदन गिरी, केशव सुवेदी र रामहरि पौडेलप्रति पनि म हार्दिक कृतज्ञता निवेदन गर्न चाहन्छु ।

यस शोधपत्रको तयारीका क्रममा विविध जानकारी दिनुहुने शोधनायककी धर्मपत्नी प्रभा, जेठा छोरा राजेश्वर र कार्की परिवारप्रति पनि म आभारी छु । प्रस्तुत शोधपत्र लेखनका क्रममा आशीर्वाद प्रदानगरी हौसला बढाई मलाई उच्च शिक्षा अध्ययनमा प्रेरित र सहयोग गर्ने मेरा घरपरिवार यस क्रममा आर्थिक सहयोग तथा अभिभावकको भूमिका निर्वाह गर्ने दाजु दीपबहादुर सुनारप्रति म ऋणी छु । यसैगरी शोधकार्यका लागि सामग्रीहरू उपलब्ध गराउने त्रि.वि. केन्द्रीय पुस्तकालयका कर्मचारीहरू र शोधपत्र लेखनमा सहयोग गर्ने साथीको गुणलाई म बिर्सन सक्तिन । प्रस्तुत शोधपत्र यथासम्भव शुद्धताका साथ टङ्कनगरी सहयोग प्रदान गर्नुहुने नेचर कम्प्यूटर सेन्टरका सञ्चालकद्वय श्री रमेश के.सी. र नैना के.सी.प्रति अत्यन्त आभारी छु ।

अन्त्यमा म यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, कीर्तिपुर समक्ष प्रस्तुत गर्दछु ।

पूर्णबहादुर सुनार
शैक्षिक सत्र २०६०/६२
रोल नं. ३

# विषयसूची

पृष्ठ


शोधनिर्देशकको मन्तव्य

शोधपत्र मूल्याङ्कन समितिको स्वीकृतिपत्र

कृतज्ञता ज्ञापन

सङ्क्षेपीकरण सङ्केत

**परिच्छेद - एक**

**शोधपत्रको परिचय** १-९

१.१ शोधपत्रको शीर्षक १

१.२ शोधपत्रको प्रयोजन १

१.३ विषयपरिचय १

१.४ शोधसमस्या २

१.५ शोधकार्यका उद्देश्यहरू ३

१.६ पूर्वकार्यको समीक्षा ३

१.७ शोधकार्यको औचित्य ८

१.८ शोधकार्यको सीमाङ्कन ८

१.९ शोधविधि ९

१.१० शोधपत्रको रूपरेखा ९

**परिच्छेद- दुई**

**योगेश्वर कार्कीको जीवनी** १०-२०

२.१ जन्म र जन्मस्थान १०

२.२ पारिवारिक पृष्ठभूमि १०

२.३ बाल्यकाल ११

२.४ शिक्षादीक्षा १२

२.५ विवाह र सन्तान १३
२.५.१ विवाह १३
२.५.२ सन्तान १३
२.५.३ दाम्पत्य जीवन १४
२.६ आर्थिक अवस्था १४
२.७ रुचि र स्वभाव १५
२.८ कार्य क्षेत्र १६
२.९ भ्रमण, सम्मान तथा पुरस्कार १७
२.१० साहित्यिक प्रेरणा र प्रभाव १७
२.११ साहित्यिक लेखन र कृतिहरू १८
२.१२ देहावसान २०

**परिच्छेद -तीन**

**योगेश्वर कार्कीको व्यक्तित्व २१-३३**
३.१ पृष्ठभूमि २१
३.२ बाह्य व्यक्तित्व २२
३.३ आन्तरिक व्यक्तित्व २३
३.३.१ गीतकार व्यक्तित्व २४
३.३.२ संस्मरणकार व्यक्तित्व २५
३.३.३ कवि व्यक्तित्व २६
३.३.४ नाटककार व्यक्तित्व २७
३.३.५ अनुसन्धानमूलक व्यक्तित्व २८
३.३.६ सङ्गीतकार व्यक्तित्व २८
३.३.७ भजनकार व्यक्तित्व २९
३.४ सामाजिक व्यक्तित्व २९
३.४.१ शिक्षक व्यक्तित्व ३०

३.४.२ राजनैतिक व्यक्तित्व ३०

३.४.३ समाजसेवी व्यक्तित्व ३१

३.४.४ धार्मिक व्यक्तित्व ३२

३.४.५ संस्थापक व्यक्तित्व ३२

३.५ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनबीच अन्तःसम्बन्ध ३३

**परिच्छेद-चार**

**योगेश्वर कार्कीको कृतित्वको अध्ययन ३५-८१**

४.१ योगेश्वर कार्कीको साहित्यिक यात्रा ३५

४.१.१ प्रथम चरण (२०११-२०२६) ३५

४.१.२ द्वितीय चरण (२०२७-२०६१) ३६

४.२ 'राष्ट्रिय सङ्गीत सुधा' गीतसङ्ग्रहको अध्ययन ३७

४.२.१ शीर्षक ४३

४.२.२ संरचना ४४

४.२.३ विषयवस्तु ४४

४.२.४ भावविधान ४५

४.२.५ लयविधान ४६

४.२.६ बिम्ब र प्रतिक ४८

४.२.७ भाषाशैली ५०

४.३ 'संयुक्त रस पात्र' कवितासङ्ग्रहको अध्ययन ५१

४.३.१ शीर्षक ६६

४.३.२ संरचना ६६

४.३.३ विषयवस्तु ६७

४.३.४ भावविधान ६९

४.३.५ लयविधान ७०

४.३.६ बिम्ब र प्रतिकविधान ७१

४.३.७ भाषाशैली ७२
४.४ 'मेरो जापान भ्रमण' को कृतिगत परिचय ७४
४.५ 'विविध रस' क्यासेट एल्बममा गीतहरूको अध्ययन ७५
४.६ योगेश्वर कार्कीका फुटकर लेखहरूको सामान्य अध्ययन ७९

**परिच्छेद-पाँच**

**उपसंहार** **८२-८५**
**सन्दर्भसामग्रीसूची** **८६-८७**
**परिशिष्ट**

# सङ्क्षेपीकरण सङ्केत सूची

| | |
|---|---|
| उपप्रा. - | उपप्राध्यापक |
| क्र.सं. - | क्रम सङ्ख्या |
| गा.वि.स. - | गाउँ विकास समिति |
| चौ.सं. - | चौथो संस्करण |
| छै.सं. - | छैटौं संस्करण |
| तृ.सं.- | तृतीय संस्करण |
| ते.सं. - | तेस्रो संस्करण |
| द.सं. - | दसौं संस्करण |
| ने.रा.प्र.प्र. - | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| वि.सं. - | विक्रम संवत् |
| सं. - | सम्पादक/सम्पादन |
| मसाप - | मध्यपश्चिमाञ्चल साहित्य परिषद् |
| मा.वि. - | माध्यमिक विद्यालय |
| यू.पी. - | उत्तर प्रदेश |
| पृ.- | पृष्ठ |
| ... | निरन्तरता |
| ‘ ’ | शीर्षक बोधक |

# परिच्छेद–एक

# शोधपरिचय

## १.१ शोधपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'योगेश्वर कार्कीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली विभागअन्तर्गत स्नातकोत्तर तहको आंशिक परिपूर्तिका लागि दसौं पत्रको प्रयोजनार्थ तयार प

## १.३ विषयपरिचय

जाजरकोटका सुपरिचित समाजसेवी एवम् साहित्यकार योगेश्वर कार्कीको जन्म १९९० सालको वैशाख महिनामा भेरी अञ्चलको खलङ्गा-३, जाजरकोटमा पिता कलेन्द्रबहादुर कार्की तथा माता त्रिपुराकुमारी देवी कार्कीका दोस्रो सन्तानका रूपमा भएको हो । औपचारिक शिक्षा यू.पी. बोर्ड (भारत) बाट दस कक्षासम्म अध्ययन गरेका कार्कीको साहित्यिक व्यक्तित्व बहुआयामिक देखिन्छ । उनी मूलतः साहित्यिक व्यक्तित्व हुन् । वि.सं. २०११ देखि साहित्यका क्षेत्रमा अनौपचारिक रूपमा तथा वि.सं.२०२६ देखि औपचारिक रूपमा प्रवेश गरी मृत्युपर्यन्त सक्रिय रहँदै आएका कार्कीका गीत, कविता, यात्रासंस्मरण, नाटक तथा निबन्ध आदि विभिन्न पत्रिकाहरूमा प्रकाशित भएका देखिन्छन् । गीति सङ्गालोका रूपमा 'राष्ट्रिय सङ्गीत सुधा' (२०२६) प्रकाशित छ । यस्तै 'मेरो जापान भ्रमण' (२०५७) यात्रासंस्मरण मध्यपश्चिमाञ्चल साहित्य परिषद्बाट प्रकाशित भएको छ । यसैगरी 'संयुक्त रस पात्र' (२०५९) कवितासङ्ग्रह र 'विविध रस' (२०५९) गीति क्यासेट एल्वम सार्वजनिक भइसकेका छन् । भाषा, शिक्षा, इतिहास जस्ता साहित्येतर क्षेत्रमा पनि उनको कलम चलेको पाइन्छ । उनका

तीन वटा पुस्तकाकार रचना, एउटा 'विविध रस' गीति क्यासेट एल्बम र प्रकाशोन्मुख कृतिहरूको सूची यसप्रकार छ :

१.'राष्ट्रिय सङ्गीत सुधा' (गीतसङ्ग्रह) वि.सं. २०२६ प्रकाशित

२.'मेरो जापान भ्रमण' (यात्रासंस्मरण) वि.सं. २०५७ प्रकाशित

३.'संयुक्त रस पात्र' (कवितासङ्ग्रह) वि.सं. २०५९ प्रकाशित

**प्रकाशोन्मुख कृतिहरू:**

- 'जाजरकोट जिल्लाको शिक्षा विकासको इतिहास'
- 'उक्त जिल्लाकै इतिहास सम्बन्धी रूपरेखा'
- 'जीवनका घटनाक्रम' (आत्मवृत्तान्त)

यीबाहेक उनका विभिन्न पत्रपत्रिकामा एक दर्जनजति लेखरचना प्रकाशित भएका छन् । यसरी नेपाली भाषा साहित्यको विकासमा उल्लेखनीय योगदान पुऱ्याएका साहित्यकार कार्कीको जीवनी, व्यक्तित्व र कृतित्वका विविध पक्षमा खोजअध्ययननै यस शोधपत्रको विषय बनाइएको छ ।

## १.४ शोधसमस्या

विशेषतः नेपाली साहित्यका कविता र निबन्ध विधामा सक्रिय रहेका योगेश्वर कार्की एक साधनाशील व्यक्तित्व हुन् । लगनशील साहित्यसेवी योगेश्वर कार्कीको नेपाली साहित्यमा आजसम्म पनि जीवनी, व्यक्तित्व र कृतित्वको समग्र पक्षलाई प्रकाश पार्ने कुनै प्रयास भएको पाइँदैन । तसर्थ योगेश्वर कार्कीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु यस शोधपत्रको मूल समस्या हो । यसका साथै प्रस्तुत शोधपत्र निम्नलिखित समस्या समाधानतर्फ अग्रसर रहेको छ :

क) योगेश्वर कार्कीको जीवनी र व्यक्तित्व केकस्तो छ ?

ख) उनले साहित्यका कुनकुन विधामा कलम चलाएका छन् ?

ग) उनको साहित्य लेखनमा केकस्ता प्रवृत्तिहरू रहेका छन् ?

घ) उनको नेपाली साहित्यमा केकस्तो योगदान छ ?

## १.५ शोधकार्यका उद्देश्यहरू

प्रस्तुत शोधकार्य समस्याकथनमा उठेका समस्याहरूको समाधानार्थ कार्कीको जीवनी, व्यक्तित्व र कृतित्वका ठोस, विस्तृत एवम् व्यवस्थित रूपमा अध्ययन गर्नका लागि निम्नअनुसारका उद्देश्यहरूमा केन्द्रित रहेको छ :

क) योगेश्वर कार्कीको जीवनी र व्यक्तित्वको निरूपण गर्नु ।

ख) उनले कलम चलाएका साहित्यका विविध विधाको योगदान हेर्नु ।

ग) उनका साहित्यिक प्रवृत्ति औंल्याउनु ।

घ) नेपाली साहित्य र समाजलाई दिएको योगदानको मूल्याङ्कन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यमा योगदान दिने समकालीन प्रतिभाहरूको अध्ययन अनुसन्धान गर्ने परम्परा अपेक्षित रूपमा कम रहेकाले नै कतिपय प्रतिभाहरू ओझेलमा परेका छन् । यस्ता प्रतिभाहरूका बारेमा प्रकाश पार्नु निश्चित नै महत्त्वपूर्ण कार्य हो । पाँच दशक लामो साहित्यिक यात्रा पार गरेका नेपाली साहित्यमा सुपरिचित योगेश्वर कार्कीको जीवनी, व्यक्तित्व र कृतित्वबारेमा हालसम्म कुनै अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने ठोस कार्य भएको छैन । उनका बारेमा हालसम्म गरिएका टिप्पणी, चर्चापरिचर्चाहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

क) 'राष्ट्रिय सङ्गीत सुधा' गीतसङ्ग्रह (२०२६) को मन्तव्यमा कवि कार्कीका बारेमा भेरी अञ्चलाधीश नेपालगन्जका सत्यनारायण झाको शुभकामनामा प्रस्तुत विचारका अनुसार राष्ट्रियता एवम् पञ्चायती भावना भएका यी गीत

रचनाहरू सरल, बोधगम्य एवम् जनसाधारणमा चेतना जगाउने खालका छन् भन्ने टिप्पणीले उनको गीति कवित्वतर्फ सङ्केत गरिएको छ ।[१]

ख) यसैमा जिल्ला पञ्चायत बाँकेका सभापति मूलचन्द्र “आजाद” भन्छन्- “कार्कीका गीतहरूमा मीठा गाउँ घरका स्वस्थ भावनाहरू ओतप्रोत भएको मलाई लाग्यो” भन्दै मन्तव्यकै क्रममा ग्रामीण सौन्दर्य तथा प्राकृतिक मोहकताको चित्रण पाइन्छ र आञ्चलिकताको कारणले पनि पुस्तिका बढी प्रभावकारी हुन सक्ने भनिएको छ ।[२]

ग) योगी नरहरिनाथले पनि सम्मतिकै क्रममा नेपाल संस्कृत विश्वविद्यालय राप्ती अञ्चल दाङको तर्फबाट व्यक्त छन्दगत पुष्पाञ्जली :

*“यो योगेश्वरको सुरम्य रचना पञ्चायती भावना*
*गाउँ फर्क भनेर राष्ट्रभरिका फर्काउने पाउमा*
*गाई गाइ सुनाइ सर्व जनमा जाग्नु सबैले पऱ्यो*
*हाम्रो मौलिकता विशाल महिमा खोजौं कता त्यो सर्यो ।*[३]

घ) यसैगरी जनता महाविद्यालय बिजौरी दाङका प्रधानाचार्य आचार्य पूर्णचन्द्र ढुङ्गेलले आफ्नो भनाइ यसरी राखेका छन्- “यस प्रकारका सामयिक रचनाहरूले राष्ट्रको उत्थानमा अवश्य योगदान दिनेछन् भन्ने मेरो दृढ विश्वास छ” भनी कार्कीलाई नेपाली गीति साहित्यको फाँटमा अर्पन गरेको गीतसङ्ग्रहले गीति साहित्यलाई समृद्ध हुन सहयोग पुऱ्याएको छ भनेका छन् ।[४]

---

[१] योगेश्वर कार्की, *राष्ट्रिय सङ्गीत सुधा,* (नेपालगन्जः स्वयम् लेखक, २०२६), सत्यनारायण झाको शुभकामना मन्तव्य, कभर पृष्ठ ।

[२] ऐजन, मूलचन्द्र ‘आजाद’ को शुभकामना, कभर पृ. ।

[३] ऐजन, योगी नरहरिनाथको, “सम्मति”, कभर पृ. ।

[४] ऐजन, पूर्णचन्द्र ढुङ्गेलको, “सम्मति”, कभर पृ. ।

ङ) 'मध्यपश्चिमका कविता' (२०५३)मा मधुसूदन गिरीले "भेरीका कविताः पृष्ठभूमि र परम्परा" शीर्षकमा भेरीको ऐतिहासिक, भाषिक, शैक्षिक, लोक-साहित्यिक पृष्ठभूमिमा प्रतिभाको नामिक सर्वेक्षणमा यस जिल्लाको साहित्यिक गतिविधिको सुरुवात 'राष्ट्रिय सङ्गीत सुधा' गीतसङ्ग्रह प्रकाशित गर्ने कवि कार्की उल्लेख भएकोले ऐतिहासिक सामग्रीको सङ्ग्राहकका रूपमा चिनाएका छन् ।[५]

च) मधुसूदन गिरीले 'मेरो जापान भ्रमण' (२०५७) पुस्तकको प्रकाशकीयमा भेरी अञ्चलका जाजरकोट निवासी साहित्य र इतिहास विषयका अध्येता तथा लेखकका- अनुभव र अनुभूतिहरू छन्, प्रस्तुतिको आआफ्नै शैली र सीप छ । यसै शृङ्खलामा थपिन आएको एउटा नयाँ नाम हो- योगेश्वर कार्की भनेर विषयको विविधताका साथै वृतान्तको सजीव वर्णनकर्ताका रूपमा चिनाएका छन् ।[६]

छ) यसैमा मदनमणि दीक्षितले 'निकै राम्रो उपलब्धि' शीर्षकको भूमिकामा योगेश्वर कार्कीको सम्भवतः दोस्रो प्रयास र उपलब्धि हो । उनले झन्डै तीस वर्षपछि फेरि यति राम्रोसित अगाडि बढाएको लेखनीय जीवनका मूल प्रवृत्ति, अवलोकन र निष्कर्षहरू कार्कीमा परेको पर्यावलोकनको सूक्ष्म शक्ति तथा भावनाहरूप्रति संवेदनशीलता र ग्रहणशीलता नै रहेको देखा पर्दछ भनेर कार्कीलाई नियात्राकारिताको सम्भावनाका शिखरहरूतिर डोऱ्याएको कुरा उल्लेख गरेका छन् ।[७]

ज) "'मेरो जापान भ्रमण' भित्रको भ्रमणमा समाजसेवी श्री योगेश्वर कार्कीसँग गाँसिएका कुरा" शीर्षकको लेखमा डा. बद्री पोखेलको धारणामा २०२६ सालमा 'राष्ट्रिय सङ्गीत सुधा' नामक गीतसङ्ग्रहको पुस्तक नै पुस्तकाकारको पहिलो रचना भए पनि 'गोरखापत्र', 'झङ्कार', 'परिक्रमा',

---

[५] मधुसूदन गिरी, "भेरीका कविताः पृष्ठभूमि र परम्परा", *मध्यपश्चिमाञ्चलका कविता,* (काठमाडौं : मध्यपश्चिमाञ्चल साहित्य परिषद्, २०५३), पृ. ५१ ।

[६] ऐजन, "प्रकाशकीय", *मेरो जापान भ्रमण,* (यात्रासंस्मरण), (काठमाडौंः मसाप, २०५७), कभर पृ. ।

[७] मदनमणि दीक्षित, "निकै राम्रो उपलब्धि", ऐजन ।

'जयन्ती' आदि दैनिक, साप्ताहिक मासिक विभिन्न पत्रपत्रिकामा प्रशस्त फुटकर लेखरचनाहरू प्रकाशित गर्दै आएका साऱ्है भद्र एवम् सहयोगी मिजासका योगेश्वर कार्कीको पुस्तक 'मेरो जापान भ्रमण' उनको सामाजिक जीवन दर्शनकै एउटा अङ्गको रूपमा अगाडि आएको छ भनेर कार्कीको जीवनी र व्यक्तित्वलाई चिनाइएको छ ।[८]

झ) रत्नप्रसाद शर्मा न्यौपानेले यसैगरी आफ्नो शुभकामनामा समाजसेवी योगेश्वर कार्कीले आफ्नो जीवनमा वर्तमान तथा अतीतका विभिन्न अनुभवहरू सँगाल्दै तुलनात्मक ढङ्गले अघि बढ्ने क्रममा भावी सन्तति र पिँढीलाई ज्ञानबर्द्धक, पथप्रर्दशक, मनोरञ्जनात्मक एवम् पठनीय सामग्री तयार भएकोले उनलाई एक स्मरणीय हस्ताक्षरको रूपमा चिनाएका छन् ।[९]

ञ) तुलसी दिवसले 'संयुक्त रस पात्र' (२०५९) कवितासङ्ग्रहको भूमिकामा कवि कार्कीको सात दशक फैलिएको निजी जीवनका उकाली, ओराली र देउरालीहरू एक वा अर्को प्रकारले नेपालको विगत र वर्तमानसँग प्रत्यक्ष र अप्रत्यक्षरूपले जोडिएको देखिन्छ । उनका धेरैजसो कविताहरू सहज, सरल भएर लयात्मक र छन्दोबद्ध छन् । अतः कवि कार्की आफ्ना कविताका मूल विषय, कथ्य, संरचना, स्वरूप, शैली र उद्देश्यसँग पूर्ण सचेत देखिन्छन् भनेर कार्कीका कविताका वैशिष्ठ्यलाई उल्लेख गरेका छन् ।[१०]

ट) यसैगरी जनकविकेशरी धर्मराज थापाले सम्मतिकै क्रममा लेखक योगेश्वर कार्की-साँच्चैको कर्मयोगी, समाजसेवी, राजभक्ति, देशभक्तिले ओतप्रोत कवि, गीतकार, चिन्तनशील र मर्मज्ञको रूपमा चिनाएका छन् ।[११]

ठ) यसैमा चूडामणि बन्धुको मन्तव्यमा जाजरकोटका सुपरिचित समाजसेवी एवम् साहित्यकार योगेश्वर कार्की समयसमयमा कविता र गीत लेख्छन्

---

[८] बद्री पोखेल, "'मेरो जापान भ्रमण' भित्रको भ्रमणमा समाजसेवी योगेश्वर कार्कीसँग गाँसिएका कुरा", ऐजन ।

[९] रत्नप्रसाद शर्मा न्यौपाने, "शुभकामना", ऐजन, प्रतिनिधि सभा सांसद जाजरकोट- २ ।

[१०] तुलसी दिवस, "भूमिका", *संयुक्त रस पात्र* ,(कवितासङ्ग्रह), (जाजरकोटः योगेश्वर कार्की पुस्तकालय, २०५९), पृ. औं ।

[११] जनकविकेशरी धर्मराज थापा, "सम्मति", ऐजन, पृ. अः ।

भन्ने कुरा मलाई थाहा थियो तर मिठो स्वरमा गाउँछन् भन्ने कुरा थाहा थिएन । कार्कीका कविता र गीतहरूको श्रव्य क्यासेटको लोकार्पण हुन लागेको सुन्दा आनन्दको अनुभव गरेको छु भन्दै कवि कार्कीलाई साहित्य स्रष्टाका रूपमा परिचित मात्र नभई राम्रा गायक मानेका छन्।[१२]

ड) मधुसूदन गिरीले "'सयुक्त रस पात्र' मा साहित्यकार योगेश्वर कार्की" शीर्षकमा कवि कार्कीको प्रवृति- नेपालको वर्तमान यथार्थको चित्रण र वर्णन हो, देश, जनता र प्रजातन्त्रका नाममा देश र जनतालाई लुटेर प्रजातन्त्रलाई बदनाम बनाउने तथाकथित समाजसेवी, सत्तासीन, भ्रष्ट नेताहरूले मच्चाएको नातावाद, कृपावाद, भाइ-भतिजावाद, फरियावाद, झोले कार्यकर्तावाद र दलगत स्वार्थका घटिया परम्पराको चित्रण कविता एवम् गीतका मुख्य विषय बनेको उल्लेख गरेका छन् ।[१३]

ढ) 'भेरी अञ्चलको साहित्यिक इतिहास' (सर्वेक्षण र विश्लेषण)(२०६०)मा मधुसूदन गिरीले जाजरकोटका अन्वेषक, इतिहासकार तथा साहित्यकार कार्कीका भाषा र इतिहास सम्बन्धी लेखहरू पनि प्रकाशित भएकोले उनी यस ठाउँका एक प्रेरक व्यक्ति बनेका छन् भनेर चिनाइएको छ ।[१४]

ण) पत्रकार रुद्र खड्काले 'नेपाल' मासिक २०६० मा कार्कीलाई जाजरकोटमा साहित्यप्रति अभिरुचि देखाउने नमुना व्यक्तित्व हुन- भनेका छन् ।[१५]

यसरी विभिन्न लेखक तथा समीक्षकहरूले व्यक्त गरेका धारणाहरूबाट के कुरा स्पष्ट हुन्छ भने श्री कार्की आफ्नो छुट्टै शैली भएका मानवमनका भावनालाई साधारणीकरण गर्ने, सस्तो अनुप्रास चाहने, गीत, कवितामा नयाँ स्वर र परिधान

---

[१२] चूडामणि बन्धु, "मन्तव्य", ऐजन, पृ. ख ।

[१३] मधुसूदन गिरी, "'संयुक्त रस पात्र' मा साहित्यकार योगेश्वर कार्की" ऐजन, पृ. घ ।

[१४] ऐजन, *भेरी अञ्चलको साहित्यिक इतिहास* (सर्वेक्षण र विश्लेषण) (काठमाडौं :ने.रा.प्र.प्र.मा परियोजना अन्तर्गत तयार गरिएको शोधपत्र, २०६०), पृ. २४१ ।

[१५] रुद्र खड्का, "जाजरकोटका नमुना व्यक्तित्व", *नेपाल,* मासिक (१-१५ भदौ, २०६०), पृ. ५ ।

खोज्ने प्रखर अभिव्यक्ति भएका, कविता संरचनामा सरल, सरस, कलाकौशल भएका एक शक्तिशाली साहित्यकार हुन् ।

माथि जेजस्ता टिप्पणीहरू प्रस्तुत गरिए यी सम्पूर्ण यस शोधकार्यका लागि महत्त्वपूर्ण रहनेछन् र कार्कीको जीवनी, व्यक्तित्व र कृतित्वका विविध पक्षमा यस शोधपत्रमा अध्ययन गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

विशेषतः 'गीत', 'यात्रासंस्मरण', 'कविता', राजनीति, समाजसेवा, शिक्षक तथा विकास संस्थाहरूमा महत्त्वपूर्ण योगदान दिने कार्कीका बारेमा पूर्वअध्येताहरूले दिएका सूचना र सङ्केतहरू पर्याप्त देखिँदैनन् । त्यस्तै उनका कृतिहरूका बारेमा पनि यस भन्दा बढी अध्ययन भएको देखिँदैन । अतः यस शोधपत्रमा कार्कीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा यथा सम्भव सुव्यवस्थित रूपमा अध्ययन गरिने हुँदा तथा उनका साहित्यिक योगदानका बारेमा सम्पूर्ण अध्येताहरूलाई जानकारी हुने भएकाले प्रस्तुत शोधकार्य स्वतः औचित्यपूर्ण रहेको छ । यसका साथै कार्की र उनका कृतिका बारेमा थप अध्ययन गर्न चाहने जिज्ञासु पाठकहरू, शोधार्थीलाई मार्गनिर्देशन गर्नमा प्रस्तुत शोधकार्यबाट योगेश्वर कार्कीलाई नेपाली साहित्यमा चिनाउँदै उनको साहित्यिक योगदानको मूल्याङ्कनसमेत गरिएकाले यस शोधकार्यको औचित्यलाई प्रस्तुत अध्ययनले स्वतः स्थापित गर्नेछ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य कार्कीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा सीमित रहनेछ । यहाँ उनका जीवनका आरोहअवरोह एवम् व्यक्तित्वका विविध आयामलाई स्पष्ट पार्दै उनका कृति र फुटकर रचनाहरूको अध्ययन गरिएको छ ।

प्रस्तुत शोधकार्यमा कार्कीको जीवनी, व्यक्तित्व र कृतित्वको सर्वेक्षणात्मक अध्ययन मात्र गरिनेछ ।

## १.९ शोधविधि

### क) सामग्रीसङ्कलन विधि

प्रस्तुत शोधपत्रको तयारीका क्रममा पुस्तकालयीय अध्ययनपद्धतिलाई नै सामग्रीसङ्कलनको मूल आधार बनाइनेछ । कार्कीको जीवनी र व्यक्तित्वको पक्षको अध्ययनका सन्दर्भमा उनको पारिवारिक स्रोतबाटै धेरै भन्दा धेरै सामग्रीहरू जुटाइएको छ । अग्रजहरूद्वारा लिखित जीवनी, व्यक्तित्व र कृतित्वको सम्बन्धित शोधपत्र तथा कार्कीका पुस्तकाकार कृतिका अग्रभागमा रहेका लिखित भूमिका र मन्तव्यलाई पनि शोधकार्यमा सहायकसामग्रीका रूपमा लिइएको छ । त्यस्तै कृतित्व पक्षका लागि कार्कीका प्रकाशित पुस्तकाकार कृति र फुटकर लेख रचनाहरूको समेत अध्ययन गरिएको छ ।

### ख) अध्ययन तथा विश्लेषण विधि

प्रस्तुत शोधपत्र व्यवस्थित गर्ने सन्दर्भमा सङ्कलित सामग्रीलाई वर्णनात्मक एवम् विश्लेषणात्मक ढङ्गले प्रस्तुत गरिएको छ । यस क्रममा जीवनी र व्यक्तित्वको अध्ययनका लागि जीवनीपरक र प्रभावपरकपद्धति तथा कृतित्व पक्षको अध्ययनका लागि समीक्षात्मक तथा विश्लेषणात्मक पद्धतिको अवलम्बन र कार्कीको सिङ्गो साहित्यिक यात्रा, मोड तथा चरणगत प्रवृत्तिको भने कृतिमा व्यक्त विचार, प्रवृति र साहित्यकारको जीवनदृष्टिका आधारमा गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सन्तुलित एवम् व्यवस्थित ढङ्गले प्रस्तुत गर्ने सन्दर्भमा निम्नानुसार पाँच परिच्छेदमा विभाजन गरिएको छ :

परिच्छेद एक : शोधपत्रको परिचय

परिच्छेद दुई : योगेश्वर कार्कीको जीवनी

परिच्छेद तीन : योगेश्वर कार्कीको व्यक्तित्व

परिच्छेद चार : योगेश्वर कार्कीको कृतित्वको अध्ययन

परिच्छेद पाँच : उपसंहार

सन्दर्भसामग्रीसूची

# परिच्छेद– दुई

# योगेश्वर कार्कीको जीवनी

## २.१ जन्म र जन्मस्थान

योगेश्वर कार्कीको जन्म १९९० सालको वैशाख महिनामा नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा अवस्थित भेरी अञ्चलको जाजरकोट जिल्ला सदरमुकाम खलङ्गा गा.वि.स. वडा नं.- ३ काजीवाडा (हाल राधाकृष्ण) टोलमा एक मध्यम वर्गीय परिवारमा भएको हो ।[१६] उनका बाबुको नाम कलेन्द्रबहादुर कार्की र आमाको नाम त्रिपुराकुमारी देवी कार्की हो ।[१७] योगेश्वर कार्कीको जन्म वर्ष र गतेका सम्बन्धमा नेपाली नागरिकताको प्रमाणपत्रमा १९९३ साल भएपनि 'मेरो जापान भ्रमण' कृतिमा उल्लेख भएअनुसार उक्त साल लेखिएको हो ।[१८]

## २.२ पारिवारिक पृष्ठभूमि

योगेश्वर कार्कीले आफ्नो वंशका बारेमा सउना वंशावली भाग-१ (मुडुला कार्की वंशावली) मा 'जाजरकोट जिल्लामा मुडुल्ला कार्कीहरू' शीर्षकका लेखमा व्यक्त धारणानुसार- 'समाल वंशका सूर्यवंशी राजा जगतीसिंह कर्णाली जिल्ला सिंजा दराबाट आई जाजरकोटमा राजा भएको हुँदा मुगु जिल्लाअन्तर्गत मुडुलीकोटमा राज्य सञ्चालन गरी बसेका मुडुल्ली कोटकै मौद्गल्य गोत्रका राजा मुडुल्का कार्की पनि जगतीसिंहसँगै यहाँ आएका हुन् भन्ने उल्लेख गरेका छन् ।'[१९] यिनकै सन्तानका एक टीकाध्वज कार्कीका दुई छोराहरू जेठा कलेन्द्रबहादुर कार्की र कान्छा भद्रबहादुर कार्की थिए । कलेन्द्रबहादुर कार्की र त्रिपुराकुमारी देवी कार्कीको कोखबाट एक छोरी योगमाया पछि योगेश्वर र भाइ

---


[१६] शोधनायकको 'मेरो जापान भ्रमण' मा प्रस्तुत लिखित विवरणअनुसार ।

[१७] ऐजन ।

[१८] जिल्ला कार्यालय जाजरकोटबाट वि.सं.२०३८/१०/२५ मा प्राप्त नेपाली नागरिकताको प्रमाणपत्र अनुसार (परिशिष्ट १) ।

[१९] योगेश्वर कार्की,"जाजरकोट जिल्लामा मुडुल्ला कार्कीहरू", *सउना वंशावली,* भाग- १ (मुडुला कार्की वंशावली) (ललितपुर : श्री मुडुला कार्की कुलायन व्यवस्था समिति, २०५७), पृ., २१८-२२० ।

ध्रुव गरी तीन सन्तानको जन्म भएको थियो । योगेश्वर कार्कीको वंशवृक्ष देहाय बमोजिम प्रस्तुत गरिन्छ :




बाबु कलेन्द्रबहादुर कार्की छोराछोरीलाई पढाउनु पर्छ भन्ने कुरामा पूर्ण सचेतता थियो । उनले ब्रह्मदेव मण्डी कञ्चनपुर जिल्लाको बनजाँच अड्डामा सुवेदारको जागिर खाएका थिए ।[२०] यसरी सरकारी क्षेत्रमा जागिर खाएका एक शिक्षित पिता र शान्त प्रकृतिकी माताबाट योगेश्वर कार्कीको स्वभाव, संस्कार र आन्तरिक प्रकृतिको निर्माण भएको पाइन्छ ।

## २.३ बाल्यकाल

त्रिपुराकुमारी कार्कीको दोस्रो गर्भ र पहिलो पुत्रका रूपमा जन्मेका योगेश्वर कार्कीको बाल्यकाल सुखमय देखिन्छ । माता, पिता र दिदीको स्नेहमय परिवेशमा योगेश्वर कार्की हुर्कदै गए, बढ्दै गए । उनी घर बाहिर घुम्न र खेल्न

[२०] ऐजन, पृ. २२० ।

सक्ने अवस्था भएपछि सामान्यतया अन्य बालकहरू जस्तै बालक्रीडा गर्थे । उनले छिमेकी साथीभाइहरूसँग लुकामारी, कपर्दी, भकुन्डो, भुरुङ बनाएर खेल्ने, दौडने र पौडीमा पनि जाने गर्दथे ।[२१] यसरी उनको बालककाल शान्त ग्रामीण परिवेशमा बित्दै गयो । आमाको संरक्षण र नियन्त्रणमा हुर्कदै आएका योगेश्वर कार्की केटाकेटी अवस्थादेखि नै तीक्ष्ण बुद्धिका केही जानूँ केही सिकूँ र केही गरूँ भन्ने चञ्चले स्वभाव भएकाले पहिलो पाठशाला प्रवेशकै समयदेखि आफ्नो विलक्षण प्रतिभालाई प्रस्तुत गरेका थिए ।[२२] यसरी कार्कीको बाल्यकाल मातापिता एवम् अन्य परिवारको स्नेहमय वातावरणमा बितेको पाइन्छ ।

## २.४ शिक्षादीक्षा

योगेश्वर कार्कीको अक्षरारम्भ जन्मघरबाटै भएको थियो । उनी सानैदेखि चञ्चल, चनाखा र जिज्ञासु बालक थिए । कुनै पनि कुराको कारण र परिणाम छिट्टै पत्ता लगाउँथे । सुरुमा उनलाई वर्णमालाको ज्ञान गराई त्यसपछि अङ्कको ज्ञान गराइएको थियो । छोराछोरीलाई पढाउनुपर्छ भन्ने सचेतना भएका शिक्षित सुवेदार पिता कलेन्द्रबहादुरले भाषा पाठशाला जाजरकोट खलङ्गामै ‘योगेश्वर कार्की’ नामले भर्ना गरिदिएका थिए ।[२३] उनको औपचारिक शिक्षाको थालनी यसै समयबाट सुरु हुँदै कक्षा १० (टेस्ट पास) सम्मको शिक्षा प्राप्त गर्न सफल भए । कार्की पढाइमा भन्दा पनि स्कुलमा नाच्ने, गाउने र खेल्ने कार्यक्रममा बढी संलग्न रहे ।[२४] उनको औपचारिक अध्ययनमा आर्थिक अवस्थाले तगारो हालेपछि उनी वि.सं. २००९ देखि २०१७ सम्म सोही जाजरकोट खलङ्गामा मिडिल स्कुलका शिक्षक रु. ५० तलबमा मासिक सेवा गरे । केही समयपछि जाजरकोट जिल्लाकै लँहा ४, खालचौरमा मासिक रु. १०० तलब पाउने भएकोले स्वइच्छाले छोडी भानु माध्यमिक विद्यालयमा शिक्षक हुन पुगे । नौ वर्षसम्म त्यसै स्कुलमा

---

[२१] श्रीमती प्रभा कार्कीसँग शोधार्थीले मिति २०६४ वैशाख २४ गते मनोहरा आवासक्षेत्र पेप्सीकोला काठमाडौंस्थित उहाँको निवासमा सोधपुछबाट प्राप्त जानकारी ।

[२२] ऐजन ।

[२३] ऐजन ।

[२४] ऐजन ।

सेवा गर्दा लँहा, खगेनकोट, रग्दा आसपासमा चन्दा सङ्कलन गरी सो स्कुलमा ठूलो योगदान दिए । सोही ठाउँमा स्कुल, छात्रावास र स्वास्थ्य चौकी निर्माण गर्न कार्कीले आफ्नो जमिन उपलब्ध गराएका छन् ।[२५]

वि.सं २००९ देखि शैक्षिक, राजनीतिक, सामाजिक, धार्मिक, विभिन्न सङ्घसंस्थासँग सम्बन्धित हुँदै साहित्य सेवामा सक्रिय रहन थाले ।[२६]

## २.५ विवाह र सन्तान

### २.५.१ विवाह

योगेश्वर कार्कीको विवाह २४ वर्षको उमेरमा २०१४ साल वैशाखमा दाङ जिल्ला बिजौरी निवासी डम्बरबहादुर खत्री (रेग्मी) की जेठी पत्नीबाट जन्मेकी जेठी छोरी प्रभा खत्रीसँग भएको थियो । वर र वधु दुवैको स्वइच्छाबाट नै यिनको प्रेमविवाह सम्पन्न भएको हो । जात, भात र गोत्र मिल्दो तथा हिन्दू परम्परानुसार उनको विवाह सम्पन्न भएको थियो ।[२७]

### २.५.२ सन्तान

योगेश्वर कार्की र प्रभा कार्कीका कोखबाट क्रमश राजेश्वर कार्की जेठा, परमेश्वर कार्की माइला र ज्ञानेश्वर कार्की कान्छा गरी तीन छोराहरू मात्र जन्मिएका छन् ।

जेठा छोरा राजेश्वरले स्नातकसम्मको अध्ययन गरी पुतली सडक काठमाडौँमा ‘माउन्ट डिजिट टेक्नोलोजी’ को कम्प्युटर सफ्टवयर सम्बन्धी व्यापार व्यवसायमा  संलग्न रहेका छन् । यिनको विवाह दाङ निवासी आशा

[२५] राजेश्वर कार्कीबाट प्राप्त जानकारी ।

[२६] ऐजन ।

[२७] प्रभा कार्कीबाट प्राप्त जानकारी ।

कार्कीसँग भएको थियो । राजेश्वर र आशाको कोखबाट दुई छोरी आकाङ्क्षा र आकृतिको जन्म भएको छ ।[२८]

माइला छोरा परमेश्वर कार्कीले हिरोसिमा जिल्लाको तोयोसाका निवासी युमिको सिगेनोबुसँग विवाह गरी सपरिवार हिरोसिमा नगरको मिनामीसेन्दा निसी माचीमा बसेका छन् । उनका आकार छोरा र माया छोरीको जन्म भएको छ ।[२९]

कान्छा छोरा ज्ञानेश्वर कार्कीको विवाह मोनालिसा कार्कीसँग भएको हो । ज्ञानेश्वर र मोनालिसा कार्कीको कोखबाट १ छोरी हिमाली कार्कीको जन्म भएको हो । उनी हाल ललितपुर जिल्ला जावलाखेलमा 'ब्राइट माइन्ड सिनर्जी (बी.एम.सी) कम्प्युटर सफ्टवयर चलाएर बसेका छन् ।[३०]

### २.५.३ दाम्पत्य जीवन

योगेश्वर र प्रभाको दाम्पत्य जीवन अत्यन्त सुखमय रूपमा बितेको पाइन्छ । दुई जीउ एक आत्माका रूपमा रहेका उनीहरू सरसल्लाहले हरेक काम गर्थे । एकअर्कामा प्रेम र सद्भाव साथै दुःखलाई सुखमा बदल्न सक्ने क्षमता र समझदारी दुवैमा निहित गुण पाइन्छ ।[३१]

## २.६ आर्थिक अवस्था

योगेश्वर कार्की एक मध्यमवर्गीय परिवारका सन्तान भएकाले अभाव र कठिनाइको सामना गर्नु परेन । जाजरकोट खलङ्गामा 'मिडिल स्कुल' को शिक्षक पछि सोही जिल्लाको लँहा ४, खालचौरमा नौ वर्षसम्म अध्यापन कार्य गर्नु, जस्ता पक्षहरूले कार्कीको जीवनयापनमा सहयोग पुऱ्याएका थिए ।[३२]

---

[२८] पूर्ववत् ।

[२९] परमेश्वरसँग शोधार्थीले मिति २०६५ वैशाख ९ गते ललितपुर जिल्ला एकान्तकुनास्थित 'ब्राइट माइन्ड सिनर्जी' अफिसमा प्रत्यक्ष सोधपुछबाट प्राप्त जानकारी ।

[३०] ज्ञानेश्वरबाट प्राप्त जानकारी ।

[३१] प्रभा कार्कीबाट प्राप्त जानकारी ।

[३२] ऐजन ।

हाल योगेश्वर कार्कीको ३० रोपनी जमिन लँहा- ४, खालचौरमा छ र ३ रोपनी जग्गामा बनेका ३ घर जाजरकोटमै भाडामा छन् ।[३३] यसबाहेक काठमाडौँ नगर महानगरपालिका वडा नं. १० शङ्खमूल नयाँ वानेश्वरमा साढे चार रोपनी जग्गामा साढे दुई तले पक्की घर र मनोहरा आवास क्षेत्र पेप्सी कोला काठमाडौंमा ४ आना जग्गामा साढे दुई तले पक्की घरमा प्रभा कार्की रहेको देखिन्छ । ललितपुर जिल्ला- ठैव गा.वि.स.मा १ रोपनी २ आना जग्गामा दुई तले पक्की घरसहित एउटा गार्ड हाउस पनि रहेका छन् ।[३४]

यसरी कार्कीले आफ्नै खर्चमा "योगेश्वर कार्की पुस्तकालय" खलङ्गा ३ जाजरकोटमा स्थापना गरेर सञ्चालन पनि गराएको पाइन्छ । कार्कीको पैतृक सम्पत्ति र घरजग्गा जाजरकोटमा अद्यपि छदैछ । व्यापारी सोचाइ नराख्ने योगेश्वर कार्की नेपाली साहित्यको सेवा गर्नमा तनमन मात्रै नदिई धनसमेत सुम्पेको देखिन्छ । मध्यम वर्गीय आर्थिकस्थिति भएका कार्कीले आफ्नो उदार मन र फराकिलो सोचाइको छुट्टै पहिचान दिन पुगेका छन् ।

## २.७ रुचि र स्वभाव

प्रत्येक व्यक्तिका निजी किसिमका स्वभाव र रुचिहरू हुन्छन् । यस्ता व्यक्तिगत स्वभाव र रुचि अरू मासिनसँग नमिल्नु स्वभाविक कुरा हो । मानिसको प्रकृति तथा स्वभावलाई उसका हरेक व्यावहारिक क्रियाकलाप र आचरणले प्रतिनिधित्व गरेको हुन्छ । योगेश्वर कार्की मिलनसार र सहयोगी स्वभावका शान्त अनि सरल प्रकृतिका थिए ।[३५] आफ्नो जल्दोबल्दो युवा अवस्थामा पेन्ट, सर्ट लगाउन रुचाउँने कार्की पछि आएर प्रायः जसो सुती कपडा, कमिज, लवेदा सुरुवाल, कोट र टोपी लगाउन रुचाउँथे ।[३६] सुरुका समयमा मद्यपान गरे

---

[३३] ऐजन ।

[३४] राजेश्वरबाट प्राप्त जानकारी ।

[३५] प्रभा कार्कीबाट प्राप्त जानकारी ।

[३६] ऐजन ।

पनि पछि छोडेर धार्मिक सत्सङ्गतिर सक्रिय भए । गुलियो उनको मनपर्ने वस्तुमा पर्थ्यो । कार्कीको अत्यन्त प्यारो चीज चिया हो ।[३७]

कार्की 'हाने मर्छ बोले टर्छ' को सिद्धान्त अँगाल्ने हुँदा वास्तविकतालाई छिपाउन चाहँदैनन् । उनी आफै पनि लेखनमा रुचि राख्छन् । उनले 'राष्ट्रिय सङ्गीत सुधा' र 'मेरो जापान भ्रमण' नामक कृति पनि लेखेका छन् । जिन्दगीको विभिन्न मोड हुँदै दश वर्षसम्म शिक्षण पेसा अँगालेका कार्कीको इच्छा पहिलेदेखि नै गाउँमा पुस्तकालय स्थापना गरेर गाउँलेहरूसम्म ज्ञानगुनका कुरा सिकाउने थियो ।[३८] आफ्नै घरको पुस्तकै पुस्तकले भरिभराउ पुस्तकालयमा शान्त वातावरणमा अध्ययन  गर्थे । उनी भन्छन्- "पुस्तक पढेपछि मान्छेको चारित्रिक विकासमा सहयोग पुग्छ र ऊ साँच्चै असल बन्छ ।"[३९] नेपाली भाषाबाहेक हिन्दी, संस्कृत र अङ्ग्रेजीमा समेत उनको रुचि रहेको पाइन्छ । उदार हृदय, सहृदयी, मिलनसार, दृढनिश्चयी, स्वाभीमानी हुनाले दीनदुखी एवम् असहायहरूप्रति आत्मीय भावना देखाउँथे । उनको मुख्य रुचिको क्षेत्र साहित्य नै हो । नामले मात्र योगेश्वर नभएर कुनै काम गर्नुपर्दा गर्दा साक्षात् योगेश्वरकै प्रतिरूप पाउँथे । योगेश्वरजीमा गहिरो चिन्तन भावुक, सोचाइ लगनशील मनोवृत्ति योगेश्वरजीमा मैले देख्ने गरेका विशेषता थिए ।[४०]

## २.८ कार्यक्षेत्र

योगेश्वरको जागिरे जीवन आफूले अध्ययन गरेकै 'मिडिल स्कुल' जाजरकोट खलङ्गा हालको नाम त्रिभुवन उच्च माध्यमिक विद्यालयबाट सुरु भएको हो । उनले त्यहाँ वि.सं. २००९ देखि २०१७ सम्म र भानु माध्यमिक

---

[३७] ऐजन ।

[३८] रुद्र खड्का, "जाजरकोटका नमूना व्यक्तित्व", *नेपाल,* मासिक १-१५ भदौ २०६०, पृ. ५ ।

[३९] ऐजन ।

[४०] बद्री पोखेल, *"मेरो जापान भ्रमण* भित्रको भ्रमणमा समाजसेवी श्री योगेश्वर कार्कीसँग गाँसिएका कुरा" *मेरो जापान भ्रमण,* (काठमाडौंः मसाप, २०५७) कभर पृष्ठ ।

विद्यालय लहाँ-४ खालचौरमा अध्यापन गरे ।[४१] त्यसपछिको समय राजनीति र समाजसेवामा कार्यक्षेत्र बनाएका छन् ।

## २.९ भ्रमण, सम्मान तथा पुरस्कार

मानिस नयाँनयाँ कुराको भोग गर्ने असीमित चाहनाहरू भएको प्राणी हो । नयाँ कुरा जान्ने, नयाँ सीप सिक्ने, नयाँनयाँ ठाउँमा भ्रमण गर्ने चाहना मानिसले राख्ने गर्दछ । त्यसबाट कार्की पृथक् रहन सकेका देखिँदैनन् । विदेश भ्रमणको कुरा गर्दा भारतको उत्तर प्रदेशमा लखनऊ, वाराणसी, विहारको गया, पटना, मुजफरपुर आदि नगरबाहेक अन्य देश भ्रमणको अनुभव थिएन ।[४२] माहिला छोरा परमेश्वर जापान भएकाले छोराकै पैसामा भेटघाटको लागि सिङ्गापुर हुँदै जापानसम्म पुगेका छन् । जाजरकोटका  साहित्यकार कार्कीलाई साहित्य र समाजसेवामा संलग्न भएकाले वि.सं. २०२९ मा श्री ५ महाराजाधिराज सरकारबाट 'आदरपत्र' र वि.सं. २०४२ सालमा 'महेन्द्ररत्न भूषण'बाट अभिनन्दित हुने अवसर प्राप्त भयो ।

## २.१० साहित्यिक प्रेरणा र प्रभाव

कुनै पनि व्यक्ति सर्जक बन्नका लागि कुनै न कुनै कुराले प्रभाव पारेको हुन्छ । अझ कला, साहित्यतर्फ प्रेरणा र प्रभावको विशेष अर्थ हुन्छ । साहित्यमा प्रेरणाको कुरा गर्दा बाल्यावस्थादेखि नै साहित्यिक गतिविधिमा चाख राख्ने र साहित्य पढ्न रुचाउने योगेश्वर कार्की आफ्ना पिता र गुरुबाट प्रेरणा पाएका अनि गीत, कवितातर्फ स्वाभाविक रुचि पनि थियो ।[४३]जाजरकोटको प्राकृतिक रमणीय स्थल र लोकसाहित्यिक वातावरणले पनि उनलाई साहित्य रचनातर्फ, प्रेरणा र प्रभाव मिलेको पाइन्छ । चौध वर्षको बालक अवस्थामै छँदा पिताको मृत्यु हुनु आमाले दुखसँग पाल्नु तथा सिर्जनात्मक कार्यमा लाग्नुपर्छ भन्ने जस्ता

---

[४१] शोधनायकका लिखित विवरणअनुसार ।

[४२] योगेश्वर कार्की, "भ्रमणको पूर्व तयारी", *मेरो जापान  भ्रमण,* (यात्रासंस्मरण) (काठमाडौं : मसाप, २०५७) पृ. १ ।

[४३] मधुसूदन गिरीबाट प्राप्त जानकारी ।

वाणी दिनु र श्रीमतीले उनलाई साहित्यिक तथा सामाजिक क्षेत्रमा लाग्ने वातावरण मिलाइ दिनु अझ साहित्यकार कार्कीको आफ्नै भनाइ- “मलाई कविता लेखनमा बालक बेलैदेखि प्रेरणा दिँदै मेरो प्रथम कृति ‘राष्ट्रिय सङ्गीत सुधा’ प्रकाशित समेत गरिदिनु भई साहित्य साधनाप्रति अभिरुचि जगाइदिनु भएकी मेरी पुजनीय स्व. दिदी योगमाया के.सी. को स्मरणमा श्रद्धाञ्जली स्वरूप यो पुस्तक सादर समर्पण गर्दछु ”[४४] आदि कार्कीका प्रेरणा र प्रभावका स्रोतहरू हुन ।

## २.११ साहित्यिक लेखन र कृतिहरू

वि.सं. १९९० मा भेरी अञ्चलको जाजरकोटमा जन्मेका योगेश्वर कार्कीले २००४ सालमा त्यहीँ मञ्चित ‘ध्रुव’ नाटकको अभिनय एवम् २०११ सालतिर कविता लेखनबाट साहित्य साधनातर्फ अग्रसर भएका हुन् ।[४५] उनले २०१२ सालतिर ‘अन्धा समाज’ नामको नाटकसमेत मञ्चन र प्रदर्शन गर्ने काम गरे ।[४६] ‘सत्यवान सावित्री’ नाटकको समेत मञ्चन र प्रदर्शन गरेका कार्कीको प्रथम औपचारिक यात्रा भने वि.सं. २०२६ मा ‘राष्ट्रिय सङ्गीत सुधा’ नामक गीत र गीतिकविताहरूको सङ्ग्रह प्रकाशित गरेर सुरु भएको हो । साहित्यकार कार्कीको एउटा फुटकर कविता २०३२ सालमा नेपालगन्जबाट प्रकाशित हुने **किरण** साप्ताहिकमा प्रकाशित भएको थियो ।[४७] सिर्जनाका क्रममा गीत, कविता, निबन्ध, यात्रासंस्मरण, नाटकलेखनका साथै आफ्नै स्वर सङ्गीतमा गीति एल्बम पनि निकालेका छन् । यीमध्ये ‘मेरो जापान भ्रमण’ (२०५७) यात्रासंस्मरण, ‘संयुक्त रस पात्र’ (२०५९) कवितासङ्ग्रह, ‘विविध रस’ (२०५९) गीति क्यासेट एल्बम बढी चर्चित भएका पाइन्छन् ।[४८] यसरी साहित्यका विविध विधामा कलम दगुराउने उनी बहुमुखी प्रतिभा हुन् । कार्कीले सिर्जनाका रूपमा एक गीतसङ्ग्रह, एक

---

[४४] योगेश्वर कार्की, “समर्पण”, *संयुक्त रस पात्र,* (जाजरकोटः योगेश्वर कार्की पुस्तकालय, २०५९), कभर पृ. ।

[४५] मधुसूदन गिरी, “‘संयुक्त रस पात्र’ मा साहित्यकार योगेश्वर कार्की”, *संयुक्त रस पात्र,* (जाजरकोटः योगेश्वर कार्की पुस्तकालय, २०५९), पृ. ग ।

[४६] ऐजन, *भेरी अञ्चलको साहित्यिक इतिहास,* (सर्वेक्षण र विश्लेषण), (काठमाडौं : ने.रा.प्र.प्र. मा परियोजना अन्तर्गत तयार गरिएको शोधपत्र, २०६०), पृ. २४० ।

[४७] ऐजन ।

[४८] बबिता घिमिरे, “सम्पादकीय”, स्वास्थ्यसूत्र तृ.सं., (पाल्पाः केन्द्रीय कार्यालय हरिप्रसाद मिसन, २०६०), पृ. अग्रभाग ।

कवितासङ्ग्रह र एक यात्रासंस्मरण पुस्तकाकार कृतिहरू तथा फुटकर लेखरचनाहरू प्रकाशित भएका छन् । उनका प्रकाशित रचनाहरू निम्नलिखित छन्:

**(अ) पुस्तकाकार प्रकाशित कृतिहरू**

| क्र.सं. | प्रकाशित कृति | प्रकाशन वर्ष | विधा/विषय |
|---|---|---|---|
| १. | राष्ट्रिय सङ्गीत सुधा | (२०२६) | गीतसङ्ग्रह |
| २. | मेरो जापान भ्रमण | (२०५७) | यात्रासंस्मरण |
| ३. | संयुक्त रस पात्र | (२०५९) | कवितासङ्ग्रह |
| ४. | विविध रस | (२०५९) | गीति क्यासेट एल्बम |

**(आ) अन्य पुस्तकमा प्रकाशित फुटकर रचनाहरू:**

१. 'जाजरकोट जिल्लामा मुडुल्ला कार्कीहरू' (२०५७) लेख, *सउना वंशावली*, भाग-१ (मुडुल्ला कार्की वंशावली)

२. 'डा. हरिप्रसादः, जाजरकोट र म' (२०६०) असोज-१८, विजया दशमी संस्मरण लेख । *स्वास्थ्यसूत्र*

**(इ) पत्रपत्रिकामा प्रकाशित फुटकर रचनाहरू:**

१. "जाजरकोटको सङ्क्षिप्त इतिहास"

२. "लोक संस्कृतिको झलक"

३. "जाजरकोट जिल्लामा बोलिने नेपाली भाषा", **उन्नयन**, (पूर्णाङ्क ३२, २०५६)

४. "ठूला भगवान को हुन् ?" (बालनाटक)

५. "राउटे जातिको सङ्क्षिप्त परिचय" आदि ।

**(ई) प्रकाशोन्मुख कृतिहरू**

- 'जाजरकोट जिल्लाको शिक्षा विकासको इतिहास'
- 'उक्त जिल्लाकै इतिहास सम्बन्धी रूपरेखा'
- जीवनका घटनाक्रम (आत्मवृत्तान्त)

## २.१२ देहावसान

जाजरकोटका नेपाली भाषासाहित्यको क्षेत्रमा साधनारत योगेश्वर कार्की सबैले चिने जानेकै सुपरिचित समाजसेवी एवम् साहित्यकारको नाम हो । उनको सात दशक फैलिएको निजी जीवनका उकाली, ओराली र देउरालीहरू एक वा अर्को प्रकारले नेपालको विगत र वर्तमानसँग प्रत्यक्ष र अप्रत्यक्षरूपले जोडिएको देखिन्छ ।[४९] यसरी जन्मथलो जाजरकोटलाई नै कर्मथलो बनाएका कवि कार्की जीवनका पछिल्ला दिनहरूमा बढी अस्वस्थ पनि हुन थाले । मुटु तथा मधुमेय रोगबाट पहिलेदेखि अस्वस्थ साधकलाई सामान्य विरामी दम, खोकीले चाप्दै लगेकाले उपचारार्थ काठमाडौँ मोडेल कलेज हस्पिटल सिनामङ्गलमा वि.सं. २०६२ पुष ४ गते सोमबार राति ९ बजे ७२ वर्षको उमेरमा उनको निधन भयो ।[५०] उनको शरीर नरहे तापनि उनका कृतिहरू रहेसम्म जीवित हुनेछन् । तिनले सत्पथमा हिँड्ने प्रेरणा दिइरहेका छन् ।

---

[४९] तुलसी दिवस, "भूमिका", *संयुक्त रस पात्र*, पूर्ववत्, पृ. ऋ ।

[५०] राजेश्वर कार्कीबाट प्राप्त जानकारी ।

# परिच्छेद – तीन

# योगेश्वर कार्कीको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिको प्रथम परिचयात्मक आधार भनेकै उसको बाहिर प्रदर्शित व्यक्तित्व हो । यसै स्वरूपबाट त्यस व्यक्तिलाई अध्ययन गर्नका लागि उसका व्यक्तित्वका विविध पाटा र पक्षहरूलाई केलाइन्छ, तौलिइन्छ, जोखिन्छ र अन्ततोगत्वा यही हो भनेर निष्कर्षमा पुगिन्छ । सामान्यतया मानिस आफ्नो व्यक्तित्व उच्च वा सम्मानित बनाउने काममा स्वयम् क्रियाशील र सक्रिय हुनु अपरिहार्य छ । "...व्यक्तित्व व्यक्तिका समस्त जैविक जन्मजात विन्यास, उद्वेग, झुकाउ, क्षुधा, मूल प्रवृत्ति तथा अर्जित विन्यास एवम् प्रवृत्तिहरूको समूह हो । यसबाट व्यक्तित्व वंशपरम्परागत जैविक वृत्तिपुञ्जका आलोकवाट प्राप्त वा अर्जित अनुभवद्वारा समृद्ध बन्छ ।"[५१] कुनै पनि व्यक्तित्वलाई जान्नका लागि उसको व्यक्तित्वलाई बाह्य र आन्तरिक गरी दुई भागमा विभाजन गरेर अध्ययन गरिन्छ । यसअन्तर्गतको बाह्‌य व्यक्तित्वले उसको बाह्‌य आकर्षक रूपरङ्ग र स्वरूपलाई मात्र जनाउँछ भने त्यसका अतिरिक्त पाटो आन्तरिक व्यक्तित्वले उसलाई, ऊ बाँचेको युग, समाज र संस्कृतिमा  परिभाषित, स्थापित तथा सम्मानित हुनमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ बाह्‌य व्यक्तित्व नाशवान एवम् स्थूल हुन्छ भने आन्तरिक व्यक्तित्व अजर, अमर एवम् सूक्ष्म रहन्छ । यस आधारमा हेर्दा कुनै पनि व्यक्तिको अध्ययनमा बाह्‌य भन्दा आन्तरिक व्यक्तित्व नै महत्त्वपूर्ण र अर्थयुक्त रहेको हुन्छ । सिर्जनशील साहित्यकार प्रतिभाको त आन्तरिक व्यक्तित्व नै महत्त्वपूर्ण मानिन्छ कुनै पनि चीजको सिर्जना व्यक्तिमा निहित आन्तरिक भावको सुन्दरता तथा क्षमतामा भर पर्छ । सामान्य व्यक्तित्व भन्दा सिर्जनशील व्यक्तित्वको आन्तरिक व्यवहार, त्याग, साधना र विचार

---

[५१] केशवप्रसाद उपाध्याय, "मोतीरामको व्यक्तित्व र योगदान", *मोती स्मृतिग्रन्थ,* (काठमाडौं : नेपाली शिक्षा परिषद्, २०३९), पृ. ३९ ।

अर्थपूर्ण रहेको हुन्छ । तसर्थ साहित्यकार, सर्जक योगेश्वर कार्कीको यस परिच्छेदमा बाह्य र आन्तरिक व्यक्तित्वको अध्ययन गरिन्छ ।

## ३.२ बाह्य व्यक्तित्व

कुनै पनि व्यक्तिको सहज तथा स्वाभाविक गुणले उसको वैयक्तिक व्यक्तित्वको निर्माण गर्दछ भने सिर्जनशील एवम् सामाजिक कार्यहरूले सार्वजनिक व्यक्तित्वको निर्माण गरिरहेको हुन्छ । यी दुवै व्यक्तित्वका धनी योगेश्वर कार्की मूलतः साहित्यकार व्यक्तित्व हुन् । हरेक व्यक्तिको व्यक्तित्व निर्माणमा वंश परम्परा र स्थानीय वातावरणले प्रभाव पारेको हुन्छ । त्यसैले कार्कीको व्यक्तित्व निर्माणमा पनि उनको पारिवारिक पृष्ठभूमिले प्रभाव पारेको छ । उनको शारीरिक बनोटमा करिब ५ फुट ४ इन्च अग्लो मझौला कद, गम्भीर मुखमुद्रा, पुष्ठ गोलो अनुहार सधैँ प्रसन्न, उज्याला र हँसिला सफा, आकर्षक रहेको पाइन्छ ।[५२]

कार्की प्रायः साधारण पोसाकमा नै रहने र यथाशक्य स्वदेशी कपडाहरू नै लगाउन रुचाउने, औपचारिक क्षेत्रमा सधैँ राष्ट्रिय पोसाकमै देखा पर्न रुचाउँथे । चुरोट, रक्सी र जुवाको पहिले सेवन गरे पनि जीवनको उत्तरार्द्धतिर खानपिनमा शाकाहारी भोजन गर्थे ।[५३] उनी कसरी कमाउने र के गरेर व्यवहार चलाउने भन्ने कुरामा भन्दा नेपाली भाषा र साहित्यको विकासप्रति बढी चिन्तित देखिन्छन् । कोमल हृदय एवम् संवेदनशील स्वभाव भएका कार्कीले पीडित वर्गप्रति पूर्ण सहानुभूतिका साथ सक्दो सहयोग गर्दै आएको पाइन्छ । यसरी शारीरिक बनोट तथा अन्य क्रियाकलापले गर्दा नै कार्कीका बाह्य व्यक्तित्वको चिनारी पाउन सकिन्छ । उनी प्रायः आफ्ना मनमा लागेका कुरा निर्भिक भई स्पष्टसँग राखेर अगाडि बढ्न चाहन्थे । यिनै कुराहरू कार्कीका बाह्य व्यक्तित्वमा आकर्षक तथा प्रभावकारी देखिन्छन् ।

---

[५२] प्रभा कार्कीबाट प्राप्त जानकारी ।

[५३] ऐजन ।

## ३.३ आन्तरिक व्यक्तित्व

कुनै पनि व्यक्तिको आन्तरिक व्यक्तित्वले गर्दा नै उसलाई सिर्जनात्मक कार्यमा अग्रसर बनाएको हुन्छ । त्यसैले योगेश्वर कार्कीमा रहेको त्यस गुणले उनलाई सर्जक व्यक्तित्वका रूपमा चिनाउन पुगेको पाइन्छ । उनले आफ्नो जीवनकालमा अत्यन्त सराहनीय खालको स्वभाव, सहयोगी, मिलनसार, उचित व्यवहारगर्ने, दु:खदेखि नडराउने, परिश्रमी, निडर विवेकशील र स्वाभिमानी उनका आन्तरिक गुण हुन् । उनी समाज र राष्ट्रमा देखापरेका विकृतिप्रति सधैं चिन्तित् देखिन्छन् । कुनै पनि मानिसले आफ्नो जीवनको सदुपयोग गर्नु पर्दछ भन्ने उनको दृढ आस्था रहेको पाइन्छ । कार्की महाकवि देवकोटाभैँ- 'कामलाई नै ईश्वर' मान्दछन् ।[५४] साहित्यिक र साहित्येतर गरी दुवै क्षेत्रमा आफ्नो लेखनलाई विस्तार गरेका छन् । उनका साहित्यिक कृतिहरूले अभिधात्मक अर्थ मात्र नदिई व्यङ्ग्यात्मक अर्थलाई पनि वहन गरेका छन्, सरलता, स्वच्छता, स्पष्टता, पारदर्शिता, पक्षपातविहीनता आदि उनका जीवनशैलीमा पाइने मुख्य पक्ष हुन् । उनी साथीभाइहरूलाई सपार्नेतर्फ होस्टेमा हैंसे गर्न सदा तत्पर रहन्छन् र विगार्ने तर्फ कुनै तत्परता देखाउँदैनन् । प्रायः सबैसँग उनको व्यवहार भद्रतापूर्ण र सहयोगी खालको पाइन्छ । उनी न्यायप्रेमी थिए ।[५५]

सांस्कृतिक परिवेशलाई स्वच्छ पार्न खोज्ने तर परम्परागत रुढिमा नअलमलिने तथा सबै विचारलाई उनले मान्यता दिने सबैसँग हाँसेर बोल्ने, सहयोगको भावना राख्ने, देखेको कुरालाई मनमा नराखी स्पष्ट भन्ने, कसैलाई पनि भेदभाव नगर्ने, देशभक्तिको भावना, देशनिर्माणको धारणा, जातीय गौरव, गहिरो चिन्तन, मिहिनेत र परिश्रमबाट भाग्यको निर्माण, सुन्दरताप्रति आकर्षण

[५४] मधुसूदन गिरीबाट प्राप्त जानकारी ।

[५५] बद्री पोखेलबाट प्राप्त जानकारी ।

भावुक सोचाइ, लगनशील मनोवृत्ति आदि उनका चारित्रिक विशेषता भएको तथ्य उनका सिर्जनशील विधाले इङ्गित गरेको देखिन्छ ।[५६]

योगेश्वर कार्कीको साहित्यकार तथा साहित्येतर दुवै व्यक्तित्वलाई समेट्ने विविध पाटाहरूलाई निम्नलिखित रूपमा अध्ययन गर्न सकिन्छ :

### ३.३.१ गीतकार व्यक्तित्व

गीतकार योगेश्वर कार्कीको २०२६ सालमा प्रथम प्रकाशित कृति 'राष्ट्रिय सङ्गीत सुधा' नामक गीतसङ्ग्रहबाट साहित्ययात्रा सुरु हुन्छ । यस गीतसङ्ग्रहले उनलाई गीतकार व्यक्तित्व स्थापित गर्दछ भने वि.सं २०५९ मा 'विविध रस' क्यासेट एल्मबमका गीतहरूमा आफ्नै स्वर, शब्द र सङ्गीतबद्ध गरेका छन् । उनका गीतहरूमा राष्ट्रियता एवम् पञ्चायती भावना भएका यी गीत रचनाहरू सरल, बोधगम्य एवम् जनसाधारणमा चेतना जगाउने खालका छन् ।[५७] एकातर्फ नेपाली लोकगीतका भाका र भावभङ्गीले उनलाई कुत्कुत्याएका छन् । सङ्ग्रहभित्रका रचनाहरूमा साहित्यप्रेमीहरूले पढ्दा कविता भेट्छ भने सङ्गीतप्रेमीले पढ्दा गीत भेट्छ । गीतहरूमा मीठा गाउँघरका स्वस्थ भावनाहरू ओतप्रोत भएको मलाई लाग्यो ।[५८] छिटफुट रूपमा उनका बालगीत पनि देखिन्छन् । कार्कीका गीतमा राष्ट्रियताले भरिर्पूण के युवा, के वृद्ध, कुन गाँउले, कुन सहरिया सबैका निम्ति उत्तिकै सरल, सुबोध, कोमल भाषा, हृदय स्पर्शी र संवेद्य छन् । 'राष्ट्रिय सङ्गीत सुधा' गीतसङ्ग्रहमा राष्ट्रियता, पञ्चायती भावना, देश निर्माण, प्रकृतिप्रेम, स्थानीय रङ झल्काउने र लोक परम्परामा आधारित गीत जस्ता विषयलाई कार्कीले गीतहरूको विषयवस्तु बनाएका छन् । उनको 'विविध रस' क्यासेट एल्बमका गीतहरू 'संयुक्त रस पात्र' कवितासङ्ग्रहका सातवटा र एउटा 'दर्शन देऊ प्रभु' गरी जम्मा आठ गीतहरू रहेका छन् । यी सातवटा गीतमा सङ्गीत आफैँ र एक गीत 'राष्ट्र बनाउनेलाई' (कवाली)मा

---

[५६] ऐजन ।

[५७] सत्यनारायण झा, "मन्तव्य", *राष्ट्रिय सङ्गीत सुधा,* (नेपालगन्जः योगेश्वर कार्की, २०२६), कभर पृ. ।

[५८] मूलचन्द्र 'आजाद', "मन्तव्य", ऐजन ।

जनार्दन समको छ भने ‘दर्शन देऊ प्रभु’को स्वर तुलशी न्यौपानेले स्वरबद्ध गरेका छन् । बाँसुरी बलराम समाल, तबला र मादलमा खर्क बुढा, हार्मोनियम तुलसी न्यौपानेको छ । जाजरकोटी लोकगीतमा प्रश्नको स्वर खर्कबहादुर बुढा र उत्तरमा स्वयम् कार्कीकै छ । जुन गीतको उदाहरण हेरौँ -

प्र. *इनारभित्र बाल्टिन खस्यो तान डोरीले तान*

*विना खुट्टा संसार घुम्ने क्या हो साइले जान ?*

उ. *लाहुरेको बाकसमाथि सानु एउटा झिंटी*

*विना खुट्टा संसार घुम्ने कागतको चिठी ।*

‘जाजरकोटका लोकगीत केही प्रश्नोत्तर’ **संयुक्त रस पात्र,** पृ. ८४ ।

पहाडका गति-यति र स्वच्छन्द नर्तन नागबेलीको गुञ्ज उनका गीतका ओतमा गुञ्जिएको छ । उनी प्रकृतिप्रेमी, देशभक्त र सुकोमल, सुकुमार अन्तर हृदयका भावधाराका गायक-गीतकार हुन् । यस प्रकारका सामयिक रचनाहरूले राष्ट्रको उत्थानमा अवश्य योगदान दिनेछन् भन्ने दृढ विश्वास छ ।[५९] यिनै गीतहरूका आधारमा योगेश्वरलाई एक गीतकार व्यक्तित्वका रूपमा चर्चा गरिएको छ ।

### ३.३.२ संस्मरणकार व्यक्तित्व

कार्कीले आफूलाई यात्रा संस्मरणकारका रूपमा पनि परिचित गराएका छन् । यात्रासंस्मरणको पुस्तक ‘मेरो जापान भ्रमण’ २०५७ सालमा मध्यपश्चिमाञ्चल साहित्य परिषद् काठमाडौंबाट प्रकाशित भएको छ । उनले ‘मेरो जापान भ्रमण’ नामक यस कृतिमा जापान यात्रा क्रमका आफ्ना अनुभवहरूलाई प्रस्तुत गरेका छन् ।[६०] यहाँ नियात्राकार कार्कीले केही सिकेको र बोध गरेको देखिन्छ र त्यही सिकाउन खोजेको पनि देखिन्छ । जापान भौतिक

---

[५९] पूर्णचन्द्र ढुङ्गेल, “सम्मति”, ऐजन ।

[६०] मधुसूदन गिरी, “प्रकाशकीय”, *मेरो जापान भ्रमण,* (काठमाडौं: मसाप, २०५७), कभर पृ. ।

दृष्टिले मात्र होइन जापानीहरू शील, स्वभाव र मानवीयताका दृष्टिले पनि शिष्ट, सभ्य भएको अनुभव निबन्धकार कार्कीको छ । चन्द्रमाको दागभन्दा पनि कम जापानी समाजका केही ऋणात्मक पक्षका साथै जापान र जापानीबाट निबन्धकारले सिकेका र नेपालीहरूले सिक्नुपर्ने थुप्रै कुराहरू यस कृतिभित्र छन् ।[६१] विदेशका कुनै मुलुक त के आफ्ना गाउँ र बजार वा भनौँ आफ्नो जिल्ला बाहिरसमेत भ्रमण गर्न नपाएका सरल हृदय नेपालीलाई बाह्य संसार र विशेष गरी जापानबारे प्राथमिक जानकारी दिने उद्देश्यले त्यसै शैलीमा लेखिएको यो पुस्तक आफ्नो लक्ष्यमा सफल र सिद्ध भएको छ ।[६२] यात्रा निबन्ध यात्रासँग सम्बन्ध इतिवृत्तान्त हो । यात्राको आरम्भदेखि यात्राको अन्तसम्मका सम्पूर्ण ऊहापोहहरू यसभित्र समेटिने गरिन्छ । पृष्ठभूमिदेखि लिएर यात्राभित्रका रसरङ्गहरू, नयाँ ठाउँको भौगोलिक एवम् ऐतिहासिक वर्णन, सामाजिकताका रोचक पक्षहरू यसभित्र समेटिने गरिन्छ । मानव विकासदेखि लिएर वैज्ञानिक एवम् प्राविधिक उन्नति, धर्म, दर्शन, रहनसहन, वेषभूषा यात्रा गर्दाका ज्ञातव्य वस्तु हुन्छन् । यिनै यस्तै विषय समावेश भएको यात्रा वर्णन हो यो “मेरो जापान भ्रमण” ।[६३] उनको यो यात्रासंस्मरण पढ्दा उनी संस्मरणका क्षेत्रमा देखापरेका विशिष्ट प्रतिभा हुन् ।

### ३.३.३ कवि व्यक्तित्व

योगेश्वर कार्की १९९० सालमा भेरी अञ्चलको जाजरकोटमा जन्मेका र वि.सं. २००४ मा त्यही मञ्चित ‘ध्रुव’ नाटकको अभिनय एवम् २०११ सालतिर कविता लेखनबाट साहित्य साधनातर्फ अग्रसर भएका हुन् ।[६४] उनको केही फुटकर कविताहरूको सङ्गालो २०५९ सालमा ‘संयुक्त रस पात्र’ नामबाट

---

[६१] ऐजन ।

[६२] मदनमणि दीक्षित, “निकै राम्रो उपलब्धि”, ऐजन ।

[६३] बद्री पोखेल, *“मेरो जापान भ्रमण,* भित्रको भ्रमणमा समाजसेवी श्री योगेश्वर कार्कीसँग गाँसिएका कुरा”, ऐजन ।

[६४] मधुसूदन गिरी “*संयुक्त रस पात्र,* मा साहित्यकार योगेश्वर कार्की”, *संयुक्त रस पात्र,* (जाजरकोटः योगेश्वर कार्की पुस्तकालय, २०५९), पृ. ग ।

प्रकाशित भएको छ ।[६५] यस सङ्ग्रहमा जम्मा एकचालीस वटा कविताहरू सङ्कलित छन् । उनको यस कवितासङ्ग्रहको भूमिकामा तुलसी दिवसले 'संयुक्त रस पात्र' मा २०११ सालदेखि २०५९ सालसम्म करिब पाँच दशकभित्र लेखिएका कवि योगेश्वर कार्कीका विविध विषयमा जम्मा एकचालीसवटा कविताहरू सङ्गृहीत छन् । पहिलो सङ्ग्रह अहिले अप्राप्य भएका कारणले यसभित्रका आठवटा कविता दोस्रो सङ्ग्रहमा पुनः साभार गरेर छापिएको छ ।[६६] प्रस्तुत कवितासङ्ग्रहका बहुसङ्ख्यक कविताका विषय केही सर्वकालिक भएपनि प्रतिशतमा समसामयिक र ताजा छन् । उनका धेरैजसो कविताहरू सहज, सरल भएर लयात्मक र छन्दोबद्ध छन् ।[६७] उनका कविताहरूले पाठकहरूको मन छुन्छ । कार्कीका कविताहरूमा समस्याग्रस्त गाउँले जीवन, प्रकृतिप्रेम, राष्ट्रप्रतिको मोह पाइन्छ । आफ्ना कविताहरूमार्फत कतै सहरिया यान्त्रिक जीवनका अभावहरू, कतै जीवनका अन्य मनोभावहरू व्यक्त गरेका छन् । समस्याग्रस्त सहरी जीवनप्रति उनी असन्तुष्ट छन् भने ग्रामीण स्वच्छ जीवनप्रति उनको लालसा छ । उनका कविताहरूमा गद्य तथा पद्य दुवै लयको प्रयोग गरिएको छ । तापनि तुलनात्मक हिसाबले हेर्दा छन्द कविता भन्दा पनि गद्य कवितामा भाव वा विचारको प्रवाह सशक्त र स्वाभाविक हुन पुगेको छ ।[६८] विविध विषयलाई टिपेर कोमल शैली, सरल, सहज भाषामा कविता लेख्नु उनको शैलीगत विशेषताले कार्कीको कवि व्यक्तित्वको पहिचान हुन्छ ।

### ३.३.४ नाटककार व्यक्तित्व

योगेश्वर कार्कीले २०२४ सालतिर नक्साल काठमाडौंबाट निस्कने 'बालक' पत्रिकामा "ठूला भगवान् को हुन ?" नामक बालनाटक एकाङ्कीमा विष्णु र शिव

[६५] योगेश्वर कार्की, *संयुक्त रस पात्र,* (जाजरकोट : योगेश्वर कार्की पुस्तकालय, २०५९) ।

[६६] तुलसी दिवस, "भूमिका", ऐजन, पृ. ऋ ।

[६७] ऐजन, पृ. औ ।

[६८] मधुसूदन गिरी, पूर्ववत्, पृ. ६ ।

भगवान्मध्ये को ठूला भन्ने संवाद गरी सिर्जना गरेको जानकारी छ ।[६९] यो कृति हाल अप्राप्त अवस्थामा रहेको देखिन्छ ।

### ३.३.५ अनुसन्धानमूलक व्यक्तित्व

योगेश्वर कार्कीले “जाजरकोट जिल्लामा मुडुल्ला कार्कीहरू” नामक अनुसन्धानमूलक वंशावलीको लेखमा आफ्नो वंशको परिचय अद्यावधिक बनाएका छन् ।[७०] यस वंशावलीमा कार्कीले आफ्ना पुर्खाहरूको नामावली क्रमिक ढङ्गमा राख्दै तिनीहरूको काम, पेसाका बारेमा उल्लेख गरेको देखिन्छ । २०४३ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका सदस्य प्रा.डा. चूडामणि बन्धुको संयोजकत्वमा जाजरकोटमा बसेका राउटे आदिवासीको विविध संस्कृतिबारे अनुसन्धान गर्दा उक्त टोलीको सदस्य भई कार्य गरेको पाइन्छ ।[७१] मानवशास्त्रमा झाँक्री विद्या सम्बन्धी जाजरकोट र बागलुङ् जिल्लामा अमेरिकी नागरिक डा. ग्रेगरी मस्कोरिनलाई विद्यावारिधि गर्ने कार्य र उक्त संस्कृति तथा परम्पराको बोक्सी, मसान, झाँक्रीको उत्पत्तिका मेलाहरू मौखिक चलिआएका किताब बनाउँदा शब्दको अर्थ र भाव बुझाउने कार्यमा अनि सुश्री जाना फरटाएरलाई मानवशास्त्रकै विषयको अधियाबाली परम्परा विषयमा जाजरकोटमै सहयोग गरेका छन् ।[७२] यिनै विविध कार्यहरूले गर्दा नै उनको अनुसन्धानमूलक व्यक्तित्वको सानो झल्को पाउन सकिन्छ ।

### ३.३.६ सङ्गीतकार व्यक्तित्व

कार्कीले ‘विविध रस’ नामक गीतिक्यासेट एल्बमका गीतहरूमा आफ्ना शब्द, सङ्गीत र स्वरद्वारा प्रत्येक नेपालीका कानसम्म पुऱ्याएका छन् । गीतको पृष्ठभूमि तथा स्रोत पहिले जाजरकोटकै बाटो गरी हुम्ला हुँदै मानसरोवर जाने

---

[६९] राजेश्वर कार्कीबाट प्राप्त जानकारी ।

[७०] योगेश्वर कार्की, “जाजरकोट जिल्लामा मुडुल्ला कार्कीहरू”, *सउना वंशावली*, भाग -१, (मुडुल्ला कार्की वंशावली), (ललितपुरः श्री मुडुल्ला कार्की कुलायन व्यवस्था समिति, २०५७), पृ. २१८-२२० ।

[७१] राजेश्वर कार्कीबाट प्राप्त जानकारी ।

[७२] ऐजन ।

भारतीय तीर्थयात्री साधुसन्तहरूकै सत्सङ्गतबाट शास्त्रीय सङ्गीतको वर्णमाला बुझेका कार्कीज्यूको बालककाल लोकगीतदेखि लिएर फिल्मी गीतमा पनि रम्न पुगेको पाइन्छ । आफ्नो तन्नेरी उमेरमा नेपालगन्जतिर स्कुलमा पढ्न बस्दा फिल्म हलबाट फिल्मी गीतहरू 'मन डोले तन डोले' बज्ने गर्दथे । उनीलाई त्यस बेलाका हिन्दी गीतले प्रभाव पारेको थियो ।[७३] कार्कीले आफ्नै रचनालाई 'विविध रस' का गीतमा उनले पहिलो पटक सङ्गीत दिएर लोकगीत तथा लोक संस्कृतिको संरक्षण गर्ने उनको अभीष्टलाई यसरी नै सङगीतकार व्यक्तित्वले पुष्टि गर्दछ ।

### ३.३.७ भजनकार व्यक्तित्व

मान्छेको स्वभावअनुसार नै उसले कुनै न कुनै धर्मलाई अँगाल्दछ । नेपाल बहुभाषिक, बहुजातीय र धार्मिक विविधताको देश भएकाले यहाँ विभिन्न देवीदेवताहरूका मठमन्दिरहरू पाइन्छन् । स्वभावैले यहाँका मान्छेहरू धर्मप्रति आस्था राख्दछन् । हाम्रो कविता साहित्य पनि भक्ति रसबाट अछुतो छैन । 'संयुक्त रस पात्र' मा सङ्कलित चारवटा भजन लिएर देखा परेका कार्कीले 'विविध रस' गीतिक्यासेट एल्बममा आफ्नै कर्णप्रिय स्वरमा गाएर औपचारिकता दिएको पाइन्छ ।[७४] आजका मान्छेहरूलाई पनि शान्तिको श्वास फेर्न फुर्सद छैन । तसर्थ एकछिन भएपनि यी देवीदेवताका भजनहरूले अशान्तमनलाई ईश्वरको सेवामा लगाऔँ र मनलाई शान्त पारौं भन्ने भावना भजनकार कार्कीको रहेको छ ।

## ३.४ सामाजिक व्यक्तित्व

मानिसको लागि कल्याण हुने काम समाजमा बसेर गर्नु नै सामाजिक काम हो । मानिस सामाजिक प्राणी भएकाले आफ्नो आँखा अगाडि गुज्रिँदै गरेको समाजको उत्थानका लागि निस्वार्थ भावनाले संलग्न रहनु नै सामाजिक सेवा हो । योगेश्वर कार्कीले सामाजिक संघसंस्थाहरूमा साधारण सदस्यदेखि

---

[७३] धर्मराज थापा, "सम्मति", *संयुक्त रस पात्र*, पूर्ववत्, पृ. अं ।

[७४] योगेश्वर कार्की, *संयुक्त रस पात्र*, पूर्ववत्, पृ. १-४ ।

लिएर अध्यक्षसमेत भई निरन्तर सेवा गर्दै आएका छन् । आफू जन्मेहुर्केको समाजलाई बिर्सन्छ त्यो व्यक्ति बाँचे पनि मरेतुल्य ठहरिन्छ भन्ने भावना उनमा रहेको पाइन्छ ।[७५] समाजको विकास निर्माण तथा कल्याणकारी कार्यमा कार्की प्रत्यक्ष परोक्ष रूपमा क्रियाशील हुँदै आइरहेका छन् । उनका सामाजिक व्यक्तित्वका विविध पाटाहरूलाई निम्नलिखित रूपमा अध्ययन गर्न सकिन्छ ।

### ३.४.१ शिक्षक व्यक्तित्व

योगेश्वर कार्कीले जाजरकोट सदरमुकाम खलङ्गामा रहेको 'मिडिल स्कुल' (हाल त्रिभुवन उच्च मा.वि.) मा शिक्षक हुँदा विद्यार्थीहरूको पढाइमा धेरै सुधार आएको थियो । सानासाना बालबालिकाहरू किताब च्यापेर हाँस्दै विद्यालय गएको दृश्य जीवनमा सबैभन्दा मनपर्ने कुराको जानकारी पाइन्छ ।[७६] त्यसपछि सोही जिल्लाको पूर्व लहाँ गा.वि.स. वडा नं.-४ खालचौरमा 'भानु माध्यमिक विद्यालय' मा पनि ९ वर्ष अध्यापन कार्य गरेका थिए ।[७७] आफ्नो जीवनयापनको क्रममा कार्कीले शिक्षण पेसा पनि अपनाई अत्यन्त निष्ठावान तथा कर्तव्यनिष्ठ भएर सञ्चालन गरेकाले शिक्षक व्यक्तित्वका धनीका रूपमा चिन्न सकिन्छ ।

### ३.४.२ राजनैतिक व्यक्तित्व

कार्कीले राजनैतिक कार्यकर्ता भएर जीवन बिताएको नभएता पनि यस क्षेत्रबाट अलगिन भने सकेका छैनन् । उनी सुधारमुखी भावनाद्वारा राजनैतिक क्षेत्रमा प्रभावित भएको देखिन्छ । राजनीतिक खेल दुर्गन्धी हुन्छ भन्ने गरिन्छ तर जिन्दगीभर जस्तो राजनीतिलाई सहयात्री बनाए पनि योगेश्वरजीले खेल्ने खेलमा सुगन्ध नै पाइन्छ ।[७८] २००९ सालदेखि २०१५ सालसम्म नेपाली काङ्ग्रेस जिल्ला शाखाको सदस्य पदबाट राजनीतिक पृष्ठभूमि बनाउँदै आएका कार्कीले नेपाल युवक सङ्गठनको जिल्ला सभापति (२०१९-२०२१), जिल्ला पञ्चायत सदस्य

---

[७५] मधुसूदन गिरीबाट प्राप्त जानकारी ।

[७६] प्रभा कार्कीबाट प्राप्त जानकारी ।

[७७] ऐजन ।

[७८] बद्री पोखेल, *"मेरो जापान भ्रमण,* भित्रको भ्रमणमा समाजसेवी श्री योगेश्वर कार्कीसँग गासिएका कुरा", पूर्ववत् ।

(२०२१-२०३१), गाउँफर्क राष्ट्रिय अभियान भेरी अञ्चल समितिका सदस्य-सचिव (२०३१-२०३३)को जिम्मेवारी लिएका थिए ।[७९] वि.सं. २०३३ देखि २०३६ सम्म गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिको सदस्य तथा जाजरकोट जिल्ला समितिको अध्यक्षसमेत भएर पनि काम गरेका थिए ।[८०] कार्कीले राजनीति पनि समाज र जनताको सेवा गर्ने एउटा महत्त्वपूर्ण माध्यम हो भन्ने कुरा स्वीकार गरेको देखिन्छ ।

### ३.४.३ समाजसेवी व्यक्तित्व

समाजसेवाको नाममा ठगी गर्नेहरू प्रशस्तै हुन्छन् तर योगेश्वरजीले सधैँ 'परहिताय स्वान्त सुखाय' समाज सेवा गरेको पाइन्छ । भावना हुन विश्वविद्यालयको डिग्री चाहिँदैन । यसको उदाहरण स्वयम् योगेश्वरजीलाई लिन सकिन्छ ।[८१] हाल कुनै पनि राजनीतिक दलसँग आबद्ध नहुनु भएका कार्कीजीको सामाजिक जीवन त्यो भन्दा पनि कर्मठ र सफल देखिन्छ । २००९ साल देखि नै विद्यालय शिक्षक बन्नेका कार्की २०४६ साल यता नेपाल मानव अधिकार सङ्गठन जाजरकोट शाखाको सभापति (२०४७-२०५६), उक्त सङ्गठनको केन्द्रीय सदस्य (२०५१-२०५४) समेत भएका छन् ।[८२] नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाको उप-सभापति, (२०३८-२०५०) र वि.सं. (२०५०-२०५४) सम्म सोही संस्थामा सभापति, समाज सुधार केन्द्र जाजरकोटको अध्यक्ष, प्राकृतिक स्वास्थ्य सूचना केन्द्र जाजरकोटको अध्यक्ष, गैरसरकारी संघसंस्था जिल्ला समन्वय समितिको अध्यक्ष, कविशिरोमणि लेखनाथ पौड्याल प्रतिमा संरक्षण समिति जाजरकोटको अध्यक्ष, योगेश्वर कार्की पुस्तकालय खलङ्गा जाजरकोटको अध्यक्ष, भेरी ज्ञानोदय क्याम्पसका सल्लाहकार जस्ता पदीय जिम्मेवारी समेत

---

[७९] ऐजन ।

[८०] राजेश्वर कार्कीबाट प्राप्त जानकारी ।

[८१] बद्री पोखेल, पूर्ववत् ।

[८२] ऐजन ।

लिएर कार्कीले सामाजिक सेवाको क्षेत्रमा अविच्छिन्न रूपमा अग्रसर भएको देखिन्छ ।[८३] यी आधारमा पनि उनको सामाजिक व्यक्तित्व यहीँ लुकेको छ ।

### ३.४.४ धार्मिक व्यक्तित्व

प्रात कालमा उठेर नित्यस्नान गरेपछि ईश्वरको पूजाआराधना गर्ने र दिनहु कुनै न कुनै देवी देवताको मन्दिरमा गई दर्शन गर्ने उनको बानी पाइन्छ । सनातनदेखि चलिआएका हिन्दू चाडपर्वहरूलाई लोप हुन दिनु हुँदैन आफ्नो धर्म र संस्कृतिको रक्षा र संरक्षण गर्नुपर्छ भन्ने पवित्र धारणा राख्ने कार्कीले दसैं, तिहार पर्व बढी महत्त्व दिने गर्थे ।[८४] त्यसका साथसाथै भक्तिभावका भजनहरू रचना गरेर ‘विविध रस’ गीतिक्यासेट एल्बममा समावेश गरी मोह त्याग्न सके पनि देह त्याग्न गारो पर्दछ तसर्थ जीवनको सबैभन्दा उत्तम  अन्तिम विश्रामस्थल भगवान्को चरण कमल हो । भक्ति र भजनले उडेको मनलाई स्थिर गराउँछ । भत्केको, दुःखेको, थाकेको, उडेको, रोएको मनको लागि सर्वाधिक सुरक्षित दरबार प्रभुको चरणकमल नै हो र त्यस दरबारमा पुग्ने सुगम मार्ग परोपकार र भक्ति हो ।[८५] उनको व्यक्तित्वको एक पाटाको रूपमा धार्मिक व्यक्तित्वलाई पनि लिन सकिन्छ ।

### ३.४.५ संस्थापक व्यक्तित्व

योगेश्वर कार्की सिर्जनशील व्यक्तित्वका साथै संस्थापक व्यक्तित्व पनि हुन् । उनले नेपाली साहित्यका साधक तथा प्रतिभाहरूलाई गतिशील बनाउने हेतुले विविध संघ संस्थाहरूको स्थापना गरी त्यसमा संलग्नता देखाउँदै आएका छन् । जाजरकोटको सदरमुकाम खलङ्गा-३ मा रहेको घरमा सबै आफ्नै लगानीमा कार्कीले सङ्कलन गरेका पुस्तकहरूबाट २०५८ सालदेखि पुस्तकालयको आकार लिएको थियो ।[८६] ‘पुस्तक पढेपछि मान्छेको चारित्रिक

---

[८३] राजेश्वर कार्कीबाट प्राप्त जानकारी ।

[८४] प्रभा कार्कीबाट प्राप्त जानकारी ।

[८५] ऐजन ।

[८६] रुद्र खड्का, “जाजरकोटका नमुना व्यक्तित्व”, *नेपाल,* मासिक, (१-१५ भदौ, २०६०), पृ. ५ ।

विकासमा सहयोग पुग्छ र ऊ साँच्चै असल बन्छ' भन्ने कार्कीका अनुसार पुस्तकालयमा रहेको सबभन्दा पुरानो पुस्तकचाहिं 'ईश्वर दर्शन' हो । हिन्दी भाषामा लेखिएको उक्त पुस्तक वि.सं. १९७८ सालमा भारतको मुम्बईबाट प्रकाशित भएको थियो । उक्त पुस्तकालयमा धार्मिक विधाका अलावा कविता, उपन्यास, कथा लगायतका साहित्य सङ्गृहीत एक हजार दुई सय भन्दा बढी नेपाली, अङ्ग्रेजी र हिन्दी भाषाका पुस्तकहरू छन् ।[८७] उपर्युक्त विविध आधारहरूले गर्दा कार्कीको संस्थापक व्यक्तित्वको पहिचान हुन पुगेको छ ।

## ३.५ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनबीच अन्तःसम्बन्ध

योगेश्वर कार्कीको सात दशक लामो जीवनावधिले सामाजिक, राजनैतिक, आर्थिक एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशलाई भोग्दै र सामना गर्दै आएको देखिन्छ । यिनले जीवन भोगाइका क्रममा अनुभव गरेका सरल तथा जटिल परिस्थितिहरूले उनलाई एउटा निश्चित मार्गदर्शन गर्दै लगेको देखिन्छ । नेपाली जनजीवनका विविध परिवेशहरूमध्येमा साहित्यिक वातावरणले प्रभावित कार्कीको जीवनको पहिलो सार साहित्यिक सिर्जना, सेवा र सम्बर्द्धन हो । उनको साहित्यिक परिवेशप्रतिको यही झुकाउले साहित्यकार व्यक्तित्वको रूपमा प्रस्तुत गरको छ । साहित्य र साहित्यिक परिवेशप्रतिको सूक्ष्म दृष्टिकोणले उनलाई साहित्यसेवक तथा सामाजिक व्यक्तित्वका रूपमा निर्माण गरेको छ । उनको जीवन शैलीले निर्माण गरेको साहित्यिक व्यक्तित्वबाट सिङ्गो साहित्यलेखनमा प्रभाव पारेको देखिन्छ । ठाउँ, रहनसहन, वातावरण, चिन्तन, परिवेश धेरै भिन्न र व्यापक हुन्छ र उनका रचनाहरू पनि त्यसरी नै व्यापक बन्न थाल्छन् । कार्कीको 'संयुक्त रस पात्र' कविता सङ्ग्रहमा जीवनीको प्रभाव अन्य कृतिमा भन्दा बढि पाइन्छ । उदार मन तथा सहृदयी लेखक योगेश्वर कार्की नेपाली साहित्यका गीत, यात्रासंस्मरण, कविता तथा अन्वेषक व्यक्तित्व हुन् । उनले जीवन व्यतीतका क्रममा भोगेका र अरूले सहन बाध्य हुन परेका दुःख पीडाहरूका कारकतत्त्वहरूप्रति नै उनको लेखक व्यक्तित्व जुनसुकै माध्यमबाट पनि स्वतस्फूर्त

[८७] ऐजन ।

रूपमा प्रकट हुन पुगेको देखिन्छ । उनका गद्यपद्य दुवै साहित्य सिर्जनामा नेपाली जनजीवनमा देखापर्ने विविध व्यवधानहरूप्रति विद्रोह व्यक्त गरिएको पाइन्छ । यिनको जीवनयात्रा क्रमले निर्माण गरेको साहित्यिक र सामाजिक व्यक्तित्वको प्रभाव सिङ्गो साहित्यिक लेखनमा परेको छ । उनका रचनामा जीवन भोगाइका कटु यथार्थ विभिन्न अनुभवहरू आफू बसेको धर्तीमा जुन असङ्गत विसङ्गत पक्षहरूलाई देखे अर्थात् मानवीय जीवन सङ्घर्षमा जुन मूल्यगत द्वन्द्व अस्तित्वको सङ्कट, बाँच्नुको विवशता र समाजको कुरूपतालाई देखे त्यसैलाई नै उनले आफ्नो साहित्य लेखनको विषयवस्तु बनाएका छन् । पारिवारिक वातावरण, जीवन भोगाइका उकालीओराली आफ्नो परिवार तथा अग्रजहरूका प्रेरणाबाट पलाएको रुचिले उनको साहित्य लेखनमा सक्रियता प्रदान गरेको छ । योगेश्वर कार्कीको बाल्यकालदेखि नै साहित्यिक गतिविधिप्रतिको निकटतम सम्पर्क र झुकाउले गर्दा उनको जीवनी, व्यक्तित्व र साहित्यिक लेखनबीच अन्तःसम्बन्ध रहेको देखिन्छ ।

# परिच्छेद-चार

# योगेश्वर कार्कीको कृतित्वको अध्ययन

## ४.१ योगेश्वर कार्कीको साहित्यिक यात्रा

वि.सं. १९९० मा जाजरकोट जिल्लाको सदरमुकाम खलङ्गा-३, काजिवाडा भन्ने टोलमा जन्मेका योगेश्वर कार्कीले नेपाली साहित्य र साहित्येतर भाषा, शिक्षा, इतिहास जस्ता विधामा कलम चलाएका छन् । यिनले नेपाली साहित्यको कविता, गीत, निबन्ध आदि विधामा उल्लेखनीय योगदान दिएका छन् । यसका अतिरिक्त कार्कीले अध्यापन, राजनीति, समाजसेवा जस्ता कार्य पनि गरेको पाइन्छ । यसरी लेखनअभ्यासको समयलाई हेर्दा २०११ सालदेखि नै प्रारम्भ भएतापनि प्रकाशनको दृष्टिले भने २०२६ सालसम्म कुर्नु परेको देखिन्छ । यो उनको साहित्ययात्रा मृत्युपर्यन्त करिब पाँच दशक लामो समयभित्र उनका रचनामा देखिने प्रवृत्तिगत मोडहरूको निर्क्योल, विवेचना र विश्लेषण गर्नु नै उनको साहित्यिक यात्राको काल विभाजन हो । पाँच दशकको समयावधिमा आएका विभिन्न उतारचढाउ, कृतिको परिणाम र गुणस्तर, प्रवृत्तिगत अन्तरविकास, फुटकर रचना तथा कृतिको प्रकाशन, वैचारिक, भाषिक, विषयवस्तु तथा शैल्पिक परिष्कार र परिमार्जन, आयाम तथा विषयवस्तुगत नवीनता आदिका आधारमा यिनको साहित्यिक यात्रा दुई चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ -

१. प्रथम चरण (२०११-२०२६)

२. द्वितीय चरण (२०२७-२०६१) सम्म

### ४.१.१ प्रथम चरण (२०११-२०२६)

साहित्यकार योगेश्वर कार्कीले २०११ सालदेखि कविता लेखनाभ्यास गर्न थालेको भए तापनि यिनका छरिएर रहेका रचनाहरू गीत, कविताप्रतिको मोहलाई २०२६ सालमा गीतहरूको सङ्ग्रह ‘राष्ट्रिय सङ्गीत सुधा’ नामक प्रथम

पुस्तकाकार कृति स्वयम् आफै प्रकाशन गर्न पुग्दछन् । यस लघु आकारको पुस्तिकामा जम्मा १३ वटा गीत सङ्कलित भई प्रकाशनका दृष्टिले एउटा मात्र कृति सङ्ग्रहका रूपमा प्रकाशित भएको हुनाले यस समयावधिलाई आभ्यासिक चरणका रूपमा लिनु उपयुक्त हुन्छ । 'राष्ट्रिय सङ्गीत सुधा' गीतसङ्ग्रहमा सङ्कलित गीतहरू दुईदेखि ८ अनुच्छेद तथा ७ देखि ४१ पङ्क्तिमा आबद्ध छन् । लोकलयका विविध विषयलाई अबलम्बन गरी लेखिएका यी गीतहरूमा देशभक्ति र राष्ट्र निर्माणको अटल भाव छ । यी कवितामा राष्ट्रियता, पञ्चायती भावना, वात्सल्य, प्रकृतिचित्रण, एक्लोपन, विरह आदि पक्ष प्रस्तुत गरिएको छ । कवि कार्कीमा साहित्यको विधागत सचेतता र परिपक्वता नआइसकेको लेखन यस सङ्ग्रहका गीतका अध्ययनबाट स्पष्ट  हुन्छ । यस अवधिमा उनले एउटा गीतसङ्ग्रह दिन पुगे । यही नै यिनको यस सिकारु चरणको प्रमुख उपलब्धि हो । यसैले कार्कीको कवित्वको यस चरणलाई आभ्यासिक चरणका रूपमा राख्न सकिन्छ ।

### ४.१.२ द्वितीय चरण (२०२७–२०६१) सम्म

योगेश्वर कार्कीको प्रथम चरण आभ्यासिक चरण हो भने दोस्रो चरण लेखकको परिष्कार र परिमार्जनको समय हो । यस चरणमा यिनी कविता र गीत विधामा मात्र सीमित नभएर निबन्ध लेखनतर्फ पनि सक्रिय भएका छन् । २०२७ सालपछि झन्डै तीस वर्षको अन्तरालमा जापान भ्रमणको सिलसिलामा विभिन्न ठाउँको अवलोकनसमेत आफ्नै आँखाले नजिकैबाट हेर्न र अनुभव गर्न पाएकाले तिनै ज्ञान तथा अनुभव नियात्राका रूपमा प्रस्तुत गरिएको छ । यसै चरणमा दुईवटा पुस्तकाकार कृति छापिएका छन् । ती दुई कृतिमध्ये 'मेरो जापान भ्रमण' (२०५७) यात्रासंस्मरण हो भने 'संयुक्त रस पात्र' (२०५९) कविता सङ्ग्रह  हो । यसका अतिरिक्त लेखरचनाहरू र 'संयुक्त रस पात्र' कविता सङ्ग्रहका ७ वटा रचनालाई आफ्नै स्वर तथा सङ्गीतबद्ध 'विविध रस' (२०५९) गीति क्यासेट एल्बम आदि पाइन्छन् । यी दुवै कृतिमा शिल्पगत परिष्कार तथा परिमार्जनका साथै प्रथम कृति 'राष्ट्रिय सङ्गीत सुधा' का ६ वटा भने पनि ४ वटा

रचनाहरूमा केही भाषिक परिष्कार गरी 'संयुक्त रस पात्र' कवितासङ्ग्रहमा समावेश गरिएको पनि छ । 'मेरो जापान भ्रमण' यात्रासंस्मरणमा जम्मा ४४ वटा शीर्षक परेका छन् । यिनै भ्रमण संस्मरणमा विभिन्न महत्त्वपूर्ण स्थानहरूको परिचय दिदै छोटा, सरल, सहज भाषामा व्यक्त गरेका छन् ।

'संयुक्त रस पात्र' कवितासङ्ग्रहमा भजन, धर्म, विसङ्गति, शान्ति आदि विषयका साथै सरल तथा सुस्पष्ट गद्यपद्यात्मक भाषाशैली कतैकतै आद्य, मध्य र प्रायः अन्त्य विविध अनुप्रासीय संयोजन गर्दै साङ्गीतिक श्रुतिरम्यतालाई पनि कवितासङ्ग्रहमा कविले समेटेको पाइन्छ । यो कार्कीको हालसम्म प्रकाशित भएका कृतिहरूमध्ये सबैभन्दा पछिल्लो समयमा प्रकाशित भएको कृति हो । 'राष्ट्रिय सङ्गीत सुधा' मा आरम्भ भएको कार्कीको सङ्गीत प्रतिको मोह यहाँ परिष्कारपूर्ण ढङ्गमा 'विविध रस' गीति क्यासेट एल्बममा सल्बलाएको छ ।

यसरी पुस्तकाकार रूपमा दुईवटा कृतिमात्र यो चरणमा आएतापनि संरचनागत परिपुष्टता भने पहिलेको भन्दा परिष्कृत भएर आएको छ । कविताको स्वरूपतिर पनि यस अवधिमा सफल भएका छन भने यात्रा निबन्ध क्षेत्रमा यिनले पुऱ्याएको योगदान उल्लेखनीय छ । त्यसैले यो चरण कार्कीको विधागत विस्तार भएको चरण हो । उनले विविध विधामा कलम चलाए पनि समधर्मी उचाइ तथा स्तरीयताका साथै थप आयामको सिर्जना गरेको हुनाले नै यो चरण यिनको सबैभन्दा उर्वर, परिष्कार र परिमार्जनको चरण मानिएको हो । प्रथम चरणको अपेक्षा यहाँ यिनी परिष्कृत भई नेपाली साहित्यको एक प्रतिभाका रूपमा स्थापित भएका छन् । त्यसैले यसलाई दोस्रो चरणअन्तर्गत राखिएको हो ।

## ४.२ 'राष्ट्रिय सङ्गीत सुधा' गीतसङ्ग्रहको अध्ययन

वि.सं. २०२६ मा प्रकाशित **राष्ट्रिय सङ्गीत सुधा** नामक गीतसङ्ग्रह गीतकार योगेश्वर कार्कीको प्रथम औपचारिक कृति हो । पाटन प्रिन्टिङ प्रेस नेपालगन्जबाट मुद्रण भएको यस पुस्तिकाका प्रकाशक लेखक स्वयम् हुन् । यस गीतसङ्ग्रहमा क्रमशः 'भवानी प्रार्थना', 'देश बनाऔं', 'देश र महेन्द्र नरेश',

'पञ्चप्रति', 'युवकप्रति', 'बालकप्रति', 'गाउँ बनाऔं', 'गाउँ रमाइलो', 'दाजु ! विदेशमा नबस', 'गाउँतिर फर्की जाउँ', 'कसरी काल बिताऊँ ?', 'सुनाउँ रसिलो राग', 'जाउँ म जाउँ कहाँ', शीर्षकबद्ध १३ वटा गीतहरू समेटिएका छन् । प्रस्तुत सङ्ग्रहमा योगी नरहरिनाथले चार पङ्क्तिको शार्दूलविक्रीडित छन्दगत पद्यात्मक पुष्पाञ्जलीमा सम्मति लेखिदिएर अझ उचाइ थपिदिएका छन् । यस सङ्ग्रहभित्रका रचनाहरू कवितात्मक भन्दा बढी गीतात्मक छन् । यहाँ यी गीतहरूको सामान्य परिचयात्मक टिप्पणी गरिएको छ ।

'भवानी प्रार्थना' गीतिछन्दका ७ पङ्क्ति २ अनुच्छेदका आयाममा संरचित यस सङ्ग्रहअन्तर्गतको प्रथम रचना हो । हाम्रो प्रचलित विश्वासअनुसार सुरुमा देवी आराधना गर्ने गरिन्छ । त्यसैले कविद्वारा उक्त नियम यहाँ पनि पालना भएको छ । उनी सुरुमै विघ्नहर्ता भवानीप्रति यसरी आफ्नो भक्ति भाव प्रकट गर्छन्, जस्तैः

*जय-जय जगतकी माता स्वामिनी*

*तिमी नै कर्ता तिमी नै भर्ता तिमी सबकी दुःख निवारिनी*

*प्राणी सबको रक्षा गरिकन गर कल्याण भवानी, (पृ.५)*

यहाँ म पात्र कविद्वारा तिमी पात्र दुर्गा भवानीसँग अब म तिम्रै शरणमा छु । सारा शुभकार्यमा अगुवा, ज्ञान र सिद्धका दाता अब तिमीले मलाई कल्याण गर भन्ने भक्तिभाव व्यक्त भएको छ । यसरी सुरुको भजनमार्फत भावनीसँग ज्ञानका लागि पुकार गर्छन् ।

'देश बनाऔं' गीति छन्दका जम्मा ४१ पङ्क्ति ८ अनुच्छेदमा संरचित यस गीतमा अन्त्यानुप्रासीयताको परिपालन गरिएको छ । जसबाट साङ्गीतिकताका साथै भावको तीव्रतामा पनि वृद्धि भएको देखिन्छ । कवि कार्कीले सामाजिक विषम परिस्थितिप्रति चिन्ता, राष्ट्रिय गौरवगान, देश विकासको मोह, गाउँ प्रतिको आकर्षणलाई आफ्ना गीतमा प्रस्तुत गरेका छन् । उनका गीतका पङ्क्तिहरू यस्ता छन्ः

*पञ्चायती प्रजातन्त्र अहा ! कति राम्रो*

*यस माथि भरगरी देश बनाऔं हाम्रो*

*बनाउने छ शहर जस्तै यसले गाउँ पनि*

*हुनेछ नेपाल देश स्वर्ग जस्तै अनि, (पृ.६)*

'देश र महेन्द्र नरेश' शीर्षकको गीत जम्मा १५ पङ्क्ति ६ अनुच्छेदमा आबद्ध गरिएको छ । प्रश्नोत्तरका ढाँचामा लेखिएको यस गीतमा देशभक्ति, राजभक्ति, वीरता र स्वाभिमानलाई पनि अभिव्यक्ति दिएका छन्:

*विश्वमा नाउँ छ नेपाली वीरको साहशी भनेर*

*प्रगति शिखर उक्लन देशलाई कति होला अबेर, (पृ.८)*

उपर्युक्त उदाहरणमा कवि कार्कीले नेपालीहरू वीर गोरखालीका नामबाट संसारभरि प्रख्यात छन् । उनीहरूले अङ्ग्रेजसँगको युद्धमा देखाएको वीरता अझै पनि ताजै छ । नेपालीहरू वीरताका क्षेत्रमा मात्र  होइन कला तथा संस्कृतिलाई विश्वका विभिन्न राष्ट्रमा पुऱ्याउन पनि पछि परेका छैनन् भन्दै लोकलयमा देशलाई प्रगतिको शिखर सामु लिनुपर्ने सन्देश दिन्छन् । प्रस्तुत गीत सरल, सरस, सहज भाषाशैलीमा अभिव्यक्त भएकोले भावको सुन्दरता उत्पन्न भएको छ ।

'पञ्चप्रति' गीत जम्मा २६ पङ्क्ति ५ अनुच्छेदका आयतनमा संरचित लोकलयमा आबद्ध छ । यस गीतमा अन्त्यानुप्रासको राम्रो संयोजन भएकोले साङ्गीतिकता र गेयात्मकताको सिर्जना पाइन्छ । यहाँ समस्यै-समस्याका बीचमा गुजुल्टिएको गाउँले जीवनका जटिलता, विवशता विषमताको चित्रण गर्दै रोग, भोग, अशिक्षा, जातीय भेदभाव, अन्धविश्वासबाट उन्मूलनतर्फ अग्रसरता देखाउनुपर्ने आवश्यकता यसरी प्रस्तुत गर्छन् :

*रगत एउटै रातो सबको कोही नीच जाति,*

*किन यस्तो भेद भाव उही मानव माथी,*

*एकताको रुकावट छुआ छूत लाई,*

*निर्मूल पारि दिऔं सत्य दरशाई, (पृ.१०)*

'युवकप्रति' २५ पङ्क्ति ८ अनुच्छेदमा संरचित छ । यस गीतमा कविले युवकलाई देशनिर्माण, देशविकास र उन्नति गर्ने युवा शक्तिका रूपमा लिएका छन् । उनले लेखेका छन्:

*काँध माथि कोदाली बोकेर, एक पछि अर्को सबै सुरिएर*

*जोसका साथ होस लिएर, बनाऔं बाटो घाटो छीटो गरेर, (पृ.११)*

यहाँ गीतकारले नेपालीहरूको पौरख कम भएका कारण राष्ट्रकै उचाइ दिनप्रतिदिन घट्दै छ । त्यसैले नेपालीहरू आफ्नै पौरख र ज्ञानका साथ देश विकास तथा निर्माणमा सक्रियता देखाउन जोड दिएका छन् ।

'बालक प्रति' शीर्षक १४ पङ्क्ति ४ अनुच्छेदका लोकलयमा आबद्ध छ । यस गीतमा अन्त्यानुप्रासीयताका साथै शीर्षक र कथ्यका बीच अन्तःसङ्गति पाइन्छ । गीतकार कार्कीले वात्सल्यभाव भएको शीर्षक केन्द्रीय भावगत आधारमा राखेका छन् । उनले बालकलाई पढी, लेखी असल भएर भोलि देशलाई सत्यको बाटो देखाउने सेवकका रूपमा लिएका छन् :

*सबै तिम्रो भरमाछौं उठाउनेछौं होसले*

*अल्छी कति नमान काम गर फुर्तिले,*

*पढी लेखी जान्ने भई सेवा गर देशको*

*भोलिका तिमी अगुवा बाटो हिड सत्यको । (पृ.१२)*

यहाँ भावानुकूल सरल, सरस तथा सुकोमल भाषाशैलीको सफल संयोजन गरिएको छ । सुरु स्थायी २ पङ्क्ति अनुच्छेद भए पनि अरु ३ अनुच्छेदमा ४ पङ्क्तिका वितरणबाट अर्न्तलयको सिर्जना गरी गीतलाई गेयात्मक तुल्याइएको छ । यसरी भाषा अनि भावबीच तालमेल भएको हुनाले यसको शीर्षक सार्थक रहेको देखिन्छ ।

'गाउँ बनाऔं' गीति छन्दका जम्मा २६ पङ्क्ति ५ अनुच्छेदका आयाममा संरचित प्रस्तुत गीतमा अन्त्यानुप्रासीयताको परिचालन गरिएको छ । जसबाट साङ्गीतिकताका साथै भावको तीव्रतामा पनि वृद्धि भएको छ । यस गीतमा कविले गाउँमा भएको वस्तुस्थिति दर्शाउने, चालचलन, अन्धविश्वास, पछौटेपन जस्ता कुरालाई उठाएका छन् । उनी गीतमा यसरी व्यक्त गर्दछन्:

*पुगीसके चन्द्रलोक विकसित देश,*

*गाउँको भने उही चाल रुढी बूढी भेष, (पृ.१४)*

यहाँ गीतकारले विकसित समाज चन्द्रलोक पुगे पनि हाम्रा गाउँघरमा अन्धविश्वास, रुढी बूढीको जड हट्न नसकेको कुरालाई उठाएका छन् । यस गीतमा अनुप्रासीयता, साङ्गीतिकता र गेयात्मक लोकलयको संयोजन भएकोले वर्तमान अवस्थामा सार्न्दभिक रहेको पाइन्छ ।

'गाउँ रमाइलो' शीर्षक २२ पङ्क्ति ६ अनुच्छेदमा संरचित गीत हो । यस गीतमा गाउँमा भएका मनमोहक दृष्य, शान्त वातावरण, प्रकृति जस्ता कुराको वर्णन छ । यस्तै उदाहरणको एक अंश हेरौं:

*खेत र बारी बगैचा रमाईलो बस्ती पहाडको,*

*काफल र केरा सुन्तला भरिपूर्ण फलेको, (पृ.१४)*

'दाजु ! विदेशमा न बस' जम्मा १२ पङ्क्ति ६ अनुच्छेदमा आबद्ध यस गीत लोकलयमा संरचित छ । गीतकारले आमा भनेर मातृभूमिको प्रतीकात्मक रूपमा लिएका छन् । यहाँ उनी भन्दछन्:

*न बस दाजु बिदेश भित्र स्वदेशलाई भुलेर,*

*विलौना गर्छिन रोएर आमा तिमीलाई संभ्रेर, (पृ. १५)*

यस गीतमा १८ अक्षरको लोकलयमा आफ्नो देशमा नै आमाको सेवा गरी, आफ्नै देशलाई फलाउने, फुलाउने कुराको निकै मार्मिक ढङ्गमा राष्ट्रियताको सन्देश दिएका छन् । परदेशका दाजुलाई सम्भ्रेर नेपाल आमाको हृदय कारुणिक

भएको कुरा प्रस्तुत गरिएको छ । नेपाली आमा वा मातृभूमिका निम्ति केही गर्नु पर्छ भन्ने अर्थबोध र कर्तव्यबोध प्रकट गरिएको छ । दासमय जीवनयापन गर्नुपर्ने विवशता परम्परागत सामन्तीद्वारा उत्पीडित नेपालीहरूको विदेशीनुपर्ने विवश परिस्थितिको कारकतत्त्व नै सामन्त जाली शोषकहरू भएको कुरालाई औंल्याएका छन् :

*सामन्त जाली शोषकहरूले तिमीलाई धपाए,*

*उन्मूलन भए ती तत्त्वहरू तिम्रा नै दिन आए, (पृ. १६)*

'गाउँतिर फर्की जाऊ' जम्मा २० पङ्क्ति ८ अनुच्छेदमा संरचित लोकलयमा आबद्ध गीत हो । यस गीतमा गाउँको कुरीति, अन्धविश्वास हटाउँदै उन्नतिको शिखरमा पुऱ्याउने नैतिक सन्देश व्यक्त गरेका छन् :

*मैला पखाली गाउँको सेता सफा बनाऔं,*

*कूरीति फ्याँकी गाउँको सुरीति लगाऔं,*

*उन्नतिको शिखरमा गाउँ पुऱ्याउन जाऔं, (पृ. १६)*

'कसरी काल बिताऊँ ?' शीर्षकको गीत ११ पङ्क्ति ४ अनुच्छेदको बाह्य संरचनामा आबद्ध छ । कवि कार्कीले यस गीतमा कारुणिक भाव व्यक्त गरेको पाइन्छ । उनले लेखेका छन् :

*मन रुन्छ मेरो, दिल टुट्छ मेरो, नभई कोही सहारा,*

*कसरी काल बिताऊँ ?, (पृ. १७)*

यहाँ आफूले झैं पीडा बोकेर बाँच्ने मान्छे अरु नभएको र त्यस्तो अवस्थामा पनि आँसुका पीडा बुझ्ने व्यक्ति कोही नभेटेर निराशा बनेको कुरा गीतकारले पोखेका छन् ।

'सुनाऊ रसीलो राग' लामा छोटा १४ पङ्क्ति ४ अनुच्छेदमा संरचित यस गीतमा आफ्नो भावनालाई यसरी गीतमा भन्छन् :

*स्फूर्ति बढाई कण्ठ खुलाई घरको बीचमा आई,*

*सुनाउ रसिलो राग, (पृ. १९)*

यहाँ गीतकारले स्फूर्ति बढाई, घरको बीचमा आएर खुला कण्ठका साथ रसिलो राग सुनाउनु पर्ने धारणा दिएका छन् ।

'जाँउ म जाँउ कहाँ' जम्मा ११ पङ्क्ति ४ अनुच्छेदमा संरचित गीत हो । यो गीत भावनात्मक रूपमा लेखिएको छ र यसमा कविपात्र एक्लै विरहमा डुबेका छन् :

*म एक्लै छु कोही छैन साथी,*

*विरहको यो जंगल माथी, (पृ. १९)*

यस कवितामा प्रथमपुरुषीय आत्मलापीय कथनपद्धतिको उपयोगद्वारा कविपात्रले एक्लै निराशाका अभिव्यक्तिहरू पोखेका छन् । लोकलयको सफल अन्त्यानुप्रास संयोजित यस गीतमा भाषा र भावबीच तादात्म्यता हुन गई गीतिमय र श्रुतिरम्य हुन पुगेको देखिन्छ । शीर्षकबाटै गीतको विषयवस्तुको सङ्केत भएको पाइन्छ । त्यसैगरी प्राकृतिक एवम् सामाजिक बिम्ब र प्रतीकको प्रयोगबाट यस गीतको भावमा प्रवाहमयता आएको छ ।

समग्रमा यी गीतिकविताहरूलाई गीतितत्त्वका आधारमा शीर्षक, संरचना, विषयवस्तु, भावविधान, लयविधान, बिम्बप्रतीक र भाषाशैलीको क्रमशः समीक्षात्मक अध्ययन यसप्रकार गर्न सकिन्छ ।

### ४.२.१ शीर्षक

शीर्षक गीतको एउटा अङ्ग हो, जसले गीतभरिको सारभूत भाव-विचारको सूचना गीतमा शीर्षक र केन्द्रीय कथ्यबीच बाहिरी वा आन्तरिक सङ्गति भएन भने राम्रो मानिँदैन ।[८८] त्यसैले गीतको शीर्षक विषयवस्तु अनुरूप हुनु आवश्यक छ । गीतकार कार्कीले 'राष्ट्रिय सङ्गीत सुधा' गीतसङ्ग्रहको नामकरण यस सङ्ग्रहमा सङ्कलित गीतहरूमध्येको कुनै एकको शीर्षकबाट नभएर सबै

---

[८८] बासुदेव त्रिपाठी र अन्य (सं.), *नेपाली कविता भाग ४*, (काठमाडौं: साझा प्रकाशन, २०४६), पृ.१७ ।

गीतहरूलाई समेटने गरी राखिएको छ । यस गीतसङ्ग्रहको नामकरण र सङ्कलित गीतहरूबीच अन्तःसङ्गति पाइन्छ । शीर्षक चयनमा गीतकारले आफ्नै मौलिक पद्धतिलाई अँगालेका छन् ।

### ४.२.२ संरचना

कार्कीको 'राष्ट्रिय सङ्गीत सुधा' गीतसङ्ग्रहभित्र जम्मा अठार पृष्ठमा संरचित १३ वटा विविध विषयका गीतहरू सङ्कलित छन् । कृतिको आकार लघु खालको छ । 'भवानी प्रार्थना' (पृ.५), 'जाउँ म जाउँ कहाँ' (पृ. १९) गीतहरू आधा पृष्ठमा, 'बालकप्रति' (पृ.५)र 'देश र महेन्द्र नरेश' (पृ.८) एक पृष्ठमा तथा कुनैकुनै 'देश बनाऔं' (पृ.५), 'पञ्चप्रति' (पृ.९), 'युवकप्रति' (पृ.१०), 'गाउँ बनाऔं' (पृ.१३) एक भन्दा बढी पृष्ठमा समेटिएको छ । उनका गीति रचनाहरू दुई देखि आठ अनुच्छेद तथा सात देखि ४१ पङ्क्तिमा संरचित छन् । यस भित्रका गीतमा दुई पङ्क्तिको एक अनुच्छेद, तीन, चार र पाँच पङ्क्ति सम्मका अनुच्छेद बनाइएको छ ।

### ४.२.३ विषयवस्तु

विषयवस्तु गीतको प्रमुख तत्त्व हो र यसलाई गीतकारले कलात्मक ढङ्गले प्रस्तुत गरेको हुन्छ । गीतकारले देखेका, भोगेका, अनुभव गरेका, विषयवस्तुले पनि यसमा प्रशस्त स्थान पाउँछ ।[८९] गीतकार योगेश्वर कार्कीले 'राष्ट्रिय सङ्गीत सुधा' सङ्ग्रहका विषयवस्तु आफ्नै अनुभव, देखाइ र भोगाइलाई गीतको रूप दिई कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । उनका गीतमा राष्ट्रियता, देशविकास, देशनिर्माण, देशभक्ति, राजभक्ति, प्रकृतिचित्रण, वात्सल्य आदि विविध विषयवस्तुका गीतहरू समेटिएका छन् । गीतकार कार्कीका गीतहरूमा पाइने देशप्रेमले देशलाई जताततै खोजेका छन् र मातृभूमिलाई प्रेम गरेका छन् । नेपाली नामलाई विश्वमा चिनाउन, हिमाल, पहाड, तराईलाई उठाउनु परेको कुरा पनि उनका गीतमा प्रष्टै देखिन्छन्; जस्तै :

[८९] ऐजन, पृ. २० ।

*देशोन्नति गरौं सारा शक्ति लगाएर*

*नेपाललाई स्वर्ग बनाऔं विघ्न हटाएर ।*

(देश बनाऔं, पृ.७)

यहाँ देशको विकास, निर्माण र उन्नतिमा बाधा विघ्नलाई हटाएर सम्पूर्ण शक्तिले नेपाललाई स्वर्ग समान बनाउन सकिने धारणा व्यक्त गरिएको छ । त्यस्तै यस गीतसङ्ग्रहभित्र अन्य विषयवस्तुको विविध पक्षहरूलाई प्रस्तुत गर्ने सन्दर्भमा प्रकृतिको सहारा लिएका छन् । विशुद्ध प्रकृतिगान कार्कीका गीतको मुख्य ध्येय नभएतापनि अन्य विभिन्न भावधाराका उत्प्रेरक र संवाहक बिम्बका स्वरूपमा चाहिँ प्रकृतिले उनको गीतहरूलाई निकै घच्घच्याएको पाइन्छ । प्रकृतिका विभिन्न सन्दर्भहरू मध्ये खोला, हिमाल, पहाड, आकाश, फूल, पाखा, डाँडा, छहरा आदिलाई विभिन्न गीतहरूमा समावेश गरी कतै मानवीकृत गरेर त कतै प्रकृतिको वस्तुपरक वर्णन पनि गरिएको छ । आफ्नै जिल्लाका सबैलाई लोभ्याउने सुन्दर प्रकृतिको दृश्यात्मक वर्णन यसरी गरेका छन -

*मकैका पात सुस्याउने गहुँका बाला झुलेका*

*हरियो वन पहाडका लाली गुराँस फुलेका*

(गाउँ रमाइलो, पृ.१४)

प्रस्तुत गीतहरूमा कविले प्रकृतिलाई मन्मय र तन्मय चित्रण गर्दै ग्रामीण शान्त वातावरण र प्रकृतिको अपार भण्डार वनमा पाइने लाली गुराँस फुलेका दृश्यलाई चित्रमय शैलीमा उल्लेख गरेका छन् । यसरी विविध विषयवस्तुलाई गीतकारले आफ्ना रचनाहरूमा समेटेको देखिन्छ ।

## ४.२.४ भावविधान

गीत रचनाको मुख्य धर्म नै भाव वा विचार हो । गीतमा आफ्नै दैनिक जीवनका विविध घटना र अनुभवहरूलाई नै गीतको रूपमा उल्लेख गरेका हुन्छन् । गीतकार कार्कीका गीतमा राष्ट्रियता, देवभक्ति, राजभक्ति, पञ्चायती

भावना, गाउँफर्क अभियान स्वयम् जिन्दगीका सुख दुःख व्यक्त भएको पाइन्छ । गीतकार कार्कीले प्रकृति चित्रण र राष्ट्रभक्तिका भावमा मात्र गीत नलेखेर बालगीतहरू पनि लेखेका छन् । उनका गीतमा बालकका भावनाहरू पनि आएको पाइन्छ । 'बालकप्रति' त्यस्तै वात्सल्य भावको ज्यादै मार्मिक बालगीतका केही पङ्क्तिहरू यस्ता छन -

*पढ साना बाबु हो, पढ सानी नानी*

*कति ज्ञानी हाम्रा भाइ कति राम्री बहिनी*

(बालकप्रति, पृ. १२)

यहाँ कार्कीले पढ्-लेख गर्नु, बिहानै उठ्नु, सफा लुगा लगाउनु, कक्षामा गुरुको अर्ती सुनिदेऊ भन्दै ज्ञानी भई देशको सेवा गर्ने अगुवा नेता बन भनेर आर्शीवाद पनि दिएका छन् । गीतकार कतै विरह एवम् एक्लोपनका छटपटी र वेदनाले मुटुको भक्कानो फुटेर देखापर्छन् भने कतै आँसु बनेर बग्छन । यस्तै उदाहरण सङ्ग्रह भित्रकै कवितांशबाट हेरौं-

*रोएको दिललाई शान्त बनाई*

*सुन्दर बागमा लेउ मलाई*

(जाउँ म जाँउ कहाँ, पृ.१९)

यहाँ जिन्दगीमा रोएर कतिरातहरू विते तर आँसु पुछिदिने कोही छैनन् । तैपनि आशा पूरा गर्न दिललाई शान्त बनाई सुन्दर बगैचामा लिन आग्रह गर्दछन् ।

### ४.२.५ लयविधान

लयले शब्दको सामान्य अर्थलाई पनि उच्च र प्रभावकारी बनाइदिन्छ । भाषिक अभिव्यक्तिका सन्दर्भमा भाव +लय = कविता हो भने कविताकै लघु रूप

वा भनूँ फुटकर कविताकै एक भेद गीत हो, जुन गेय हुन्छ ।[९०] गेयता वा गीतिगुण वस्तुतः गीतको सबै भन्दा प्रमुख वैशिष्ठय हो, नीजत्व हो । शब्दान्तरमा कविताकै एक विशेषरूप जब सङ्गीत प्रधान बन्दछ तब त्यो गीति कविता वा गीत हुन्छ ।[९१] भावको आत्मपरक अभिव्यक्ति गीतका लागी अनिवार्य भए जस्तै लय पनि गीतको लागि आवश्यक नै हुन्छ । गीतमा लयको ठूलो महत्त्व हुन्छ । किनभने गीतलाई अन्य विद्याबाट अलग्याउने मूल तत्त्व नै लय हो । यस सङ्ग्रहभित्रका प्रायः सबै गीतहरू गीति छन्दमा लेखिएका छन् । लयविधानका दृष्टिले हेर्दा गीतकार कार्कीका गीतमा परम्परित, लोकलय र मुक्तलयको प्रयोग छ । जस मध्ये मुक्त लयको नै प्राधान्यता पाइन्छ भने आठदेखि सत्ताइस अक्षर सम्मको लयविधान देखिन्छ । लोकलयको प्रभावमा परी १६ अक्षरको झ्याउरे वर्णगत लयमा रचिएको तर लयको विश्राममा वर्ण वितरणको समानुपातिक र समुचित पालना भएका र नभएका तर अर्न्तलयात्मक प्रवाह भने अनवरत र अविच्छिन्न भइरहेका गीतहरूको उदाहरण हेरौं :

१. *बसेका गाउँ डाँडामा टाकुरा पाखा बगर,*

*रातो र सेतो माटोले पोतेका घर सुन्दर ।*

(गाउँ रमाइलो, पृ.१४)

२. *पिपल वर लाएको चौवाटोमा चौतारी*

*घुमेका बाटा सर्पझैं गोडा लामो पसारी*

(ऐजन, पृ.१४)

दृष्टान्त एकको गीतमा १६ अक्षरको झ्याउरे लोकलय ढाँचाको गीति श्लोकमा वर्णगत समानुपातिक वितरण पाइन्छ तर उही शीर्षकमा रहेको अर्को दृष्टान्त दुईमा १५ अक्षरको भएर वर्णगत समानुपातिक वितरणको अभावमा झ्याउरे लोकलय यथोचित हुन नसकेको देखिन्छ ।

---

[९०] कुमारबहादुर जोशी, *कविता चर्चा,* (काठमाडौं: साझा प्रकाशन,२०४०), पृ.११९ ।

[९१] ऐजन ।

योगेश्वर कार्कीका केही गीत मुक्त लय विधानमा संरचित भएका छन् । त्यस्तो गीतको एउटा नमुना हेरौं :

*रमणीय गाउँलाई जागृत बनाउन जाऔं-* *१७ वर्ण*

*अज्ञानता हटाउन गाउँतिर आज जाऔं-* *१६वर्ण*

*गाउँको सुधार गर्न गाउँको रोटी खाऔं-* *१५वर्ण*

(गाउँतिर फर्कि जाऊँ, पृ. १६)

यहाँ दृष्टान्त दिइएको गीतको माथिल्लो पहिलो पङ्क्ति-१७ वर्णको, दोस्रो पङ्क्ति-१६ वर्णको र तेस्रो पङ्क्ति-१५ वर्णको लयगत संरचनामा निर्मित छन् । उल्लेखित पङ्क्तिका तीनवटै पङ्क्तिको अन्त्यमा क्रमशः 'जाऔं', 'जाऔं' र 'खाऔं' मा 'आ' तथा 'औं' ध्वनिका बीच साम्यता भएर लयको सृष्टि भएको छ । यस्तो ध्वनि साम्यताको लयात्मक स्थिति धेरै पङ्क्तिमा पाइन्छ । यसरी वर्णहरूको समान वितरणको अभावमा लय भङ्गको स्थिति योगेश्वर कार्कीका अधिकांश गीतमा भेट्न सकिन्छ । ती गीतहरूमा लयगत समानता ल्याउन कथ्यगत धुनलाई अँगाल्नु पर्ने स्थिति देखिन्छ ।

### ४.२.६ बिम्ब र प्रतीक

काव्यले अप्रस्तुत वस्तुको काल्पनिक वर्णन गरेर त्यसलाई प्रस्तुत गरेको हुन्छ भने बिम्ब अप्रस्तुत वस्तुको मानसिक वा काल्पनिक रूप हो । बिम्बले काव्यको अर्थ पूर्णरूपले स्पष्ट गर्छ र रूप सौन्दर्य अथवा गुणको चित्रण गर्न सहयोग गर्दछ ।[९२] बिम्बको प्रयोगले गीत वा कविता सशक्त र भाव प्रबल बन्दछ । बिम्ब प्रतीकको उचित प्रयोगले कविता अन्तर हृदयका भावाभिव्यञ्जनालाई स्थूल र मूर्त रूप दिने गर्दछ । भावना अमूर्त हुन्छ । अन्तरहृदयका भावहरूलाई प्रकटीकरण गर्न कुनै न कुनै साधनको आवश्यकता पर्दछ । बिम्ब र प्रतीक तिनै भावहरूलाई सबल रूपमा प्रकटीकरण गर्ने

[९२] भगीरथ मिश्र, *काव्यशास्त्र,* द.सं., (वाराणसी : विश्वविद्यालय प्रकाशन, २०५०), पृ. २५२-५४ ।

आवश्यक तत्त्व हुन् । मानिसले देखेभोगेका जीवन जगत्का विभिन्न क्षेत्रका नवीन-पुरातन विविध बिम्ब तथा प्रतीकहरूलाई नयाँ शैलीमा प्रयोग गरेर भावाभिव्यक्ति दिएमा गीत बढी भावगाम्भीर्य रोचक र स्तरीय हुन्छ । यस सङ्ग्रहका गीतमा प्रयोग भएका बिम्बहरू यस्ता रहेका छन् :

*नदी र खोला छहरा नागवेली परेका*

*हरियो वन पाखामा गाई र भैंसी चरेका ।*

(गाउँ रमाइलो, पृ. १४)

यस गीतमा 'नदी', 'खोला', 'पाखा' जस्ता बिम्बका साथै 'शहर' (पृ. ६), 'स्वर्ग' (पृ.७-८), 'भूत' (पृ.९), 'मसान' (पृ.९), 'वीर' (पृ.८), 'सहिद' (पृ.१०), 'पहाड' (पृ. १४), 'गाजर' (पृ. १५), 'चुरा' (पृ.१५), 'कोइली' (पृ. १५), 'धूप' (पृ.१८) आदि । यी मध्ये कतिपय बिम्बहरू धेरै गीतमा दोहोरिएर आएको देखिन्छ ।

आफ्नो रूप, गुण, कार्य या विशेषताका सादृश्य र प्रत्यक्षताका कारण जब कुनै वस्तु या कार्य कुनै अप्रस्तुत वस्तु, भाव, विचार क्रियाकलाप, देश, जाति, संस्कृति आदिको प्रतिनिधित्व गर्न आएका हुन्छन् त्यसैलाई प्रतीक भनिन्छ ।[९३] त्यसैगरी यस सङ्ग्रहमा प्राकृतिक वस्तुहरूलाई प्रतीक बनाएको पाइन्छ । गुराँस-बैंसको प्रतीक, दीप-प्रियताको प्रतीक, रगत-जातीय एकताको प्रतीक, पसिना-परिश्रमको प्रतीक, ज्योति-शिक्षाको प्रतीक, सागरलाई-गहिराइको प्रतीक, सुन्दर देश-स्वर्गको प्रतीक, बुद्ध-शान्तिको प्रतीक बनाएर विभिन्न गीतहरू सहज रूपमा प्रयोग गरेको पाइन्छ । प्रतीक प्रयोग भएका उनका गीतका अंशहरू यस्ता रहेका छन् :

*जलिरहेछ दिलमा ज्वाला धप-धप अग्नि सरी*

*बगीरहेछ नेत्रमा आँसु रुक्दैन एक घडी ।*

---

[९३] भागीरथ मिश्र, पूर्ववत्, पृ. १६३ ।

(कसरी काल बिताऊँ ?, पृ.१७)

यस गीतमा 'ज्वाला' तातो वस्तुको प्रतीक, 'अग्नि' पोल्ने वस्तुको प्रतीक, 'आँसु' झर्नाको प्रतीकका रूपमा लिइएको छ । यी उदाहरणहरू हेर्दा कवि कार्कीले स्वतः स्फूर्त र सहज रूपमा बिम्ब-प्रतीकहरूको योजना गरेको पाइन्छ ।

## ४.२.७ भाषाशैली

गीतमा प्रयुक्त भाषा सरल, सुबोध र सम्प्रेषणीय एवम् गेय हुनुपर्छ अनि मात्र गीत लोकप्रिय बन्दछ । कविताको भाषा सामान्य भाषा अर्थात् व्यवहार र बोलचालको भाषाबाट निकै टाढा हुन्छ तर गीतको भाषा धेरै नजिक हुन्छ । मान्छेले बोलिरहेका, भोगिरहेका भाषिक अनुभूतिलाई गीतले टिप्ने हुँदा यसको भाषाशैलीमा दुर्वोध्यता हुनु हुँदैन ।[९४] यसको लागि भाषिक शैली सुन्दर हुनु पर्दछ । प्रस्तुत सङ्ग्रह भित्रका गीतहरूमा साधारण जनबोलीका सरल भाषाको प्रयोग भएको पाइन्छ । कविले कतैकतै लय मिलाउने क्रममा हलन्त हुनुपर्ने वर्णलाई अजन्त गरेका छन् । नाके स्वरका रूपमा आउने 'ञ', 'ङ', 'न' अक्षर र चन्द्रबिन्दु प्रयोग गर्नुपर्ने ठाउँमा शिरबिन्दु राखिएको छ तापनि मनका भावहरूलाई अभिव्यक्त दिने खालका शब्द चयनले गर्दा उनका गीतहरूमा मौलिकता पाइन्छ । उनको प्रस्तुत गीत सङ्ग्रहमा– छहरा, झेल, गुराँस, अगुवा, काफल, चौतारी, मैला, मादल, दिया, घुँगरु, चुरा, पसिना, गाजल जस्ता प्रचलित तद्भव नेपाली शब्दहरूको प्रयोग ठाउँठाउँमा भएकाले गीतहरूलाई साङ्गीतिकता प्रदान गर्न मद्धत पुर्‍याएको पाइन्छ । त्यसैगरी छ्याङ-छ्याङ, जगमग-जगमग, झिली-मिली, थरथरी जस्ता अनुकरणात्मक शब्द र टोकरी, गमला, दिल, इलमी, काइदा, अड्डा-अदालत, किताब, कापी, कसरत, स्कुल, कलेज जस्ता आगन्तुक शब्द पनि प्रयोग भएका छन् । त्यसका साथै संस्कृतका तत्सम शब्दहरूको पनि ठाउँठाउँमा प्रयोग भएको छ । तारा, पुष्प, दीप, चन्द्रलोक, मोक्ष, रमणीय, रक्षा, बन्धु, ईश्वर, माता, पापी, पुण्य, जन्म, सुन्दर,

[९४] ढुण्डिराज पहाडी, "गीतविधा र नेपाली गीतको सङ्क्षिप्त टिपोट", व्याकुल माहिला (प्रदीप राई) (सं.), *नेपाली गीतसङ्ग्रह,* (काठमाडौंःचाँदनी प्रकाशन प्रा.लि., २०५९), पृ. ५५ ।

मोह जस्ता संस्कृत तत्सम शब्दहरूको प्रयोगले गीतमा मीठासपन आएको छ । संस्कृतका शब्दहरू प्रशस्तै भए तापनि दुर्बोध्य शब्दहरू त्यति नभएकोले सामान्य पाठकहरूको निम्ति पनि यो कृति बोधगम्य नै देखिन्छ । यसिया (एसिया), बिचमा (बीचमा), गांऊ, (गाउँ), लागाएर (लगाएर) जस्ता वर्णविन्यास सम्बन्धी केही कमजोरीहरू यस कृतिमा रहन गएका छन् ।

## ४.३ 'संयुक्त रस पात्र' कविता सङ्ग्रहको अध्ययन

योगेश्वर कार्कीको २०५९ सालमा प्रकाशित भएको **संयुक्त रस पात्र** विभिन्न पत्रपत्रिकामा प्रकाशित तथा अप्रकाशित फुटकर कविताहरूको सङ्कलित पुस्तकाकार एकमात्र कवितासङ्ग्रह हो । यस सङ्ग्रहमा २०११ सालदेखि २०५९ सालसम्म करिब पाँच दशकभित्र लेखिएका कविताहरूमध्ये सातवटालाई पुनः साभार गरेर तीनवटा गद्य तथा अठतीसवटा पद्य गरी जम्मा एकचालीसवटा कविताहरू रहेका छन् । **योगेश्वर कार्की पुस्तकालय** खलङ्गा-३ जाजरकोटद्वारा प्रकाशित यस कवितासङ्ग्रहमा सङ्कलित कविताहरूलाई ४ उपशीर्षक भित्र समेटिएको छ ।

पहिलो शीर्षक– **भजन, परब्रम्ह र धर्म** : 'ॐकारेश्वर महा प्रभुमा', 'माता सरस्वती प्रार्थना', 'राधेश्याम सीताराम', 'सत्य साई भजन', 'अदृश्य शक्ति परब्रम्ह', 'धार्मिक व्यक्तिलाई मन पर्ने स्थान', 'धर्ममा ध्यान दिऔं', गरी ७ वटा दोस्रो शीर्षक-**राष्ट्रभक्ति र सुधार,** 'राष्ट्र बनाउन कम्मर कसेर लागौँ', 'सच्चरित्रवान् नागरिक बनौं', 'राजसंस्थाको महत्त्व', 'संस्कृत भाषाप्रति क्रोध नगरौँ', 'जनवैरी हुने काम कुनैले नगरौँ', 'शिक्षामा अगाडि बढौँ', 'मिलेर बसौँ', 'आदर्श नागरिक बनी देश बनाऔँ', 'म जस्ता शिक्षकहरूको आचरण सुधारौँ', 'समयलाई चिनौँ र समय पालक बनौँ', 'मेलमिलाप बढाऔँ, देश शान्त पारौँ', 'शान्ति', 'रक्सीले बिगार्‍यो जिन्दगी', 'धूमपान', 'बालकहरूप्रति', 'पहिले आफूलाई चिनौँ', 'शिक्षा', 'पुस्तकालय जान` अम्मल बसालौँ', 'नेपाली कहिले पनि नफूटौँ', 'युद्ध विराम २०५९', गरी २० वटा तेस्रो शीर्षक– **देशको अवस्था**: 'देशको स्थिति', 'भ्रष्टाचार', 'काठमाडौँ महानगर', 'बेरुजू', 'हाम्रा कुसंस्कार तथा

विकृति', 'जनता र ठूलो-सानुको भावना', 'प्रजातन्त्रको बाह्र वर्ष', गरी सातवटा र चौँथो शीर्षक– **विविध** : 'माटो', 'कसरी काल बिताऊँ ?', 'सुनाउ सुरिलो राग', 'रमाइला गाउँ पहाडका', 'विदेशमा बसेका छोरालाई आमा-बाको पत्र', 'चङ्गा', 'जाजरकोट जिल्लाः सङ्क्षिप्त परिचय', गरी जम्मा ४१ वटा र टिप्पणीसमेत रहेका छन् । यी कविताको सङ्क्षिप्त परिचयात्मक टिप्पणी यसप्रकार छ ।

(क) **भजन, परब्रम्ह र धर्म**

'ॐ कारेश्वर महाप्रभुमा वन्दना' यस सङ्ग्रहअन्तर्गतको प्रथम रचना हो । स्थायी पङ्क्तिको पुनरावृत्ति सहित जम्मा १० पङ्क्ति ४ अनुच्छेदमा संरचित छ । एक पृष्ठ भित्र अटाएको यस रचनालाई कविले 'विविध रस' गीति क्यासेट एल्बममा स्वर सङ्गीतले सिंगारेका छन् । हाम्रो प्रचलित विश्वासअनुसार सुरुमा देवी आराधना गर्ने गरिन्छ । त्यसैले भजनकारद्वारा उक्त नियमको यहाँ पनि पालना भएको छ । उनी आध्यात्मिक जीवनबोध गर्ने हृदयका सुकोमल भावलाई यसरी भन्छन् :

*ॐ कारेश्वर महाप्रभुमा कोटी कोटी वन्दना,*

*काम क्रोध लोभ मोह महाशत्रुहरू,*

*दमन गर्ने शक्ति देऊ सद्बुद्धि अरु, (पृ. १)*

यहाँ भजनकार कार्कीले काम, क्रोध, लोभ, मोहलाई दमनका लागि सत्त्व गुणको आर्जन गर्ने र ब्रम्हज्ञान प्राप्त गर्न आह्वान गरेका छन् । यस गुणको सृष्टिका निमित्त यसका विरोधी दुई गुण रजस् र तमस्को निराकरण गर्ने पद्धतिको भजन र उपासना पनि गर्दछन् । १४ अक्षरको लय विधानमा समान ध्वनिको आवृतिले अन्त्यानुप्रासको सिर्जना गरेका छन् । यसमा भावअनुरूपको भाषा र बिम्ब एवम् प्रतीकको समुचित प्रयोग भएको पाइन्छ ।

'राधेश्याम सीताराम' स्थायी पङ्क्तिको पुनरावृत्ति सहित जम्मा १८ पङ्क्ति ५ अनुच्छेदमा आबद्ध छ । एक पृष्ठको आयतनभित्र संरचित यस भजनमा हिन्दू

आराध्यदेव राधेश्याम सीतारामप्रति अगाध आस्था राखेको पाइन्छ । यस्तै भजनको स्थायी अंश यस्तो छ :

*राधेश्याम राधेश्याम राधे राधे श्याम श्याम*

*सीताराम सीताराम सीता सीता राम राम, (पृ. २)*

'सरस्वती प्रार्थना' शीर्षकमा स्थायी पङ्क्तिको पुनरावृति सहित जम्मा १० पङ्क्ति ४ अनुच्छेदको आयतनमा आबद्ध छ । यसमा कविको विद्याकी देवी सरस्वती मातासँग ज्ञानका लागि श्रद्धारूपी फूलको माला भक्तिभावले अर्पन्छन् । उनी सरस्वतीको आराधना यसरी गर्छन्:

*हे माता सरस्वतीमा सभक्ति हाम्रो प्रणाम छ,*

*हजूरको भक्ति गर्छौं विद्या हामी पाऔं,*

*श्रद्धारूपी फूलको माला गाँसी चढाऔं, (पृ. ३)*

'सत्य साई भजन' स्थायी पङ्क्तिको पुनरावृत्ति सहित जम्मा १८ पङ्क्ति ५ अनुच्छेदका आयतनमा संरचित छ । यस भजनलाई कवि कार्कीले 'विविध रस' गीति क्यासेट एल्बमभित्र कर्णप्रिय स्वर र सङ्गीतबद्ध गाएका छन् । एक पृष्ठमा अटाएको यस भजनमा रहस्यमयी व्यक्तित्वका धनी साईबाबाका आद्भूतिक चरित्रको भजन् र उपासना पनि गर्दछन् :

*श्रीसत्य साईबाबा श्रीसत्यदेब,*

*श्रीसत्य साईबाबा श्रीबुद्धदेब,*

*श्रीसत्य साईबाबा परमात्मत्यदेब,*

*श्रीसत्य साईबाबा श्रीमहादेब, (पृ. ४)*

'अदृश्य शक्ति परब्रम्ह' गीतिछन्दका जम्मा ५० पङ्क्ति २५ अनुच्छेदका आयाममा संरचित छ । यस कवितामा कवि कार्कीले प्रकृति र जीवन बुझ्न नसकिएको यी रहस्यात्मकताप्रति प्रश्न गर्दै यस रहस्यका गर्भमा कुनै अदृश्य

परब्रम्हका अस्तित्व माथिको विश्वास व्यक्त गरिएको छ । उनले प्रस्तुत गरेको उदाहरण तलका कवितामा हेर्न सकिन्छ :

*उखुका डाँठमा खोज्दा चिनी भेटिन्न देख्दा,*

*मख्खन, घीउ, दूधमा हुन्छ देखिन्न दूध हेर्दा, (पृ.५)*

प्रस्तुत कवितांशमा कविले प्रकृति प्रदत्त उखु र दूधमा हेर्दा नभेटिने तर मख्खन, घिउँ र चिनी देखिने कुरालाई प्रष्ट पारेका छन् ।

*विनाश्रम शारीरिक सुखी जीवन छ कोहीको,*

*दिनरात श्रमगरी राख्ने दुःखी जीवन छ कोहीको, (पृ.६)*

यस कवितांशमा विसङ्गतिपूर्ण सामाजिक चेत तथा सामाजिक शोषण कसरी भइरहेको छ र मान्छे आफ्नो लक्ष्यबाट कसरी टाढा भइरहनु परेको यथार्थ परिवेशलाई देखाइएको पाइन्छ । यी हरफहरू आन्तरिक अन्तर अनुप्रासीयता र अन्त्यानुप्रासीयताले गर्दा अर्न्तलयको सृष्टि भई साङ्गीतिक बनेको छ ।

'धार्मिक व्यक्तिहरूलाई मन पर्ने स्थान' शीर्षक कविता लोकलयमा लेखिएको छ । जम्मा ८ पङ्क्तिका २ अनुच्छेदमा संरचित लघुरूपकै जस्तो बनोट पाइन्छ । पङ्क्तियोजनाका दृष्टिले उपर्युक्त कवितालाई मुक्तक नै हो भन्न अप्ठ्यारो पर्ने भए तापनि अनुभूतिको एक झोक्का मात्र प्रस्तुत गरिएकाले मुक्तक जस्तै बनेको छ । यस कवितामा कविले धार्मिक स्थानमा स्वच्छ, सफा, पवित्र र मिठो सुगन्धित वासनाले शान्ति, ज्ञान अनि ज्ञानीलाई सन्तुष्टि प्राप्त गर्ने परिवेशलाई देखाउन पुगेका छन् ।

'धर्ममा ध्यान दिऔं' जम्मा ६८ पङ्क्ति १७ अनुच्छेदमा संरचित कविता हो यस कवितामा कवि कार्कीले आध्यात्मिक र भौतिक कुरामा समन्वय चाहेका छन् । बल प्रयोगले आस्था र विश्वासमा निमूल नहुने तर धर्म निरपेक्षताको आधारमा धार्मिक स्वतन्त्रताको वकालत गर्दै धार्मिक सहिष्णुताको भावनालाई प्रस्तुत गरेका छन् । उनले लेखेका छन्:

*बल प्रयोगले मात्र आस्था कहिल्यै मर्दैन,*

*विश्वासलाई निर्मूल पार्न सजिलै सकिँदैन, (पृ.१०)*

लोकछन्दमा रचित यस कवितामा समान ध्वनिको अन्त्यानुप्रासीयताका साथै सरल, सरस, सहज भाषाशैलीमा आत्मकथन पद्धतिबाट कवितालाई स्वाभाविक र हृदयस्पर्शी बनाएका छन् । धर्मलाई मूल विषय बनाइएको प्रस्तुत कविताको शीर्षक र भावका बीच तादात्म्य सम्बन्ध रहेको देखिन्छ ।

**(ख) राष्ट्रभक्ति र सुधार**

'राष्ट्र बनाउन कम्मर कसेर लागौँ" जम्मा १२ पङ्क्ति ४ अनुच्छेदमा संरचित प्रस्तुत गीतमा अन्त्यानुप्रासीयताको परिपालन गरिएको छ । 'विविध रस' गीति क्यासेट एल्बममा स्वयम् कवि कार्कीले स्वर र सङ्गीतबद्ध गाएकाले साङ्गीतिकताका साथै गेयात्मक देखिन्छ । यस गीतिकवितामा देश तत्कालीन परिस्थितिमा देखा परेको गृहयुद्धप्रति घृणाभाव र शान्तिको कामना गरिएको पाइन्छ । यही तीतो सत्यलाई सङ्केत गर्दै कविले भनेका छन् :

*शान्तिको सुरा पिलाई सबलाई लठ्ठ पारौँ,*

*युद्धाग्निको ज्वालामा घनघोर वर्षा ल्याऔँ,*

*गंगा बगाई प्रेमको झगडा सुशान्त पारौँ,*

*नेपाली सबका बीचमा मेलमिलाप बढाऔँ । (पृ.१३)*

'सच्चरित्रवान् नागरिक बनौं' चारचार हरफका सात श्लोकमा आबद्ध गीतिकविता हो । यसमा कविले आचरणगत कमजोरीमा गुज्रिएको जीवनको सुधारप्रति जोड दिएका छन् । उनी लेख्छन् :

*अध्ययनशील परिश्रमी ज्यादै,*

*उच्च विचारक जीवन सादै,*

*नम्रतामा नौली पनि बन्न सक्ने,*

*कठोरमा बज्र भएर बस्ने, (पृ.१४)*

प्रस्तुत कवितामा कविले आफ्ना भावअनुरूपका बिम्ब र प्रतीकहरूलाई सहज र स्वभाविक रूपमा संयोजन गरेका छन् ।

'राजसंस्थाको महत्त्व" जम्मा ३२ पङ्क्ति ८ अनुच्छेदमा संरचित यस कवितामा नेपालमा राजसंस्थाको संरक्षकका रूपमा रहेको ऐतिहासिक भूमिकाको चर्चा छ । देशमा हत्या, हिंसा, अशान्तिप्रति असन्तोष व्यक्त गर्दै नेताहरूलाई कवि कार्कीले इमान्दारी र निर्भीकतापूर्वक तथा निःस्वार्थ ढङ्गले यसरी प्रहार गरेका छन् :

*हिंसा हत्या फैलिँदै गयो देशको चारैतिर,*

*असक्षम नेता हुँदा पर्‍यो जनलाई पीर,*

*खाओवादी अदूरदर्शी सबै तत्त्वबाट,*

*लुटी चुसी पुर्‍याइसके देशलाई मसानघाट । (पृ.१६)*

'संस्कृतभाषाप्रति क्रोध नगरौं' गीतिछन्दका जम्मा २२ पङ्क्ति ११ अनुच्छेदमा संरचित यस कवितामा संस्कृत भाषा आदि स्रोतको ज्ञान, साहित्य, कला, संस्कृतिको भाषा भएकोले संरक्षण, सम्बर्द्धनको जरुरी देख्दै उनी संस्कृत भाषाको सम्मान यसरी गर्न पुग्छन् :

*संसारका कुनै भाषाले हानि गर्दैन केही पनि,*

*कुनैले यदि हानी संझिन्छ भाषा पढ्दैन त्यो पनि, (पृ.१८)*

भाषा सामाजिक सम्प्रेषणको वस्तु भएकोले यसबाट कुनै पनि हानि नभएको धारणा यहाँ व्यक्त गरेका छन् ।

'जनवैरी हुने काम कसैले नगरौं' २४ पङ्क्ति ६ अनुच्छेदका आयतनमा आबद्ध यस कवितामा वास्तविक मानवीय सम्बन्धको प्रकटीकरण त्यतिबेला मात्र हुन सक्छ, जुनबेला एउटै देशका भाइ-भाइ बीचमा मेलमिलाप, शान्ति प्रेम,

सहयोग हुनुपर्छ । तर बिडम्बना यहाँ एक आपसमा लडाइँ, झगडा, भ्रष्टाचार, विसङ्गति, विकृति रहेको यथार्थलाई देखाउँदै कवि भन्छन् :

*एउटै देशका भाइ-भाइ बीचमा ठूलो लडाइँ चल्यो,*

*भ्रष्टाचार, विसङ्गति, संग्रामले शान्ति विकास सब गयो ।*

*(पृ. २०)*

'शिक्षामा अगाडि बढौँ' जम्मा १६ पङ्क्ति ५ अनुच्छेदमा संरचित यस गीतलाई 'राष्ट्रिय सङ्गीत सुधा' बाट साभार भने पनि त्यसमा सङ्कलित छैन । कविले लोकलयमा शिक्षाको उज्यालो ज्यातिबाट सबै शिक्षित भई करीतिलाई हटाउन सन्देश दिन्छन् । यस्तै गीतिभावमा उनले लेखेका छन्:

*शिक्षाको आज बजाई शंख देशलाई बिउँझाऔं,*

*आर्जन गरी ठूलो धन विद्या कुरीति हटाऔं, (पृ. २२)*

'मिलेर बसौं' स्थायी पङ्क्तिको पुनरावृत्ति सहित जम्मा १२ पङ्क्ति ३ अनुच्छेदमा संरचित गीत हो । 'राष्ट्रिय सङ्गीत सुधा' बाट साभार भनेपनि त्यसमा सङ्कलित छैन । यस गीतमा प्रेम तथा मेलमिलापलाई कलात्मक भावना देखाएका छन् :

*मौरीको मेल सिकेर हामी मिहिनेत गरौँला,*

*कमिलाको गुण लिएर हामी अगाडि बढौँला, (पृ. २३)*

लोकलयका १७ अक्षरमा प्रस्तुत कवितामा कविले स्वर-व्यञ्जन वर्णको समानुपातिक वितरण प्रक्रियाबाट अन्तरनुप्रासीयता र अन्त्यानुप्रासीयताको कुशलतापूर्वक निर्वाह गरी सङ्गीतिकता र गेयात्मकताको सिर्जना गरेका छन् ।

'आदर्श नागरिक बनी देश बनाऔं' चारचार हरफका १९ श्लोकमा आबद्ध यस कवितामा आचरणगत त्रुटिलाई सुधार गर्दै आ-आफ्नो क्षेत्रमा हुने खराब प्रवृत्तिको उन्मूलन गरी आदर्श सच्चा र असल नागरिक कहिले बन्ने होला भनेर चिन्ता व्यक्त गरेका छन् :

*आदर्शवान् चरित्रवान् हुन्छौ हामी कहिले,*

*राम्रो होला हाम्रो देश शुद्ध बन्छौँ जहिले, (पृ. २४)*

'म जस्ता शिक्षकहरूको आचरण सुधारौँ' जम्मा २३ पङ्क्ति ४ अनुच्छेद योजनामा संरचित गद्य कविता हो । यसमा आफैलाई व्यङ्ग्यपात्र बनाएर शैक्षिक क्षेत्रमा हुनुपर्ने सुधारलाई  सोचाइँमा मात्र सीमित नगरी व्यवहारमा उतार्नुपर्ने आचरणगत सुधारतर्फ प्रष्ट सङ्केत गरेका छन् :

*राज्यले म जस्ता हजारौँ शिक्षकहरूलाई तहलाउनु पऱ्यो,*

*शैक्षिक जगतमा सुधारको ठूलो हलचल पैदा गर्नु पऱ्यो, (पृ. २८)*

कवि कार्कीले गद्य कवितामा पनि धेरै ठाउँमा अन्त्यानुप्रास मिलाउने प्रयास गरेको देखिन्छ, जसबाट कविता सशक्त रूपमा प्रकट भएको छ ।

'समयलाई चिनौँ र समयपालक बनौँ' गीतिछन्दका २४ पङ्क्ति ६ अनुच्छेदमा संरचित यस गीतलाई कवि कार्की स्वयम्ले 'विविध रस' गीति क्यासेट एल्बममा स्वर तथा सङ्गीतबद्ध गरेका छन् । लोकलयमा रचित यस गीतमा कविले कुनै कार्यक्रम, सभा, समारोहमा भएको समयको ढिलासुस्तीलाई नेपाली समय भनी ढाकछोप गर्ने प्रवृत्तिमा व्यङ्ग्यवान प्रहार गरेको पाइन्छ, जस्तैः

*मुख्य अतिथि, सभामुख हुने व्यक्तिहरू,*

*ढिला गरी पुग्ने हुँदा त्यही सोच्छन् अरु,*

*काम नहुँदा समय जाने धेरै खेर,*

*यो बानीलाई छाड्नै पर्छ गहिरिएर हेर, (पृ. ३०)*

'मेलमिलाप बढाऔँ, देश शान्त पारौँ' जम्मा २८ पङ्क्ति ७ अनुच्छेदमा संरचित छ । यस कवितामा नेपालीका बीच एक आपसमा भएको झगडा, कलह,

बेमेल जस्ता कुराले कविको मनलाई चोट पुगेकाले उनी एकता र शान्तिको पक्षमा आफ्नो धारणा अभिव्यक्त गर्छन् :

*आपसको मेल एकता हरायो,*

*नेपालीका बीच बेमेल आयो*

*झगडा हटाएर मिलाप बढाऔँ*

*बिग्रह फालेर सुशान्ति ल्याऔँ, (पृ. ३२)*

'शान्ति' गीतिछन्दका ३० पङ्क्ति १५ अनुच्छेदका आयतनमा संरचित गीत हो । यस गीति कवितामा आज व्याप्त हिंसा, हत्याले मान्छेको अस्तित्व खसी, बोका र राँगा जत्तिको पनि नभएको तथ्य व्यक्त भएको छ । यसको कारणका रूपमा पनि भ्रष्ट र सत्तालोलुप नेतालाई नै ठानिएको उदाहरण यस्तो छ :

*आजको समस्या हो मुख्य शान्ति स्थापना देशमा,*

*कुर्सीका खेलमा लाग्दा शान्ति भाग्दछ बेगमा, (पृ. ३५)*

यहाँ कवि अन्त्यानुप्रासीयता, पदहरूको पुनरावृत्ति, कोमल वर्णहरूको समानुपातिक वितरण आदिले गीतमा रसिलो, सजिलो र साङ्गीतिक तथा गेयता प्रदान गरेका छन् ।

'रक्सीले बिगाऱ्यो जिन्दगी' गीतिछन्दका जम्मा ३७ पङ्क्ति ७ अनुच्छेदमा संरचित छ । यस गीतमा स्थायी पङ्क्तिको पुनरावृत्ति सहित पाँच पङ्क्ति अनुच्छेदमा आबद्ध गरिएको छ । 'विविध रस' गीति क्यासेट एल्बम स्वयम् कवि कार्कीले झ्याउरेलयमा गाएका छन् । यहाँ कविपात्र नै भोक्ता भएर जाँड रक्सीबाट हुने हानीलाई आफैमा घटाएर व्यवहारमा उतार्नु पर्ने कुरालाई आचरणगत सुधारतर्फ व्यङ्ग्य हानेका छन् । उनी लेख्छन् :

*तुच्छ मेरो जिन्दगीलाई धिक्कार म दिन्छु,*

*अन्तिम अवस्था भयो अहिले म सम्झन्छु, (पृ. ३७)*

'धूमपान' शीर्षकको कविता जम्मा १६ पङ्क्ति ४ अनुच्छेदमा आबद्ध छ । यस कवितामा धूमपान गर्दा स्वास्थ्यमा हुने हानिनोक्सानीलाई देखाउँदै कवितामा यसरी प्रस्तुत गर्दछन्:

*तेरो नाम अनेक छन् चुरोट,बिडी, तमाखु, खैनी सिगार,*

*गर्छन् मानिसले प्रेम तँ सित तेरो त काम छ बिगार,*

*(पृ. ३८)*

माथि प्रस्तुत कवितांशमा आफूले भोगेको यथार्थलाई नेपालीहरूको आचरण र चरित्र सुधारमा जोड दिंदै देश र समाजको यथार्थ चित्र कोरेका छन् ।

'पहिले आफूलाई चिनौं' शीर्षकको कविता २९ पङ्क्ति ५ अनुच्छेदमा संरचित छ । यस कवितामा मुक्त छन्दका वर्ण एवम् शब्दहरूको पुनरावृत्तिबाट आनुप्रासीयता प्रदान गरिएको गद्य कविता हो । प्रस्तुत कवितामा कविले जीवनप्रतिका आशा, उमङ्ग र चाहनाले मूर्तरूप पाउन नसक्दाका भावनाहरूलाई प्रकट गरेका छन् । शीर्षक र विषयवस्तुको बीच अन्तःसङ्गति भएको यस कवितामा पहिले आफूलाई चिन्नु पर्ने कुरालाई औल्याएका छन्, जस्तैः

*हाम्रा राम्रा इच्छाहरूमा समेत कतै दाग छ,*

*मेटौं ती काला धब्बाहरू सफा सबैको मन पर्छ, (पृ. ४१)*

'शिक्षा' गीतिछन्दका ८ पङ्क्ति २ अनुच्छेदमा संरचित लघु स्वरूपको कविता हो । यसमा कविले शैक्षिक चेतनामा जोड दिएका छन्:

*शिक्षा उन्नतिको विशाल बिरुवा रोपौं सबै ठाउँमा,*

*पन्छाई सब विघ्नलाई सहजै पारौं प्रकाश गाउँमा, (पृ. ४२)*

'पुस्तकालय जाने अल्मल बसालौं' गीतिछन्दका १४ पङ्क्ति ७ अनुच्छेदमा आबद्ध यस कवितामा ज्ञान गुन र शिक्षाका लागि पुस्तकालय जानुपर्ने सन्देश छ,जस्तैः

*साधनास्थल पुस्तकालय हो विवेकी र ज्ञानी हुने,*

*सबै हाम्रा खराब बानी सजिलैसँग धपाउने, (पृ. ४३)*

'नेपाली कहिले पनि नफुटौं' जम्मा १६ पङ्क्ति ४ अनुच्छेदमा संरचित छ । यस कवितामा गृह-कलह, झगडा, युद्ध, षडयन्त्रलाई प्रस्तुत गरी सामाजिक विकृतिमाथि तीव्र व्यङ्ग्य प्रहार गरिएको छ । उनी लेख्छन्:

*जुन घर गाउँ र देश आपसमा झगडा लडाई चल्दछ,*

*त्यो देश घर दुःखी पीडित भई सन्तापमा पर्दछ, (पृ. ४४)*

'युद्ध विराम २०५९' शीर्षकको कविता २४ पङ्क्ति ६ अनुच्छेदका आयतनमा संरचित छ । यसमा माओवादी जनयुद्धकर्ता शक्ति र सरकार बीचको युद्धविरामको खुशी व्यक्त भएको छ भने युद्धको अग्नि कुण्डमा पानी हालेर निभाउने कामना पनि पोखेका छन् । कविले आफ्नो कवितासङ्ग्रहको नामलाई यसकविताको दोस्रो हरफमा प्रयोग गर्दै लोकलयमा भन्छन्:

*अत्यन्तै शुभ-खबर बल्ल पऱ्यो फेला,*

*यो 'संयुक्त रस पात्र' प्रकाशनकै बेला, (पृ. ४५)*

**(ग) देशको अवस्था**

'देशको स्थिति' शीर्षकको कविता जम्मा १०४ पङ्क्ति ३६ अनुच्छेद योजनामा संरचित छ । यस **संयुक्त रस पात्र** कवितासङ्ग्रहमा सङ्कलित सबैभन्दा लामो आयतनको कविता हो । कवि कार्कीले नेपालको वर्तमान यथार्थको चित्रण र वर्णन मात्र नगरी जनता र प्रजातन्त्रका नाममा देश र जनतालाई लुटेर प्रजातन्त्रलाई बद्नाम बनाउने तथाकथित समाजसेवी, सत्तासीन, भ्रष्ट नेताहरूले मच्चाएको नातावाद, कृपावाद, भाइभतिजावाद, फरियावाद, झोले कार्यकर्तावाद र दलगत स्वार्थका घटिया परम्पराको चित्रणसम्म मात्र सीमित नभई यो स्थिति स्वर्गबाट सहिदले हेरिरहेकाले यसको निराकरणका लागि कम्मर कस्नसमेत आह्वान गरेका छन् । उनी भन्दछन्:

*ज्ञात अज्ञात सहिद स्वर्गबाट हेर्छन्,*

*देशको दुरावस्ता देखी रोई मात्र बस्दछन्,*

*जसको निम्ति सहिद भए त्यो वर्ग दुःखी छ,*

*आँसु पुछ्ने जिम्मा लिने त्यही वर्ग सुखी छ, (पृ.५३)*

प्रस्तुत कविताांशमा निकै मार्मिक रूपमा देशका लागि र जनताका लागि आफ्नो जीवन अर्पने सहिदहरूप्रति श्रद्धा गर्दै उनीहरूको युग-युगसम्म अमरताको कामना ओझेलमा जान्छ कि भनेर सचेतता गराउन खोजेका छन् । कवि कार्कीले आफ्ना भावअनुरूपका बिम्ब र प्रतीकहरूलाई सहज र स्वाभाविक रूपमा संयोजन गरेका छन् । लोकलयमा लेखिएको यो कवितामा अन्त्यानुप्रासको निर्वाहका कारणबाट साङ्गीतिकता उत्पन्न भएको छ । आत्मकथनात्मक शैलीमा लेखिएको यस कवितामा सहज शब्दको स्वाभाविक विन्यासक्रम पाइन्छ । यथार्थवादी भावधारालाई परिष्कृत भाषाको माध्यमद्वारा व्यक्त गरिएको यस कवितालाई देशभक्तिको सुन्दर नमुना मान्न सकिन्छ । कविले केन्द्रीय भावगत आधारमा कविताका शीर्षक राखेकाले सार्थक देखिन्छ ।

'भ्रष्टाचार' ८ पङ्क्ति २ अनुच्छेदमा संरचित लघु आकारको कविता हो । यस कवितालाई साप्ताहिक 'बिमर्श' बाट साभार भनिएको छ । यहाँ कविले धन, शक्ति, सत्तारुढ दलको भए कानूनपनि फितलो हुने कुरालाई औंल्याएका छन्, जस्तैः

*मुद्दा वापस लिई बचाउन सकिने सत्तारुढ दलको भए,*

*धन शक्ति पहुँच पुग्न सके जेलै बसेका भए, (पृ.५५)*

'काठमाडौं महानगर' शीर्षकको कविता ७२ पङ्क्ति १८ अनुच्छेदमा संरचित छ । यसमा कविले भानुभक्तको अमरावती कान्तिपुरी नगरी फोहर मैलाको थुप्रो, भ्रष्टाचार, दुराचार र तस्करीको केन्द्र, बलात्कार, काटमार पाकेटमार, दुर्व्यसनको क्षेत्र बन्न पुगेको कुरालाई तीव्र व्यङ्ग्य प्रहार गरिएको छ, जस्तैः

*स्वर्गपुरी देवपुरी भन्ने महानगर,*

*जताततै दुर्गन्ध र फोहरको डंगुर,*

*खानेपानीको अभाव छ, किन्नुपर्ने कहिले,*

*वातावरण दूषित छ, चारैतिर अहिले, (पृ.५९)*

'बेरुजू' शीर्षकको कविता २८ पङ्क्ति ७ अनुच्छेदमा आबद्ध छ । यस कवितामा आर्थिक सङ्कटलाई बिषयवस्तु बनाएर आफ्नो भाव यसरी प्रकट गरेका छन्:

*प्रतिवर्ष बढ्दै जाने रकम बेरुजूको,*

*असुल उपर गर्ने तर्फ दृष्टि नपुगेको, (पृ.६०)*

'हाम्रा कुसंस्कार तथा विकृति' २४ पङ्क्ति ६ अनुच्छेदमा संरचित कविता हो । यसमा कविले देशमा विकृति बढेर आफ्ना मौलिकता लोप हुन लागेको कुरातिर सङ्केत गर्दै भन्दछन्:

*आफूलाई ठूलो ठान्ने खराब संस्कृति,*

*हाम्रा राम्रा गए अन्त यहाँ आए विकृति, (पृ.६२)*

'जनता र ठूलो-सानुको भावना' शीर्षकको कविता जम्मा ३६ पङ्क्ति ९ अनुच्छेदमा आबद्ध छ । यस कवितामा कविले यो धरतीमा समान रूपमा सबै मानवहरू एकै हुन् । सबै मानवलाई भेदभावको सट्टा समान रूपले हेर्नुपर्छ भन्ने विश्व शान्ति र विश्ववन्धुत्वको सन्देश दिएका छन् । उनी यही भावलाई कविताांशमा यसरी व्यक्त गर्छनः

*सानु ठूलाको मापदण्ड यसैगरी छुट्याऔं,*

*समाजको दृष्टिकोण परिवर्तन ल्याऔं,*

*जातिभेद रंगभेद सानु ठूलो जाति,*

*पहिलेकाले फाइदा लुटे देखाई नानाभाँति, (पृ. ६५)*

'प्रजातन्त्रको बाऱ्ह बर्ष' २० पङ्क्ति ४ अनुच्छेदको योजनामा संरचित गद्य कविता हो । यस कविता प्रजातन्त्रको नाममा अप्रजातान्त्रि कार्य भएको नेताहरूमा अनैतिकता बढेको, देशहित र जनहितका कुरा भाषणमा मात्र सीमित भएको यथार्थलाई व्यङ्ग्यात्मक प्रस्तुति मात्र गरेका छैनन, प्रजातन्त्रप्रति नै मोह भङ्ग हुने स्थिति देखिन लागेकोमा होशियारी पनि गरेका छन् ।

(घ) **विविध**

'माटो' शीर्षकको गीति कविता ३० पङ्क्ति अनुच्छेदमा संरचित लोकलयबद्ध कविता हो । यस कवितामा कविले माटोलाई सुलभ भएर पनि सर्वोत्तम काम लाग्ने मान्दै उनी भन्छन्:

*संसारमा सबैभन्दा माटो नै सुलभ वस्तु हो,*

*सबैभन्दा काम लाग्ने सर्वोत्तम पनि यही हो, (पृ.६७)*

'विदेशमा बसेका छोरालाई आमा बाबुको पत्र' शीर्षकको कवितामा नितान्त निजी मानवीय भागसँग सम्बन्धित पारिवारिक मायाममताका विशुद्ध निजी अनुभूति व्यक्त गरेका छन् । जम्मा ७३ पङ्क्ति १९ अनुच्छेदका आयतनमा आबद्ध यस कवितामा प्रकृति चित्रण पनि छ:

*वसन्त ऋतु आउँदा लाली गुराँस फुलेको,*

*ऐसेलु र काफल आदि लटरम्म फलेको,*

*काफल पाक्यो भन्ने चरी दिनभरी बासेको,*

*न्याउली चरी न्याओ भन्दै दिन रात रोएको, (पृ.७४)*

यहाँ कविले इन्द्रिय संवेद्य  कविताको रूपमा आँखाको निम्ति चित्र, कानको निम्ति ध्वनि, नाकको निम्ति गन्ध आदि इन्द्रिय संवेद्यता उनका कवितामा  पाइन्छ ।

'चङ्गा' गीतिछन्दका १८ पङ्क्ति ९ अनुच्छेदमा संरचित लोकलयमा आबद्ध गीत हो । यस गीतमा चङ्गालाई शरद् ऋतुको मनोरञ्जनको खेल भन्दै यसबाट हुन सक्ने दुर्घटनाप्रति सजग गराउँदै भन्छन्:

*चङ्गा खेलको अवगुन छतमा चङ्गा उडाउँदा,*

*दुर्घटना हुने गर्छ कहिले काहीँ होस् बिराउँदा, (पृ.७७)*

'जाजरकोट जिल्लाः सङ्क्षिप्त परिचय' शीर्षकअन्तर्गत जाजरकोट राज्यको स्थापना (१६ पङ्क्ति ४ अनुच्छेद), श्री ५ की अधिराजकुमारी र श्री ३ सँगको वैवाहिक सम्बन्ध (१६ पङ्क्ति ४ अनुच्छेद), भौगोलिक स्थिति र उत्पादन (३२ पङ्क्ति ८ अनुच्छेद), पौराणिक देव मन्दिर र स्थानीय देवताहरू (१६ पङ्क्ति ४ अनुच्छेद), संस्कृति तथा चाडपर्व र मेला (१६ पङ्क्ति ४ अनुच्छेद), जाजरकोटका लोकगीत केही प्रश्नोत्तर (१६ पङ्क्ति ४ अनुच्छेद) गरी जम्मा ११२ पङ्क्ति २८ अनुच्छेदका आयतनमा आबद्ध रहेको पाइन्छ । यी कविताहरूमा निश्चय नै सूचनात्मक वस्तुगत विवरण ज्यादा छन् । यी कविता भन्दा बढ्ता कविको जन्मथलोप्रतिको कवितात्मक सद्भावले सिर्जित भएका छन् । यिनबाट कविले आफ्नो स्थानको इतिहास, भूगोल, संस्कृतिका यथेष्ट आधिकारिक ज्ञान हासिल गरेको तथ्यमात्र प्रष्टिदैन आफनो भन्ने गौरवबोध गर्ने आवश्यकता पनि औंल्याएको देखिन्छ ।

प्रस्तुत कवितासङ्ग्रहका बहुसङ्ख्यक कविताका विषय केही सर्वकालिक भए पनि प्रतिशतमा समसामयिक  र ताजा छन् । तत्काल हामीले अनुभूत गरिरेहका कठिन स्थिति र अवस्थालाई वस्तुगत र आत्मगत दुवै तहमा कवि कार्कीले आवश्यक वैचारिक टिप्पणी र रचनात्मक सुझावसहित प्रस्तुत गरेका छन् । कविले वर्तमान विकट स्थितिमा पनि विचलित र निराश नभई आफूले अनुभव गरेको यथार्थ भाव सत्य र विचार सत्यलाई सहज र सरल भाषामा बहुसङ्ख्यक जनसमक्ष पुऱ्याउन केही वर्णनात्मक र व्याख्यात्मक शैली अपनाइएको तथ्यलाई आफैले प्रष्ट्याएका छन् । उनका ३ गद्य तथा ३८ पद्य गरी

जम्मा ४१ कविताहरू सहज भएर लयात्मक र छन्दोबद्ध छन् । अतः कवि कार्की आफ्ना कविताका मूल विषय, कथ्य, संरचना, स्वरूप, शैली र उद्देश्यसँग पूर्ण सचेत देखिन्छ ।

कार्कीका यिनै कविताहरूको सिङ्गो सङ्ग्रहलाई शीर्षक, संरचना, विषयवस्तु, भावविधान, लयविधान, बिम्ब-प्रतीक र भाषाशैलीका आधारमा क्रमशः यहाँ अध्ययन गरिएको छ ।

### ४.३.१ शीर्षक

**संयुक्त रस पात्र** कविता सङ्ग्रहको नामकरण यस सङ्ग्रहमा सङ्कलित कविता मध्येको कुनै एकको शीर्षकबाट नभएर सबै कविताहरूलाई समेट्ने गरी राखिएको छ । शीर्षकले कविताको मूल प्रतिपाद्य समेटेको हुन्छ । शीर्षक अभिधात्मक, व्यङ्ग्यात्मक वा प्रतीकात्मक हुन सक्छन् यस अर्थमा सङ्ग्रहको नामकरण पनि अभिधार्थमै भएको छ भने यस सङ्ग्रहमा सङ्कलित कविताहरूमा – ‘देश बनाऔँ’, ‘शान्ति’, ‘मेलमिलाप बढाऔँ’, जस्ता सन्देशमूलक शीर्षक छन् भने ‘प्रजातन्त्रको बाह्र वर्ष’, ‘काठमाडौँ महानगर’, ‘म जस्ता शिक्षकहरूको आचरण सुधार्नु पऱ्यो’, ‘मलाई रक्सीले बिगाऱ्यो’, जस्ता कविताहरूमा शीर्षक र कथ्यबीच व्यङ्ग्यात्मक सङ्गति पाइन्छ भने अन्य कविताहरूमा शीर्षक र भावका बीच अन्तःसङ्गति देखिन्छ । कविताका शीर्षकहरू पदगत ‘माटो’, ‘शिक्षा’, पदावलीगत ‘रमाइला गाउँ पहाडका’, र वाक्यगत ‘जनवैरी हुने काम कुनैले नगरौँ’, रहेका छन् । पदगत र वाक्यगत शीर्षकभन्दा पदावलीगत शीर्षकहरू नै कविले बढी प्रयोगमा ल्याएका छन् ।

### ४.३.२ संरचना

कुनै पनि सङ्ग्रह तथा रचनाको संरचना भन्नाले त्यसको बनावट वा आकार भन्ने बुझिन्छ । सिङ्गो सङ्ग्रहदेखि लिएर रचनाको बनावट तथा निर्मिती संरचना हो । यस कवितासङ्ग्रहको संरचना भन्नाले यसमा सङ्कलित कविताहरू र यिनैबाट निर्मित सिङ्गो सङ्ग्रहको आकार भन्ने बुझिन्छ । यस सङ्ग्रहमा

लामा छोटा गरी जम्मा ४१ वटा कविताहरू सङ्कलित छन् । ती मध्येमा 'धार्मिक व्यक्तिलाई मनपर्ने स्थान', 'शिक्षा' र 'भ्रष्टाचार', कविताहरू चार पङ्क्तिका दुई श्लोकमा रहेका छन् । यसैगरी सबैभन्दा लामो कविता 'देशको स्थिति' हो । यो कविता चार-चार पङ्क्तिको एक श्लोक भई ३६ अनुच्छेद र १०४ पङ्क्तिको आयतनमा फैलिएको यो कविता निकै लामो यथार्थ प्रखर, विचार प्रबल, उनको सशक्त कविता हुन गएको छ । कम्तीमा एकदेखि सात पङ्क्तिको अनुच्छेदमा कविताहरू रहेका छन् । कुनैकुनै कविताको अन्त्यमा कविताको रचनाकालको उल्लेख गरिएको छ । ८८ पृष्ठमा फैलिएका कविताहरू छोटादेखि लामा आकारसम्मका छन् । आफ्नो जीवन भोगाइका अनुभूतिहरूलाई कवितात्मक र सुगठित रूपमा सुमधुर तथा गेयात्मक बनाएर अभिव्यक्त गर्नु कवि कार्कीको संरचनात्मक वैशिष्ट्य हो ।

### ४.३.३ विषयवस्तु

यस कविता सङ्ग्रहका कविताहरूमा विषयवस्तुगत विविधता पाइन्छ । 'संयुक्त रस पात्र' सङ्ग्रहका कविताका भावगत विषयगत प्रवृत्तिका सम्बन्धमा कृतिकार कार्कीको आफ्नै भनाइ अर्थात् आत्मकथन सबैभन्दा मननीय छ –"यस पात्रभित्र हाम्रा आचरण तथा चरित्र सुधारका गन्थन देश र समाजको अवस्था आदि चित्रण गर्ने प्रयास गरिएको छ ।... हामी नेपालीहरूमा मेलमिलाप, एकता, प्रेम र मित्रताको भावना अभिवृद्धि गर्नु अहिलेको स्थितिमा झन् ठूलो आवश्यकता भएको छ । अर्कातिर देशमा अशान्ति, हिंसा व्याप्त हुनुका साथै भ्रष्टाचार विसङ्गति विकृति आदि वृद्धि द्रुत गतिमा भइरहेको छ । यतिमात्र नभएर राजनीतिक वातावरण पनि दूषित एवम् धमिलिएको कुरा सबैलाई अवगत भएकै छ ।" यहाँ कवि कार्कीले थालनीमा आफ्ना केही कविताहरू मार्फत ज्ञानगुन र भजन कीर्तनबाट बाल्यकालमा आफूमा परेको आफ्ना पिताको हिन्दूधर्म दर्शनको प्रभावमा जोड दिएर देश र समाजको सत्य चित्र कवितामा यसरी व्यक्त गरेका छन् :

*सच्चरित्रवान्ले मात्र राम्रो काम गर्छ,*

*चरित्रहीन नेता भए देशै दुःखी हुन्छ,*

*जिम्मेवारी पूरा गर्न चरित्र नै चाहिन्छ,*

*अवगुणी अगुवा भए धेरै दुःख पाइन्छ ।*

(आदर्श नागरिक बनी देश बनाऔं, पृ. २६)

माथिको कवितांशमा कविले देशनिर्माणको गहन जिम्मेवारी बोकेर राजनीतिमा प्रवेश गरेका नेताहरूको चरित्र तथा स्वाधीनता, स्वतन्त्रता र सार्वभौमिकताको नारा घन्काएर देशलाई खोक्रो पार्न पल्किएका राष्ट्रिय तत्त्वहरू नै कविको तीखो व्यङ्यका सिकार बन्न पुगेका छन् । कवि समाज, मानव आचरण र राजनीतिक परिवेशप्रति बढी सशङ्कित देखिन्छन् । कवि योगेश्वर कार्कीले आफ्ना कविताहरूमा देशभक्ति, राष्ट्रिय स्वाभिमान, एकता, सहिदको सम्मान, वीरता जस्ता राष्ट्रियताका स्वरहरूलाई यसरी पोखेका छन् -

*ज्ञात अज्ञात शहिद स्वर्गबाट हेर्छन्,*

*देशको दुरावस्था देखी रोइमात्र वस्छन्,*

*जसका निम्ति शहीद भए त्यो वर्ग दुःखी छ,*

*आँसु पुछ्ने जिम्मा लिने त्यही वर्ग सुखी छ ।*

(देशको स्थिति, पृ. ५३)

देशका लागि र जनताका लागि आफ्नो जीवन अर्पने सहिदहरूप्रति श्रद्धा गर्दै उनीहरूको युगयुगसम्म अमरताको कामना ओझेलमा जान्छ कि भनेर सचेतता गराउन खोजेका छन् । कवि कार्कीले आफ्ना कविताहरूमा देशको धन सम्पति, सभ्यता र शिक्षाको थुप्रो भएको सहरमा कुण्ठा, लोभ, व्यभिचार, तस्करी, हत्या, आतङ्क जस्ता  नराम्रा प्रवृत्तिहरूको उद्घाटन गर्दै गाउँले जीवनप्रति आकर्षित हुन आग्रह गरेका छन् । सहरलाई दुराचार र तस्करीको केन्द्र मानेका उदाहरण यस्ता देखिन्छन् :-

*नगरका कति ठाउँमा दिउँसै लुटमार,*

*बढ्दैछन् चोर डाँका धेरै पाकेटमार,*

*गुण्डागर्दी अपाङ्ग हुन्छन् बलात्कार,*

*हुल दङ्गा, हत्या हिंसा चल्छन् काटमार ।*

(काठमाडौ महानगर, पृ. ५९)

यहाँ भानुभक्तको अमरावती कान्तिपुरी नगरी फोहर, मैलाको थुप्रो, भ्रष्टाचार, दुराचार र तस्करीको केन्द्र, बलात्कार काटमार पाकेटमार, दुर्व्यसनको क्षेत्र बन्न गएकोमा क्षोभ प्रकट गर्दै बाह्य र आन्तरिक पर्यावरणीय सन्तुलनमा जोड दिएका छन् ।

यसरी कवि योगेश्वर कार्कीका कवितामा प्रस्तुत विषयवस्तुहरूमा राजनैतिक र धार्मिक कुसंस्कारप्रति व्यङ्ग्य, सामाजिक सुधार, राष्ट्रभक्ति, प्रकृतिचित्रण, मानवतावादी चिन्तन, शान्ति जस्ता विविध विषयवस्तुहरूलाई आफ्ना कविताहरूमा सजाएका छन् । यस सङ्ग्रहमा कविले जीवन-जगत्का विभिन्न क्षेत्र समेटिएका विषयवस्तुहरूको चयन गरी तिनकै केन्द्रीयतामा रहेर कविता रचना गरेको पाइन्छ ।

### ४.३.४ भावविधान

यस सङ्ग्रहमा सङ्कलित कवि कार्कीका कविताहरूले सामाजिक एवम् राष्ट्रिय क्षेत्रमा मानवमूल्यको खोजी गरेका छन् । कविद्वारा मानव निर्मित अव्यवस्थित तथा अनियमित परिपाटीप्रति व्यङ्ग्य प्रहार गर्न र मानव सुलभ प्रवृत्तिप्रति सकारात्मक दृष्टि पुऱ्याउने काम कलात्मक रूपमा भएको छ । उनको कवित्वको केन्द्रीय भाव यही मानवीय क्रियाकलापबाट सिर्जित राम्रा नराम्रा पक्षहरूको व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गर्नु हो । सामाजिक परिवेशमा नराम्रो पक्षको उद्घाटन 'प्रजातन्त्रको बाह्र बर्ष' (पृ. ६६), 'काठमाडौं महानगर' (पृ. ५६), जस्ता कवितामा व्यङ्ग्य कटाक्ष पनि देखिन्छ । कवि कार्कीले 'म जस्ता शिक्षकहरूको आचरण सुधार्नु पऱ्यो', 'मलाई रक्सीले विगाऱ्यो' जस्ता कवितामा आफैलाई व्यङ्ग्य पात्र बनाएर शैक्षिक क्षेत्रमा हुनुपर्ने सुधारलाई सोचाइमा मात्र

सीमित नगरी जाँड रक्सीबाट हुने हानिलाई आफैंमा घटाएर व्यवहारमा उतार्नु पर्ने आचरणगत सुधारतर्फ प्रष्ट सङ्केत गरेका भावहरू पनि छन् ।

प्रस्तुत सङ्ग्रहमा केही नितान्त निजी मानवीय भावसँग सम्बन्धित 'सुनाऊ सुरिलो राग', 'कसरी काल बिताऊँ ?', र 'विदेशमा बसेको छोरालाई बाबु आमाको पत्र' जस्ता कविताहरू पनि समावेश भएका छन् । तिनमा शृङ्गार भावका साथै पारिवारिक मायाममताका विशुद्ध निजी अनुभूति व्यक्त भएका छन् । 'जाजरकोट जिल्लाको सङ्क्षिप्त परिचय' जस्ता जिल्ला परिचयमूलक आञ्चलिक वस्तु बोकेका कविता तथा 'जाजरकोटका लोकगीत केही प्रश्नोत्तर' मा स्थानीय लोकगीत र 'युद्धविराम २०५९' मा माओवादी जनयुद्धकर्ता शक्ति र सरकारबीच युद्धविरामको खुशीका भाव व्यक्त भएका छन् भने युद्धको अग्निकुण्डमा पानी हालेर निभाउने कामना पनि यहाँ छ । 'धर्मबारे पनि ध्यान दिऔँ' शीर्षकको कवितामा पनि जसले जस्तो सुकै दृष्टिले हेरेपनि परोपकार र दयामूलक धर्मप्रतिको आस्था कहिल्यै कँही पनि समाप्त नहुने विचार अभिव्यक्त भएको छ ।

समष्टिमा कवि कार्कीका यथार्थवादी स्वरमा आधारित कवितामा मूल भावका रूपमा राष्ट्रियता, समानता, स्वतन्त्रता, प्रजातन्त्र, मानव अधिकार, समाजसेवा, सामाजिक विसङ्गतिको प्रस्तुति, प्रकृति चित्रण, शान्ति र उत्साह विभिन्न प्रसङ्गमा प्रकट भएका छन् । कवि कार्की भावुकताभित्र यथार्थ समेट्न सफल कवि भएकाले उनका कविताहरू लघुकाय अनुभूतिपूर्ण, सुसंवेद्य र गीतिलयको निर्वाहले गर्दा गेयात्मक भएका छन् । कविको केन्द्रीय भाव सुबोध्य, सरल र सरस ढङ्गमा प्रकट भएको छ ।

### ४.३.५ लय विधान

लयले कवितालाई गद्यबाट छुट्याउँछ । यसले कवितालाई साङ्गीतिक र गेयात्मक बनाउँछ । कवि योगेश्वर कार्कीको कवितासङ्ग्रह 'संयुक्त रस पात्र' मा ३ वटा गद्य कविता  बाहेक सबै गीतिछन्दका ४१ वटा कविताहरू सङ्कलित छन् । यसरी उनका कविताहरूमा साङ्गीतिक सचेतता र अन्तरअनुप्रासीय तथा

अन्य विविध अनुप्रासको प्रयोगले श्रुति मधुरताको सिर्जना गरेको पाइन्छ । कवि कार्कीमा गीत सङ्गीतप्रतिको उनका गहिरो मोहले कविताहरू पनि सङ्गीतमय बन्न पुगेका छन् । यसको पुष्टिका लागि अन्त्यानुप्रासीय लयविधान प्रयोग भएको उदाहरण प्रस्तुत गर्न सकिन्छ :

क) *शान्ति नै सुखको मूल शान्ति नै सुख सागर,*
*शान्ति नै सुखको फूल शान्ति कै गर आदर ।*

(शान्ति, पृ. ३४)

ख) *कालान्तरमा हुन्छन् सबै माटोमा परिवर्तन,*
*माटो नै सबको सार सबै मिश्रित ठूलो धन ।*

(माटो, पृ. ६८)

यसरी माथिको दृष्टान्त (क) मा १६ वर्ण भएर लोकलयमा पर्ने झ्याउरे छन्द भए पनि 'शान्ति', 'नै', 'मूल', 'फूल' मा अन्तरअनुप्रास र 'सागर', 'आदर' समान स्वर्णवर्णले अन्त्यानुप्रासीय विधान शैलीलाई देखाउन पुगेका छन् । तर दृष्टान्त (ख) मा समान वर्ण १७ भएर आएकोले भिन्न लयको सिर्जना भए पनि 'सबै' शब्द बीचमा उही स्थानमा पुनरावृत्ति भई मध्यानुप्रासको लय बनाएका छन् ।

कवि कार्कीका कवितामा लयविधान भाव र भाषाबीच तादात्म्यता रहनुका साथै साङ्गीतिक र सम्प्रेषणीय भाषा प्रयोगले कवितालाई गेयात्मक बनाएको पाइन्छ ।

### ४.३.६ बिम्ब–प्रतीकविधान

बिम्बको प्रयोगले कविता सशक्त र भाव प्रबल बन्दछ । बिम्ब प्रतीकको उचित प्रयोगले कविताका अन्तरहृदयका भावाभिव्यञ्जनालाई स्थूल र मूर्त रूप दिने गर्छ । भावना अमूर्त हुन्छ । अन्तरहृदयका भावहरूलाई प्रकटीकरण गर्न कुनै न कुनै साधनको आवश्यकता पर्दछ । बिम्ब र प्रतीक तिनै भावहरूलाई सबल

रूपमा प्रकटीकरण गर्ने आवश्यक तत्त्व हुन् । मानिसले देखे-भोगेका जीवन-जगतका विभिन्न क्षेत्रका नवीन-पुरातन विविध बिम्ब तथा प्रतीकहरूलाई नयाँ शैलीमा प्रयोग गरेर भावाभिव्यक्ति दिएमा कविता बढी भाव-गाम्भीर्य, रोचक र स्तरीय हुन्छ । यस सङ्ग्रहका कवितामा कवि कार्कीले राजनीतिक, सामाजिक, आर्थिक र ऐतिहासिक क्षेत्रका विविध बिम्बहरू टिपेर आफ्ना कवितामा प्रयोग गरेका केही उदाहरणहरू यस्ता छन्-

*क)* *प्रजातन्त्रको पवित्र वस्तु धारण गरेर,*
*जनताहरूमा भ्रमजाल फिंजाई भुक्याएर,*
*डाडूपन्यू समात्न सफल भएका केही नेताहरूलाई,*
*ठूलो चाड दशैं आएको छ लक्ष्मीको कृपादृष्टि परेको छ ।*

(प्रजातन्त्रको बाऱ्ह वर्ष, पृ. ६६)

*ख)* *प्रभुको पुकार गर्छु ज्ञान मलाई देउ,*
*श्रद्धा  र भक्तिको फूल चढाउँछु लेऊ,*

(ॐ कारेश्वर महाप्रभुमा वन्दना, पृ. १)

प्रस्तुत उदाहरण (क) मा 'प्रजातन्त्र', 'वस्त्र', 'दशैं', जस्ता बिम्बहरू प्रयोग गरिएका छन् । त्यसैगरी 'लक्ष्मी', धनकी प्रतीक 'डाडूपन्यू', सत्ताका कुर्सी र पदका रूपमा आएका छन् । त्यसैगरी उदाहरण (ख) मा 'प्रभु', बिम्ब र 'फूल', कविको धार्मिक चेष्टा, श्रद्धा र शिष्टताबाट अर्पन गरिने वस्तुको प्रतीकका रूपमा लिएका  छन् । समाजमा बहुप्रचलित माथि उल्लेखित बिम्बहरूले कविको व्यङ्ग्य वाणलाई झन सशक्त पार्ने काम गरेका छन् । यी उदाहरणहरू हेर्दा कवि कार्कीले स्वतः स्फूर्त र सहज रूपमा बिम्ब प्रतीकहरूको योजना गरेको पाइन्छ ।

### ४.३.७ भाषाशैली

कविताका बाह्य पक्षसँग सम्बन्धित भएर भाषाशैली आएको हुन्छ । भाषाशैलीबाटै साहित्यका गद्य-पद्य दुवै विधामा रचनाकारको साहित्यिक कलाको

परिचय पाइन्छ । विचार अभिव्यक्तिको माध्यम भाषा हो भने शैली अभिव्यक्ति गर्ने ढङ्ग हो । भाषाशैलीले रचनालाई सरल-जटिल, सरस-नीरस र क्लिष्ट-सुबोध बनाउन सक्छ । भाषाशैलीले विषयवस्तु  र भावबीच समन्वय ल्याई रचनालाई रोचक बनाउन विशेष भूमिका खेलेको हुन्छ ।

कवि योगेश्वर कार्कीका कवितामा प्रयुक्त भाषाशैली सरल, सरस र सुबोध देखिन्छ । तद्‌भव, तत्सम र आगन्तुक शब्दको प्रयोग अनुप्रासीयता तथा स्पष्ट अभिव्यक्तिको कारणले उनको भाषा क्लिष्ट नभई सम्प्रेषणीय बनेको छ । उनका कविताहरू बाचन गर्दा गेय र कोमल छन् । ‘संयुक्त रस पात्र’,  कवितासङ्ग्रहमा कविले सरल वर्णनपरक, प्रश्नोत्तरात्मक र सन्देशमूलक भाषा प्रयोग गरेका छन् । कवितामा आवश्यकताअनुसार पूर्णविराम, अल्पविराम, प्रश्नवाचक उद्‌गारचिन्ह, उद्धहरणचिन्ह र योजकचिन्हको प्रयोग गरिएको छ । ‘भाको’, ‘चलिआको’,  जस्ता कथ्य तथा ‘गा.वि.स.’, ‘मा.वि.’, जस्ता सङ्केत रूप र अङ्कको पनि प्रयोग गरेका छन् । श्रद्धा, सत्य, सदाचार, विद्या, माला, परोपकार, मधुशाला, विदुषी, अग्नि, मृदुभाषी, जनार्दन, जन्मभूमि जस्ता संस्कृतका तत्सम शब्दहरू आएका छन्  भने घायल, धागो, कापल, ऐसेलु, चोत्रा, गुँरास, सुन्तला, थाक्राहरू, टिमूर, कोदो, बोजो, जस्ता तद्‌भव शब्दहरू आएका छन् । त्यस्तै अन्य आगन्तुक शब्दहरू तहवीलदार, तकलिफ, टेलिफोन, बस, डलर, फ्याक्स, मख्खन, सुपरजेट, पाइलट, ट्रेन जस्ता पनि कार्कीका कवितामा यत्रतत्र पाइन्छन् । न्याओ, चट्याङ, मगमग, ढकमक्क, लटरम्म, टम्म जस्ता अनुकरणात्मक शब्दसमेत प्रयोग गरेकोले कवितामा मीठास पाइन्छ । यी माथिका कवितांशमा प्रयुक्त भाषाशैलीलाई हेर्दा कवि कार्कीले आफ्ना कवितामा तत्सम, तद्‌भव र विभिन्न भाषामा आगन्तुक शब्दसमेत प्रयोग गरेको पाइन्छ । कार्कीको भाषिक प्रयोगमा वैशिष्ट्य पाए तापनि सामान्य सचेत पाठकले बुझ्न सक्ने भाषा प्रयोग गर्नु उनको निजी पहिचान हो ।

## ४.४ 'मेरो जापान भ्रमण'को कृतिगत परिचय

योगेश्वर कार्कीको 'मेरो जापान भ्रमण' नामक कृति भ्रमणबाट उब्जिएको अनुभूतिहरूको यात्रासंस्मरण हो । वि.सं. २०५७ मा मध्यपश्चिमाञ्चल साहित्य परिषद्बाट प्रकाशित यस कृतिमा जम्मा ४४ वटा नियात्राहरू समावेश भएका छन् । कार्की एक्लै जापान भ्रमणको यात्रामा आफ्नै माइलो छोरा परमेश्वर कार्कीले हिरोसिमा जिल्लाको तोयोसाका निवासी युमीको शिगेनोबुसँग विवाह गरी सपरिवार हिरोशिमा नगरको मिनामीसेन्दा निसी माचीमा बसेको हुँदा भेटघाटका क्रममा निस्केका छन् । त्यसैले यस कृतिका नायक लेखक आफै छन् ।

यात्रा अवधिभर भोगेका भोगाइ वा समेटिएका अनुभूति नै कृतिको विषयवस्तु हो । भ्रमण गर्दा लेखक हरेक विषयसंग सम्बन्धित रहन्छन् । यसैगरी भ्रमणमा देखिएका रोचक मनोरम दृश्यहरू, आधुनिक भौतिक सुविधाका उपकरणहरू ऐतिहासिक प्रसङ्ग राष्ट्रिय सन्दर्भ, सांस्कृतिक चर्चा, कला, सङ्गीत आदि विषयसँग घुलमिल भएर तत्तत् विषयको सम्भmना भ्रमण भित्र उल्लेख पाइन्छ । आफ्नो यात्राको वास्तविकतालाई स्पष्ट पार्न ठाउँठाउँमा फोटा चित्रहरू पनि समावेश गरिएका छन् । ती तस्विरहरूले वास्तविकतालाई अझ स्पष्ट पारेका छन् । यहाँ यात्राकारको इच्छा भ्रमण गरेर त्यसबाट प्राप्त अनुभवहरूलाई पाठक समक्ष वितरण गर्नु रहेको छ । कृतिको आकार जम्मा ७८ पृष्ठभित्र उनका रचनाहरू अटाएका छन् भने सुरुका पृष्ठमा प्रकाशकीय, भूमिका, समीक्षा साथै रु. ७५ मूल्य राखिएको छ । कृति भित्रका जम्मा ४४ वटा रचनाहरूमा सबैभन्दा लामो 'मानवीय सेवा सम्बन्धमा बाबु छोराको संवाद' (पृ. ७१) रहेको छ भने सबैभन्दा छोटो रचना 'क्योटो भ्रमण' (पृ. १७) रहेको छ । प्रायः रचनाहरू ठीक्कका र एक बसाइँमा पढ्न सकिने छोटा-छोटा आयतनका छन् ।

'मेरो जापान भ्रमण' नामक यात्रासंस्मरणलाई सजीव तुल्याउन विभिन्न चित्रहरू समेत समावेश गरिएका छन् । जुन चित्रहरूले वर्णनलाई अझ प्रमाणिक गरेका छन् । जुन ठाउँमा लेखक घुम्दछन् त्यस ठाउँको वर्णन र चित्रले रचना ज्वलन्त बन्न पुगेको छ । आवरण पृष्ठमा सेतो ओहासी पुल संसारकै लामो तथा

ठूलो रेल र बसको मिश्रित चित्ताकर्षक आवरणले पुस्तकलाई अझ रोचक र आकर्षक  बनाएको छ । मुख्यतः यात्राकार कार्की यात्रामा मात्र सीमित छैनन् । यात्राबाट समेटिएका अनुभवहरूलाई चित्र वा दृश्यका माध्यमबाट सम्पूर्ण नेपाली जनमानसमा विदेशी रमझमलाई छर्लङ्ग पार्न चाहन्छन् । विदेश नगए पनि साँच्चै नै विदेश भ्रमण गरेर फर्किएको अनुभूति पुस्तकमा रहेको चित्रहरूले गराएका छन् ।

राम्रा कुरा मात्र यात्रा वर्णनको विषय होइन भन्ने राम्ररी बुझेका लेखकले नराम्रो चलनलाई पनि छोडेको पाइँदैन । यस पुस्तकमा प्रयोग भएको भाषाशैलीलाई हेर्दा छोटाछोटा वाक्य कतैकतै अंग्रेजी आगन्तुक शब्दको प्रयोग भए पनि उनको शैली मिठो छ । छोटाछोटा वाक्यहरूको प्रयोगले गर्दा भाषा काव्यात्मक बनेको छ । कार्कीले देशविदेश घुम्ने क्रममा यात्रामा आइपर्ने समस्याहरू तथा विदेशीहरूले नेपालीहरूप्रति गर्ने स्नेह तथा व्यवहारलाई संस्मरण मार्फत प्रस्तुत गरेका छन् ।

नेपाली परिवारका सदस्यहरू स्वदेशमा मात्र सीमित नरही नेपाल देखि जापानसम्म पुग्दाका अनि त्यहाँ बसी आफ्ना कार्यक्रमहरू प्रस्तुत गर्ने खाने, बस्ने, सुत्ने, नुहाउने, चालचलन लगायतका सम्पूर्ण कुराहरूको रोचक तरिकाले वर्णन गरेका छन् । योगेश्वर कार्कीको यो यात्रासंस्मरण पढ्दा लाग्छ उनी संस्मरणका क्षेत्रमा देखा परेका विशिष्ट प्रतिभा हुन् ।

## ४.५ 'विविध रस' क्यासेट एल्बमका गीतहरूको अध्ययन

योगेश्वर कार्कीको 'विविध रस' क्यासेट एल्बमका गीतहरू 'संयुक्त रस पात्र' कवितासङ्ग्रहका सातवटा र एउटा 'दर्शन देऊ प्रभु' गरी जम्मा आठ गीतहरू रहेका छन् । यी सातवटा गीतमा सङ्गीत आफै र एक गीत 'राष्ट्र बनाउनेलाई' (कवाली) मा जनार्दन समको छ भने 'दर्शन देऊ प्रभु' को स्वर तुलसी न्यौपानेले स्वरवद्ध गरेका छन् । बाँसुरी बलराम समाल, तबला र मादलमा खर्कबुढा, हारमोनियम तुलशी न्यौपानेको छ । जाजरकोटी लोक गीतमा

प्रश्नको स्वर खर्कबहादुर बुढा र उत्तरमा स्वयम् कार्कीकै छ । यस क्यासेट एल्बमका गीतहरूमा आध्यात्मिक भजन, लोकगीत, भ्याउरेगीत रहेका छन् । प्रस्तुत एल्बमको विश्लेषणको सन्दर्भमा शीर्षक, संरचना, विषयवस्तु,भाव तथा विचार, लयविधान, बिम्ब-प्रतीक तथा भाषाशैलीलाई आधार बनाइएको छ । उनका गीतहरूलाई निम्नानुसार देखाइन्छ :

| **साइड- ए** | **साइड -बी** |
|---|---|
| १. ॐ कोटेश्वर, (भजन) | ५. साइ भजन |
| २. राष्ट्र बनाउनलाई (कवाली) | ६. रक्सीले विगाऱ्यो |
| ३. लोक गीत (सिङ्गास) | ७. समयको महत्त्व |
| ४. चरित्रवानले घरदेश बनाउँछ | ८. दर्शन देऊ प्रभु (भजन) |

### १. शीर्षक

गीतकार कार्कीका यी गीतहरूको शीर्षक तीन प्रकारले दिइएको छ, स्थायी भागबाट, अन्तरा भागवाट र केन्द्रीय भाववाट । शीर्षक दिइएका गीतहरू शीर्षक अनुरूप नै अगाडि बढेका हुँदा सार्थक पनि छन् । उनका गीतहरू प्रायः सबैजसोमा आफ्नै स्वर, सङ्गीतले गाइसकेका हुँदा सुन्दा कर्णप्रिय पनि छन् ।

### २. संरचना

गीतको आयाम सामान्यतः सङ्क्षिप्त हुनु आवश्यक मानिन्छ । गीति लयमा लामो भयो भने भावको तीव्र प्रक्षेपमा क्षति पुगी वस्तुपरकताको प्रवेश हुन सक्छ । यस सन्दर्भमा गीतमा यति नै पङ्क्ति हुनुपर्छ भन्ने त्यस्तो कठोर नियम देखिँदैन ।[९५] गीतकार कार्कीद्वारा लिखित गीतहरू पनि चार देखि सात

[९५] कृष्णहरि बराल, *संदृष्टि,* (काठमाडौं : साझा प्रकाशन, २०५५), पृ. ७ ।

अनुच्छेदमा संरचित छन भने स्थायी भागको पुनरावृत्ति सहित ३७ पङ्क्ति सम्मको संरचनामा संरचित देखिन्छ ।

**३. विषयवस्तु**

गीतमा व्यक्तिको तीव्र अनुभूतिको अभिव्यक्ति हुन्छ । कविता बौद्धिक हुन्छ र विचारोत्तेजक हुन सक्छ तर गीत मूलतः भावात्मक हुन्छ । गीतमा विचारको सूक्ष्म रूप हुन्छ तर भावको सघनता हुन्छ । त्यसैले गीतमा भावात्मकता हुन्छ । गीति संरचनामा एकोन्मूखताको निर्वाह हुनु आदश्यक छ ।[९६] गीतकार कार्कीका गीतहरूको विषयवस्तु कवि कल्पनाद्वारा सिर्जना गरिएको देखिन्छ । उनका यस क्यासेट एल्बमका गीतहरूमा ईश्वरप्रति भक्तिभाव भएका स्तुतिगानका भजन, चरित्रसुधार, समयको महत्त्व, राष्ट्र निर्माण र लोकगीत आदिलाई विषयवस्तु बनाएर मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । आञ्चलिक वस्तु बोकेको जाजरकोटका लोकगीत केही प्रश्नोत्तर यस्ता छन् :

*प्र. पानीको मूल सुक्यो भन्छन् तल ढुङ्गेधारा,*
*आकाशमा कति हुन्छन् गनी भन तारा ?*
*उ. धेरै नै बलिया हुन्छन् बनेलका दारा,*
*गाईका जीउमा रौं जति छन् त्यतिनै छन् तारा ।*

'विविध रस' गीति क्यासेटमा सङ्कलित

माथिका यस्ता प्रश्न उत्तर सम्बन्धी गीतहरूलाई जाजरकोटमा बाजा लाग्ने भन्दछन् । प्रश्न कर्ताले प्रश्न गर्दै जान्छ र उत्तर दिनेले उत्तर दिन नसकेमा उसको हार स्वीकार हुन्छ ।

**४.भाव तथा विचार**

भाव तथा विचारको आधारमा अध्ययन गर्दा आध्यात्मिक जीवनबोध गर्ने खालका भावहरू नै मुख्य रूपमा आएको पाइन्छ भने रक्सीले बिगाऱ्यो,

---

[९६] मोहनहिमांशु थापा, *साहित्य परिचय,* चौ.सं., (काठमाडौं : साझा प्रकाशन, २०५०), पृ. ४४ ।

चरित्रवान, समयको महत्त्व जस्ता भावका गीत पनि छन् । भजन मार्फत कार्कीले ईश्वरप्रति अगाध आस्था राखेको पाइन्छ । मानिस स्वभावैले आध्यात्मिक हुन्छ तर उ यसतर्फ आफूलाई समस्याहरू आइपरेपछि मात्र आकर्षित हुन्छ । दुःख परेको वेलामात्र ईश्वरलाई सम्भन्नु स्वार्थी कुरा हो । सबै मानवले धर्म कर्म र परोपकार आफू सक्षम भएकै बेलामा गर्नुपर्दछ । दुःखको सागरबाट पार पाउन ईश्वरलाई हामीले सधै सम्झिनु पर्छ । ईश्वरले विभिन्न देवी देवताको रूप लिएका छन् । त्यसकारण देवी देवताको आराधना गरेमा ईश्वरले पनि आफूलाई हेरि दुःख कष्ट नाश गरिदिन्छन । सुख शान्ति पनि प्राप्त हुन्छ भन्ने भक्ति भावहरू भजनहरूमा व्यक्त भएको पाइन्छ । यसरी हेर्दा उनी भजनहरूमा ईश्वरवादी तथा अध्यात्मवादी बनेका छन् ।

### ५. लयविधान

योगेश्वर कार्कीका 'विविध रस' क्यासेट एल्बमका अधिकांश गीतमा लोकलयको प्रभाव बढी मात्रामा परेको छ । ती लोकगीत बढी प्रवाहमय, सशक्त र हृदयस्पर्शी लाग्छन् । १४ वर्णगत समूहमा गति र यति भएको एउटा गीतको उदाहरण यस्तो छ-

*काम क्रोध लोभ मोह महाशत्रुहरू,*
*दमन गर्ने शक्ति देउ सद्बुद्धि अरू ।*

(ॐ कारेश्वर, पृ. १)

### ६. बिम्ब-प्रतीक

योगेश्वर कार्कीका गीतहरूमा बिम्ब तथा प्रतीकहरूको प्रयोग भएको पाइन्छ । उनको 'विविध रस' का गीतहरूमा बुद्ध, इशु, ज्वाला, गंगा, नौनी, बज्र, बनेल, दारा, तारा, जस्ता बिम्ब-प्रतीक बनेर आएको देखिन्छ । तारा-चम्किलो बस्तुको प्रतीक बुद्ध-शान्तिको प्रतीकका रूपमा प्रयोग छन् ।

### ७. भाषाशैली

कार्कीका गीति क्यासेट एल्बमका गीतहरूमा गीतिभाषाको प्रयोग भएको छ । शब्द र लयमा समेत गीतिगुण यथेष्ट पाइन्छ । सरस र सरल लोक भाषाको प्रयोगले कतिपय गीत लोकगीतझैं अथवा लोकगीत नै बनेका छन् । प्रायः स्तरीय नेपाली भाषाको प्रयोग भएको छ । कथ्य भाषाको प्रयोग उचित देखिन्छ । अनेपाली शब्दहरूको प्रयोगबाट कार्की अछूत रहन सकेका छैनन् । तिनमा आगन्तुक, तद्‌भव र सस्कृत तत्सम शब्दहरू मुख्य छन् । कतैकतै झर्रो या स्थानीय शब्दको प्रयोग पाइन्छ । शैलीमा मुख्यतः नेपालीपन नै रहेको छ ।

## ४.६ योगेश्वर कार्कीका फुटकर लेखहरूको सामान्य अध्ययन

- 'जाजरकोट जिल्लामा मुडुल्का कार्कीहरू'
- 'डा. हरिप्रसादः, जाजरकोट र म'
- 'जाजरकोट जिल्लामा बोलिने नेपाली भाषा'

'जाजरकोट जिल्लामा मुडुल्ला कार्कीहरू'[९७] शीर्षकमा योगेश्वर कार्कीले आफ्ना नालीबेली पैल्याई पुर्खाहरूको उद्‌गमस्थल, जातको पहिचान, जनसङ्ख्या र जातबाटै ठाउँको नामकरणका बारेमा प्रष्ट गर्दै आफ्नो वंशको परिचय दिन पुगेका छन् । पुर्खाका शाखा सन्तानका नामहरू जाजरकोट राज्यकालमा यहाँका राजासँगै रहेको ऐतिहासिक चर्चा दिदै बसाइँ सरेर कहाँकहाँ गएका थिए भन्ने कुराहरूको उल्लेख छ । कार्कीले आफ्ना मौद्‌गल्य गोत्रका मुडुला कार्कीहरूको नामावलीको सिंहावलोकन गर्दै आफ्नो परिचय अध्यावधिक बनाउनु हो । इतिहासको ज्ञानबाट नै वर्तमानको विश्लेषण गर्न सकिने हुनाले आफ्ना वंशको परिचयका साथै राम्रानराम्रा कामहरूको विवरण उनीहरूले गर्दै आएका पेसाहरू तथा शिक्षादीक्षा आदि  कुराहरूको विवरण राख्न सकेमा समाजको लागि ठूलो कार्य ठहरिन्छ भन्ने उनको निचोड रहेको पाइन्छ ।

---

[९७] योगेश्वर कार्की, "जाजरकोट जिल्लामा मुडुल्ला कार्कीहरू", युवराजसिंह कार्की (सं.), *सउना वंशावली,* भाग- १, (मुडुला कार्की वंशावली), (ललितपुर : श्री मुडुला कार्की कुलायन व्यवस्था समिति २०५७), पृ. २१८-२२० ।

अन्त्यमा मान्छेलाई आफू जन्मेको ठाउँ प्यारो लाग्छ । आफ्ना आमाबाबुहरू प्यारा लाग्छन, आफ्ना अतीततिर फर्केर सबैकुरा जान्न मन लाग्छ । आफ्ना वंशको अध्यावधिक परिचय गराउने हेतुले कार्कीले यो अनुसन्धानमूलक लेख तयार पारेकाले उनका वंशका निम्ति महत्त्वपूर्ण र उपलब्धिमूलक रहेको छ ।

डा. हरिप्रसाद:, जाजरकोट र म[९८] नामक संस्मरणात्मक लेखमा योगेश्वर कार्कीले पहरा र कन्दराहरूमा फुलिरहेका सुन्दर फूलहरू मध्येकै एक श्रद्धेय गुरु डा. हरिप्रसाद पोखेलले 'योगी बनौं, योग सिकायौ' भन्ने एउटा व्यक्तिको शुद्ध भावनाले गरेका सिर्जनात्मक र रचनात्मक कार्यले व्यक्ति र समाजलाई रूपान्तरणको कति उचाइ र गहिराइ दिन सक्दो रहेछ भन्ने कुराको चर्चा गरेका छन् । डा. हरिप्रसादले योग एवम् प्राकृतिक चिकित्साको पुनरुत्थानबाट नेपालमा जडिबुटीको औषधीय महत्त्व, जीवनशैली, स्वास्थ्य र दिब्य जीवनको कला आदिका क्षेत्रमा प्रयोगात्मक चेतना जगाउने क्रममा जाजरकोट जिल्लावासीहरूलाई समेत अस्वस्थकर जीवनशैलीको वंशाणुगत एवम् सामाजिक जडसूत्र तोडिदिएको कुरालाई उल्लेख गरेका छन् । नेपाल प्राकृतिक रूपमा सम्पन्न भए पनि त्यसको सदुपयोग गर्न नसक्नुले दुःखद भएको धारणा व्यक्त भएको पाइन्छ । यसरी डा. हरिप्रसादलाई जाजरकोट जिल्लामा विद्यमान रहेको अशिक्षा, गरिबी, रोग जस्ता पक्षलाई हटाउँदै स्थानीय समाजलाई जागृति र चेतनाको दिशामा अग्रसर गराउने अविस्मरणीय व्यक्तिका रूपमा लिएका छन् ।

'जाजरकोट जिल्लामा बोलिने नेपाली भाषा'[९९] शीर्षकको लेखमा योगेश्वर कार्कीले यस जिल्लामा बोलिने भाषा नेपाली नै हो तर स्तरीय नेपाली भाषाका सन्दर्भमा जाजरकोटी भेदको भाषिकालाई चिनाउने सङ्केत गरेका छन् । उनले स्तरीय नेपालीसँग यस जिल्लामा बोलिने भाषिक भेदको चर्चा गर्दै केही

---

[९८].योगेश्वर कार्की, "डा. हरिप्रसाद :, जाजरकोट र म", बबिता घिमिरे (सं.), *स्वास्थ्यसूत्र,* तृ. सं., (पाल्पा : केन्द्रीय कार्यालय हरिप्रसाद : मिसन, २०६०), पृ. अग्रभाग ।

[९९] राजेश्वरबाट प्राप्त शोधनायकको हस्तलिखित पाण्डुलिपि (पूर्णाङ्क-३२, २०५६ सालको, 'उन्नयन', मा प्रकाशित) का आधारमा ।

शब्दहरूलाई फरक समेत देखाएका छन् । नेपालभित्र हिमाली, पहाडी र तराई भेगमा बोलिने नेपाली भाषामा पनि एक रूपता पाइँदैन् भने देशका कतिपय भेगमा आ-आफ्नै स्थानीय भाषिकाको प्रयोग गर्ने भएकोले स्तरीय नेपालीका दृष्टिले त्रुटिपूर्ण हुन्छ भनेका छन् । नेपाली भाषा एउटा माध्यम र सम्पर्क भाषा मात्र नभएर साझा भाषा पनि हो । त्यसैले स्तरीय र ग्रामीण नेपाली भाषाको बीचमा रहेको भाषिक भेदलाई पन्छाउने काममा नेपाली भाषाको प्रयोग अनिवार्य हुन आउँछ । मानक भाषाका रूपमा विकसित नेपाली भाषामा भाषिक नियमबद्धता, जीवन्तता, लोकप्रियता, सरलता र अन्य ऐतिहासिक विशेषता पाइन्छन् । यिनै विशेषतालाई मध्यनजर गर्दै स्थानीय परिवेशको आफ्नो भाषालाई सबैले माया गर्नुपर्छ, यसको मतलब यो होइनकि अन्य भाषालाई उपेक्षाको दृष्टिले हेर्नुपर्छ । नेपाली भाषालाई स्तरीकृत बनाउनुका साथै सबैले बोल्ने र बुझ्ने भाषाको प्रयोग हुनु भनेको अवश्य पनि सकारात्मक पक्ष भएकाले यसलाई सरलीकरण तथा सामान्यीकरण बनाउनु अत्यन्तै आवश्यक देखिन्छ । नेपालको राष्ट्रिय सस्कृतिलाई जोगाई राख्ने क्रममा नेपाली भाषाको व्यापक विस्तार गर्नु आवश्यक देखिन्छ । तसर्थ एउटा गतिशील र उन्मत समाजको निर्माणमा भाषाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । राष्ट्रविकास र उन्नतिका बाटामा आइपर्ने थुप्रै समस्याको समाधान गर्न पनि भाषाको माध्यम सराहनीय हुने धारणा व्यक्त गरेका छन् ।

# परिच्छेद-पाँच

## उपसंहार

वि.सं. १९९० वैशाखमा जाजरकोट जिल्लाको राधाकृष्ण टोलमा जन्मिएका योगेश्वर कार्कीको अध्ययन यू.पी. बोर्ड भारतबाट १० कक्षासम्मको मात्र देखिन्छ । उनी केही समय शिक्षक तथा समाज सेवाको कार्यमा अग्रसर भए । यसपछि साहित्यिक कार्यमा आफ्नो जीवनको करिब सात दशक जति समय पूरा गरेका प्रतिभा हुन् । शिक्षादीक्षाको क्रम पनि पूरा नगरी नै जीविकोपार्जनका लागि कार्य क्षेत्रमा प्रदेश गरेका कार्की साहित्यसँग सम्बन्धित सार्वजनिक कार्यहरूमा संलग्न रहने गरेको पाइन्छ ।

साहित्यिक सिर्जनामा मात्र सीमित नरही साहित्यको सेवामा समर्पित कार्की पुस्तकालय संस्थापक र प्रकाशक पनि हुन् । उनले नेपाली भाषा, इतिहास, शिक्षा, अनुसन्धानमूलक लेखहरू प्रकाशित गरेका छन् । आफ्नै नामबाट **योगेश्वर कार्की पुस्तकालय** को स्थापना गरी कार्की नेपाली साहित्य, भाषा र संस्कृतिको विकासमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तित्व हुन् । २०११ सालतिर कवितालेखनबाट साहित्य साधनातर्फ अग्रसर भए पनि साहित्यकार कार्कीका कृतिको प्रकाशनयात्रा भने वि.सं. २०२६ मा 'राष्ट्रिय सङ्गीत सुधा' गीतसङ्ग्रह प्रकाशित गरेर सुरु भएको हो । पहिलेका कविता हाल अप्राप्त भएकाले उनको औपचारिक साहित्ययात्रा २०२६ सालदेखि आरम्भ भई करिव पाँच दशक लामो रहेको छ । लेखन तथा सिर्जनामा मात्र एकलौटी समय दिन नपाए तापनि विविध संघसंस्थाहरूमा संलग्न रहँदै आएका कार्कीको अधिकांश समय साहित्यिक गतिविधिसँग सम्बन्धित रहेको छ । साहित्ययात्राको प्रारम्भदेखि अन्त्यसम्मको अवधिमा उनी कविता, गीत, यात्रासंस्मरण र नाटक आदि विधामा साधनारत देखिन्छन् । कार्कीका तीनवटा पुस्तकाकार कृतिहरू र एउटा 'विविध रस' गीति एल्बम प्रकाशित भइसकेका छन् । उनका प्रकाशित कृतिहरूमा 'राष्ट्रिय सङ्गीत सुधा' (गीतसङ्ग्रह, २०२६), 'मेरो जापान भ्रमण' (यात्रासंस्मरण,

२०५७) र 'संयुक्त रस पात्र' (कवितासङ्ग्रह, २०५९) रहेका छन् । 'विविध रस' (२०५९) मा सार्वजनिक गीति एल्बम् तथा बेलाबेलामा नेपाली साहित्य र भाषाका फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा प्रकाशन गर्ने काम पनि कार्कीबाट भएको छ ।

योगेश्वर कार्कीको पहिलो प्रकाशित कृतिदेखि अन्त्यसम्मको करिव पाँच दशक लामो साहित्य यात्रामा मोटामोटी दुई घुम्ती वा चरणहरू देखिन्छन् । यी दुई चरणहरू मध्ये पहिलो चरण वि.सं. २०११ देखि २०२६ साल अन्तर्गत 'राष्ट्रिय सङ्गीत सुधा' गीतसङ्ग्रह' को प्रकाशन सम्मलाई राखिएको छ ।

कार्कीका पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेपछि मात्र उनको साहित्य यात्राको दोस्रो चरण २०२७ देखि वि.सं. २०६१ सम्म देखा पर्छ । पहिलो चरणका कृतिमा भन्दा दोस्रो चरणका कृतिमा केही शान्तपन र परिष्कार आउनु नै उनको प्रवृत्तिमा आएको परिवर्तन हो । यस चरणमा उनका रचनाहरूमा परिष्कृत र तथ्यगत गुण प्रशस्त भेटिन्छन् । उनको साहित्ययात्राको दुवै चरणमा गद्य र पद्य लेखनमा नै बितेको देखिन्छ । सिङ्गो साहित्ययात्राको प्रकाशित सङ्ग्रह तथा पुस्तकाकार कृतिहरूलाई विधागत दृष्टिले हेर्दा गीत, कविता, यात्रासंस्मरण रहेका छन् ।

कार्कीको साहित्य यात्राका क्रममा कविता विधालाई हेर्दा लघु आकारदेखि मध्यम आकारसम्मका कविता देखिन्छन् । यिनका कविताहरूमा विविध विषयवस्तुहरूको प्रस्तुतिभित्र ईश्वरीय महिमा तथा धर्म, राष्ट्रियता, प्रकृतिप्रेम, मानवतावादी, व्यङ्ग्य जस्ता प्रवृत्तिहरू पाइन्छन् । साङ्गीतिकता र लयात्मकताका दृष्टिले उनका छन्दमुक्त गद्यकविताहरू पनि अन्तरलयात्मक र अन्तरसङ्गीतात्मक छन् । उनका कविताहरू समाजमा व्याप्त विविध विकृति, विसङ्गतिको व्यङ्ग्यात्मक प्रस्तुतिमा बढी उन्मुख र सक्रिय छन् ।

कविता विधाबाट साहित्ययात्रा सुरु गरेका योगेश्वर कार्कीका परिमाणात्मक दृष्टिले गीत, कविता, र यात्रासंस्मरण कृतिहरू बराबर उर्वर

देखिन्छन् । साहित्य यात्राको पहिलो चरणदेखि नै पद्यमा सफलता हाँसिल गरिसकेका कार्कीले यस कविता रचनाहरूमा आफूलाई भिजाउन पुगेका छन् । उनको गद्यलेखनमध्ये यात्रासंस्मरणलाई पनि राम्रो स्थानमा लिन सकिन्छ । जीवन भोगाइका क्रममा देखिने सामाजिक, आर्थिक, समसामयिक विविध विसङ्गतिलाई सरल, सरस ढङ्गले प्रस्तुत गरिएको छ । उनको गद्यलेखनमा भावपक्ष क्लिष्ट भए पनि प्रस्तुतीकरणको भाषाशैली सरल किसिमको छ । नेपाली भाषाका प्रचलित शब्दका साथै केही अनेपाली शब्दहरू पनि उनका रचनाहरूमा पाइन्छन् ।

योगेश्वर कार्कीका एउटा सङ्ग्रहमा सङ्कलित रचनालाई अर्को सङ्ग्रहमा पनि समावेश गर्न पुगेको देखिन्छ । जस्तै, 'राष्ट्रिय सङ्गीत सुधा' (२०२६) गीतसङ्ग्रहमा सङ्कलित रचनाहरू 'संयुक्त रस पात्र' (२०५९) कवितासङ्ग्रहमा पनि समावेश गर्न पुगेका छन् । यसरी उनका पुस्तकाकार कृतिहरूको विधागत, संरचनागत तथा समय प्रवृत्तिगत एकरूपता पाइँदैन ।

नेपाली साहित्यको विविध विधामा कलम चलाउनुको साथै विविध संघ, संस्थामा संलग्न रहेका कार्कीले साहित्यको सिर्जना, विकास र सम्बर्द्धनमा निकै योगदान दिदै आएका छन् । दीर्घ साधनाबाट परिपक्व साहित्यकार तथा साहित्यसेवी कार्कीको व्यक्तित्व र योगदान अनुकरणीय छ । उनी नेपाली साहित्यका अध्यात्मवादी, मानवतावादी तथा व्यङ्ग्यवादी साहित्यकार हुन् । उनका कवितामा यथार्थको छाप पनि पाइन्छ ।

उनी **योगेश्वर कार्की पुस्तकालय** लगायत साहित्यिक र सामाजिक संघ संस्थाहरूमा आबद्ध रहेको देखिन्छ । उनले जाजरकोट जस्तो विकट क्षेत्रमा नेपाली साहित्य, भाषा, संस्कृति र समाजसेवा जस्ता परिवृत्तमा आफूलाई पूर्ण, सङ्कलित गरेका छन् । कार्कीले जन्म थलोलाई नै मुख्य कर्मथलो बनाई साहित्य, संस्कृति र कलाको सिर्जनात्मक क्रियाकलापबाट नेपाली वाङ्मयका सबै अङ्गहरूको विकास, संरक्षण र सम्बर्द्धनमा आफूलाई समर्पित गरेको पाइन्छ ।

यस्ता राष्ट्रभक्त, मानवतावादी साहित्यकार योगेश्वर कार्कीबाट देशलाई ठूलो योगदान पुग्न सक्छ ।

## सम्भावित शोधशीर्षक

प्रस्तुत शोधपत्रलाई मुख्य रूपमा पाँच परिच्छेदमा विभाजित गरी प्रत्येक परिच्छेदमा शीर्षक र उपशीर्षक राखी अध्ययन गरिएको छ । नेपाली साहित्यमा बहुमुखी व्यक्तित्वका धनी योगेश्वर कार्कीको यस अध्ययनले उनको जीवनी, व्यक्तित्व र कृतित्वको विविध पक्षमा प्रकाश पार्नेछ । भावी अध्ययनका लागि उनका बारेमा अझ गहन र विशिष्ट अध्ययन गर्न निम्नलिखित शीर्षकहरू उपयुक्त हुन सक्छन् :

(क) 'संयुक्त रस पात्र' कवितासङ्ग्रहको कृतिपरक अध्ययन ।

(ख) 'मेरो जापान भ्रमण' यात्रासंस्मरणको कृतिपरक विश्लेषण ।

## सन्दर्भसामग्रीसूची

अधिकारी, हेमाङ्गराज, *पूर्वीय समालोचना सिद्धान्त,* (छै.सं.), काठमाडौं : साझा प्रकाशन, २०५६ ।

......... र बद्रीविशाल भट्टराई (सं.), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं : विद्यार्थी प्रकाशन, २०६१ ।

उपाध्याय, केशवप्रसाद, "मोतीरामको व्यक्तित्व र योगदान", *मोती स्मृतिग्रन्थ* काठमाडौं : नेपाली शिक्षा परिषद्, २०३९, पृ. ३९ ।

कार्की, युवराजसिंह (सं.), *सउना वंशावली,* भाग-१, (मुडुला कार्की वंशावली), ललितपुर : श्री मुडुला कार्की कुलायन व्यवस्था समिति, २०५७ ।

कार्की, योगेश्वर, *राष्ट्रिय सङ्गीत सुधा,* नेपालगन्ज : स्वयम् लेखक, २०२६ ।

.................., *मेरो जापान भ्रमण,* काठमाडौं : मध्यपश्चिमाञ्चल साहित्य परिषद्, २०५७ ।

.................., *संयुक्त रस पात्र,* जाजरकोट : योगेश्वर कार्की पुस्तकालय, २०५९ ।

खडका, रुद्र, "जाजरकोटका नमुना व्यक्तित्व",*नेपाल,* मासिक, १-५०, भदौ, २०६०, पृ. ५ ।

गिरी, मधुसूदन र अन्य, *मध्यपश्चिमका कविता,* काठमाडौं : मध्यपश्चिमाञ्चल साहित्य परिषद्, २०५३ ।

........., *भेरी अञ्चलको साहित्यिक इतिहास,* (सर्वेक्षण र विश्लेषण), काठमाडौँ: ने.रा.प्र.प्र.मा परियोजना अन्तर्गत तयार गरिएको शोधपत्र, २०६० ।

गौतम, कृष्ण, *आधुनिक आलोचना : अनेक रूप अनेक पठन,* साझा प्रकाशन, २०५० ।

घिमिरे, बबिता (सं.), *स्वास्थ्यसूत्र,* (तृ.सं.), पाल्पा : केन्द्रीय कार्यालय हरिप्रसाद : मिसन, २०६० ।

त्रिपाठी, वासुदेव र अन्य (सं.), *नेपाली कविता, भाग-४,* (ते.सं.), काठमाडौं : साझा प्रकाशन, २०५४ ।

थापा, मोहनहिंमाशु, *साहित्य परिचय,* (चौं. सं.), काठमाडौं : साझा प्रकाशन, २०५० ।

प्रधान, कृष्णचन्द्रसिंह (सं.), *साझा समालोचना,* (ते.सं.), काठमाडौं : साझा प्रकाशन, २०५४ ।

बराल, कृष्णहरि, *संदृष्टि,* काठमाडौं : साझा प्रकाशन, २०५५ ।

................, *गीत सिद्धान्त र इतिहास,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६० ।

माहिला, व्याकुल (प्रदीप राई) (सं.), *नेपाली गीतसङ्ग्रह,* काठमाडौंः चाँदनी प्रकाशन प्रा.लि., २०५९ ।

मिश्र, भगीरथ, *काव्यशास्त्र,* (द.सं.), वाराणसी : विश्वविद्यालय प्रकाशन, २०५० ।

शर्मा, मोहनराज, *समकालीन समालोचना : सिद्धान्त र प्रयोग,* काठमाडौं : ने.रा.प्र.प्र., २०५५ ।